# मूल्याङ्कन

विचार अन्तर्क्रियामुखी मासिक
पूर्णाङ्क ११२

## दशैं साहित्य-विशेष

**कथा**
गोविन्दबहादुर मल्ल 'गोठाले'
रमेश विकल

**कविता**
भूपी शेरचन
मोहन कोइराला

**के हो दशैं ?**
*-डी.आर. पोखरेल*

मूल्य रु. २५/-, भारतमा भा.रु. २०/-



## कस्तो छ जापान र स्वीडेनको संवैधानिक राजसंस्था ?



## यस्तो छ युद्धको तयारी




"केही सपना छोराछोरीले पूरा गर्छन्
केही सपना मायोज़ ले..."
आफ्ना उपभोक्ताहरूको हर-खुशीका पलहरूमा साथ दिन मायोज़ प्रस्तुत गर्दछ - १२३ मायोज़ डाइमण्ड अफर । १२३ वटा हिराका हारहरू तपाई र तपाईका प्रियजनहरूको लागि सर्वोत्तम उपहार ।
DIAMOND LOCKET
123 mayos Diamond अफर
१, २ र ३ नम्बर अंकित कुपनहरू जम्मा गरी मायोज़को पूरा प्याकेट मिलाउनुहोस् र नजिकको पसलबाट पाउनुहोस् १ (एक) प्याकेट मायोज़ तैयारी चाउचाउ सितैंमा
साथमा, दर्जनौं किसिमका मनमोहक BREAKIES
mayos
Wonderful Mayos Noodles
चाँडै गर्नुहोस्, यो योजना सीमित अवधिको लागि अधिराज्यभर लागू गरिएको छ ।
हिराका हारहरूका लागि नजिकको डिलर वा हिमालयन स्न्याक्सको मुख्य कार्यालयमा सम्पर्क गर्नुहोस् ।
उपहार सम्बन्धी सम्पूर्ण निर्णयहरू कम्पनीमा निहीत हुने छ ।
Avenues 2003

# मूल्याङ्कन

(विचार अन्तर्क्रियामुखी मासिक)

वर्ष- २१, पूर्णाङ्क- ११२
असोज-कार्तिक २०६०




**संरक्षक**
डा. मथुराप्रसाद श्रेष्ठ
**सल्लाहकार**
डा. कमलकृष्ण जोशी
डा. कृष्णबहादुर थापा
खगेन्द्र संग्रौला
चन्द्रराज ढुंगेल
डा. चैतन्य मिश्र
डी. आर. पोखरेल
पद्मरत्न तुलाधर
डा. भरत प्रधान
डा. महेश मास्के
महेश्वरमान श्रेष्ठ
प्रा. हर्षनारायण धौभडेल
**प्रधान सम्पादक**
श्याम श्रेष्ठ
**सम्पादक**
हरिगोविन्द लुइँटेल
**सम्पादक मण्डल**
गोविन्द वर्तमान
तुलसीदास महर्जन
राजेन्द्र महर्जन
विष्णुदेवी श्रेष्ठ
**प्रबन्ध निर्देशक**
स्नेह सायमि
**कार्यालय व्यवस्थापक**
वीरप्रसाद भँसारी
**बजार व्यवस्थापक**
दुर्गा खड्का
जमुनाप्रसाद चौधरी
**व्यापार प्रबन्धक**
श्रीबहादुर खड्का



**अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.**
का लागि सुवास श्रेष्ठद्वारा प्रकाशित
**कार्यालय**
"मूल्यांकन" मासिक
अन्तर्क्रिया प्रकाशन (प्रा.) लि.
क - ३/८०, टेकु, काठमाडौं-१२
फोन/फ्याक्स : २६८७९१ /२११०८५
पो. ब. नं. ७०५०, काठमाडौं
इमेलहरु : yuwa@ntc.net.np,
yuwamonthly@yahoo.com

**मूल्य : रु. २५/-**



## विश्वका सम्वैधानिक राजसंस्थाका उदाहरणीय मोडेलहरू

- कसरी पैदा भयो सम्बैधानिक राजसंस्था ?
- कस्तो छ स्वीडेनको सम्बैधानिक राजसंस्था ?
- कस्तो छ जापानको सम्बैधानिक राजसंस्था ?

## यस्तो छ युद्धको तयारी

बदलिएको युद्धनीति
फैलियो शत्रुको घेरा
हतियारको होड
बढ्दो सैनिकीकरण
वार्ताउन्मुख रणनीति



लडाकु जाति विशेषले नै दशैंलाई 'बहिष्कार' गर्न लाग्नु वास्तवमा आफ्नो इतिहासलाई बिर्सनु हो

—— डि.आर.पोखरेल

**दशैं विशेष**

○ कथाकार **खगेन्द्र संग्रौला** र कथाकार **नारायण ढकालले** छानेका दुई चर्चित कथाहरु

○ कवि **हरि अधिकारी** र कवि **श्यामलले** छानेका दुई चर्चित कविताहरु


**हाम्रो मूल्यांकन :**
दशैं तिहारसामु एकतर्फी नै भएपनि युद्धविराम होस् ४

**आवरण कथा :**
- विश्वका सम्वैधानिक राजसंस्थाका उदाहरणीय मोडेलहरु *-श्याम श्रेष्ठ* ५
- यस्तो छ युद्धको तयारी *-सुधीर शर्मा* १०

**घटना र प्रवृत्ति :**
- राजनीतिक निकासका लागि कूटनीतिक सक्रियताका सीमाहरु *-हरि रोका* १४
- के स्पष्ट गर्छन् वर्तमान घटनाक्रमहरुले ? *-अमर गिरी* ३७
- ब्रेक लागेको विश्व व्यापार संगठनको रेलगाडी *-अनिल भट्टराई* ४१
- कलमविरुद्ध बन्दूकहरु *-विनोद ढुंगेल* ४५

**विश्वग्राम :**
- फासीवादको उदय *-राजेन्द्र महर्जन* ३८

**साहित्य विशेष**

**कथा :**
- ज्ञानी मामा *-रमेश विकल* १६
- त्यो क्रान्तिको प्रतीक *-गोविन्दबहादुर 'गोठाले'* २३

**कविता :**
- हामी *-भूपी शेरचन* ३०
- सारङ्गी *-मोहन कोइराला* ३२

**संस्कृति :**
- दशैं शक्तिपूजाको अनुपम उदाहरण *-डी. आर. पोखरेल* ३४

**पाठकको कुरो :** ४६



आवरण सज्जा : टाइम्स क्रिएशन, पुतलीसडक, फोन: ४४१००५९ । इन्सेट फोटो : शाही सैनिकहरु । फोटो : नरेश श्रेष्ठ, ए.बी.सी. प्रेस फोटो एजेन्सी, फोन नं. ४२४६१२२ । कलर सेपरेशनः पोलिइमेज, फोनः ४२५२५७१ । कलाकारहरुः लक्ष्मण भुजेल, जि.डि. सारु, यति ग्राफिक्स, फोन : ४४३०७५२ । मुद्रणः इन्द्रेणी अफसेट प्रेस, फोनः ४७७१४४८ ।

# दशैं-तिहारसामु एकतर्फी नै भए पनि युद्धविराम होस् !

भदौको दोस्रो सातामा शान्तिवार्ता र युद्धविराम भंग भएयता माओवादीहरूले जुन प्रकारको विभत्स व्यक्तिहत्याको श्रृंखला चलाएका छन्, त्यसले माओवादीको पक्षमा रहिरहेको जनसहानुभूति र जनसमर्थनलाई निकै तीव्र गतिमा स्वाहा पार्दै लग्दैछ । सर्वसाधारण जनतामा विभत्स व्यक्तिहत्याले के सन्देश प्रवाहित गरिरहेको छ भने, क्रान्तिकारी भनिएका माओवादीहरू पनि त्यत्तिकै बर्बर, अमानवीय र विवेकहीन छन्, जति प्रतिक्रियावादी भनिएको राज्य छ । श्वेतसत्ताभन्दा क्रान्तिकारी लालसत्ता चलाउन खोज्नेहरू निकै जनमुखी छन्, विवेकशील र मानवीय छन् भन्ने व्यवहारतः देखिएपछि नै सर्वसाधारण जनताले त्यस्तो नयाँ सत्ताको समर्थन र सफलताको कामना गर्ने कुरो हो । उनीहरू पनि श्वेतसत्ता चलाउनेहरूसरह नै क्रूर, अमानवीय र कुसंस्कृत देखिएपछि जनताको दिलभित्र उनीहरूको सफलता र सत्ताको कामना कसरी पलाउँछ ?

हामीलाई लाग्दछ, क्रान्तिकारी शक्तिले त आफ्नो मुख्य वैरीमा मात्र त्रास पैदा गर्ने हो, सर्वसाधारण जनताको त उनीहरूले मन जित्ने काम पो गर्नुपर्छ । कुनै पनि जनयुद्धमा, अझ विदेशी हस्तक्षेपको टड्कारो संभावना भएको अहिलेको जस्तो युद्धको परिस्थितिमा त निर्णायक कुरो बन्दूक र सेना कदापि हुँदैनन्, जनताको मन जित्ने काम र व्यवहार, कार्यक्रम र नीतिले पैदा भएको व्यापक जनमत र जनसमर्थन नै आफ्नो अस्तित्व र विजयको निम्ति निर्णायक कुरा हुन्छ । तर यतिबेलाको सबैभन्दा चिन्ताजनक कुरा के देखिन्छ भने माओवादी अगुवाहरू र लडाकूहरूले कुनै पनि काम-कारवाही र निर्णय गर्दा वास्तविक जनमत र जनसमर्थनको स्थिति र दिशाको खासै ख्याल राखिरहेको देखिँदैन । जनमत र जनसमर्थनका हिसाबले दीर्घकालीन रूपले जतिसुकै नोक्सानदायी भए पनि फौजी हिसाबले तात्कालिक फाइदा हुनासाथ आँखा चिम्लेर कामकुरो गरिहाल्यो- यस्तो अन्धसैन्यवादी प्रवृत्ति माओवादी नेता कार्यकर्ताहरूमा यतिबेला छ्यापछ्याप्ती देखापरिरहेको छ । यो ज्यादै ठूलो अनिष्टको संकेत हो । थप जनताको मत जित्ने त टाढैको कुरा रह्यो, भइरहेको जनसमर्थन र जनमत थाम्ने कामसमेत माओवादीहरूबाट भइरहेको देखिँदैन । माओवादीहरू यतिबेला उनीहरूकै अन्ध गतिविधिका कारणले चारैतिरबाट एक्लिँदैछन् ।

सबैलाई थाहा छ, वार्ता भाँड्ने काम यथार्थमा र मूल रूपमा सरकार र सरकारी सुरक्षा निकायले गरिआएका थिए । तर वार्ताको टेबुल छोड्ने काम हतारिएर माओवादीले गरे । जगजाहेर छ, युद्धविराम भंग गर्ने काम रामेछापको दोरम्बा घटना घटित गराउनेहरूले गरेका थिए, तर युद्धविराम भंगको घोषणा गर्ने काम हतारोमा माओवादीले गरे । जनमत र जनसमर्थनका हिसाबले जसले गल्ती गरेको छ उसैका थाप्लामा सर्वसाधारणले समेत प्रष्ट बुझनेगरी वार्ता र युद्धविराम भंग गरेको दोष जाने स्थिति सृजना गर्नमा माओवादी नेतृत्वको ध्यान किन गएन ? के दोरम्बा घटना घटित हुनासाथ तुरुन्त वार्ता भंग गरेर घटनाको न्यायिक छानविन र दोषीमाथि कडा सजायँको समेत माग गर्दै स्वीकार्य अग्रगामी निकासको मूर्त प्रस्ताव ल्याउनका निम्ति १०-१५ दिनको अल्टिमेटम दिने बुद्धिमानी माओवादी नेतृत्वले गरेको भए त्यसले जनमत र जनसमर्थनको दृष्टिकोणबाट अहिलेको भन्दा निक्कै अनुकूल स्थिति ल्याउन्नथ्यो ? त्यो अल्टिमेटमले पाँच पार्टीको आन्दोलनलाई पनि सकारात्मक ढंगले सघाउँदैनथ्यो ?

अहिले माओवादीको युद्धविराम र शान्तिवार्ता भंग गर्ने एकतर्फी घोषणाको हतारोले शान्तिकामी जनताको मन उत्तिकै कुँड्याइरहेको स्थितिमा श्रीमतीको अगाडि श्रीमान् पत्रकारलाई खुकुरीले घाँटी रेटेर बर्बर हत्या गर्ने, बालक र सर्वसाधारण जनताको सजिलै ज्यान जानसक्ने संवेदनशील सार्वजनिक ठाउँमा बम राख्ने र विष्फोट गराउने, सुराकी भनिएकाहरूलाई पनि अत्यन्त क्रूर र विभत्स ढंगले मार्ने, पाँच सात हजारको मासिक तलब खाने निम्नपूँजीपति वर्गका कर्मचारी वा शिक्षकलाई डेढ दुई लाखको चन्दा तोक्ने, नत्र भौतिक कारवाही गर्ने धम्की दिने, परिवारको एकजनाले गल्ती गऱ्यो भने सिंगै परिवारलाई उठीबास गर्नेजस्ता अत्यन्त अमानवीय र विवेकहीन काम-कारवाहीहरू माओवादीकातर्फबाट हुन थालेको देखिएको छ । यस्ता क्रूर र विवेकहीन काम-कार्वाहीले जनताको मन जित्ने काम त हुँदैहुँदैन, पक्षमा भएको जनमत र जनसमर्थन पनि तीव्र गतिमा भाँड्ने काममात्र हुन्छ । अहिले त्यही भइरहेको छ ।

हो, युद्ध भनेको भोजभतेर गरेजस्तो चट्ट मिलेको, भूल-त्रुटिविनाको कतै हुँदैन । तर जनयुद्ध भनेको समग्र जनमत र जनसमर्थन नै भाँडिने र उल्टो दिशामा जाने प्रकारको पनि त हुनुहुँदैन । एकाध गल्ती जहाँ जे गर्दा पनि हुन्छ, तर मूलभूत गतिविधि नै जनतामा क्रान्तिकारी शक्तिको क्रूर, अमानवीय र फासिष्ट छवि पैदा गर्ने प्रकारको हुनुहुँदैन । अहिले माओवादी पक्षबाट जुन प्रकारका काम-कारवाही भइरहेका छन्, त्यसले माओवादीलाई 'आतंकवादी'को बिल्ला भिराउन चाहनेहरूलाई मात्र वैधता प्रदान गर्ने कार्य गरिरहेको छ । त्यसले नेपालमा माओवादी दवाउने नाममा विदेशी हस्तक्षेप निम्त्याउन चाहनेहरूको अराष्ट्रिय स्वरलाईमात्र वैधता प्रदान गरिरहेछ । त्यसले माओवादीको भागमा केवल राजनीतिक एक्लोपनमात्र पैदा गरिरहेछ ।

साँच्चिकै जनयुद्ध लड्न चाहने शक्तिले निहत्था गैर-सैनिक नागरिकको हत्यालाई न्यून पार्न भरमग्दूर प्रयत्न गर्छ । क्रूर र विभत्स व्यक्तिहत्या सख्त रूपमा बन्द गर्छ । निःहत्था, निर्दोष सर्वसाधारण जनता अनाहकमा शिकार हुनसक्ने संवेदनशील ठाउँमा विष्फोटक पदार्थ कदापि राख्दैन । जनताको पंक्तिमा चन्दा र सहयोगलाई पूर्णतया स्वेच्छिक पार्छ । त्यसमा बल प्रयोग गर्दैन । सर्वसाधारण र उपेक्षित जनताको सहज जीवनको निम्ति नभइ नहुने विकास निर्माणका पूर्वाधारको ध्वंश गर्दैन । दोषीको दोष बापत निर्दोषी परिवारजनहरूलाई सजायँ दिने गर्दैन । चीनमा माओले चलाएको जनयुद्धमै यस सम्बन्धमा उदाहरणीय होशियारी अपनाएको अनुभव हाम्रासामु छ । तर यसबारे माओवादी पंक्ति चाहिँ किन सचेत नभएको हो र त्रुटिमाथि त्रुटि गर्दै अघि बढेको हो ? गम्भीर प्रश्न उठेको छ ।

क्रान्तिकारी शक्तिले त भीडन्तमा आत्मसमर्पण गरेको र गिरफ्तारीमा परेको शत्रुपक्षको प्रहरी र सैनिकलाई समेत नमारेर, अत्यन्त मानवीय व्यवहार गरेर उसको मन जित्ने कार्य गर्न सक्नुपर्दछ । सैन्यशक्तिसितको प्रत्यक्ष भीडन्तको स्थितिमा बाहेक अरू समयको व्यक्तिहत्यालाई पूर्णतया रोकिनु र निरूत्साहित पारिनुपर्दछ । मित्र पंक्ति अन्तर्गत पर्ने सबै पार्टीका नेता-कार्यकर्तामाथिको आक्रमण-अपहरण, बल प्रयोग कडाइका साथ बन्द गरिनुपर्दछ । उनीहरूलाई जनपक्षीय र लोकतान्त्रिक राजनीतिक गतिविधि गर्ने जमीन प्रदान गरिनुपर्दछ ।

दशैं-तिहारजस्तो सर्वसाधारण जनताको महत्वपूर्ण चाड सामुन्नेमा छ । यो घडीमा माओवादीका तर्फबाट एकतर्फी युद्धविरामको घोषणा हुनु अत्यन्त बुद्धिमत्तापूर्ण कदम हुनसक्छ । यसले माओवादी नेतृत्वको जनपक्षीयतामात्र सावित गर्ने छैन, यसले राज्यपक्षमाथि पनि गम्भीर जनदवाब सृजना हुने परिस्थिति पैदा गर्नेछ । अझ त्यो युद्धविरामको घोषणा सर्वपक्षीय वार्ताको लचकतासहित एक महिने राजनीतिक अल्टिमेटमको रूपमा समेत आयो भने त्यो यतिबेलाको सबैभन्दा जनमुखी प्रस्ताव हुनेछ । ❑

**सम्वैधानिक** राजसंस्था भनेको सारमा सामन्ती राजतन्त्रको पूंजीवादीकरण हो । यो निरंकुश राजतन्त्रको लोकतान्त्रीकरण हो । सम्वैधानिक राजसंस्था भनेको संकटग्रस्त सामन्ती निरंकुश राजतन्त्रको संघर्षशील नवोदित पूंजीपति वर्गसित आमजनताको एउटा सम्झौता हो, जसमा पहिलेको सत्ताधिकारसम्पन्न र अंकुशहीन सामन्ती राजतन्त्रले आफ्नो अस्तित्व रक्षाका लागि अब जनताको प्रतिनिधिले बनाएका विधान र कानूनको अंकुशअन्तर्गत सत्ताधिकारविहीन वा कम अधिकारसम्पन्न भएर बस्न मंजुर गर्छ । र, त्यस्तो मन्जुरी गरेबापत संघर्षद्वारा उन्मूलन गर्न खोजिएको राजसंस्थाको अस्तित्व बाँकी राखिन्छ; परन्तु राजसंस्थालाई राज्यको शासनाधिकार होइन, राष्ट्रको सर्वोच्च सम्मान र मर्यादा मात्र दिइन्छ ।

## यसरी पैदा भयो सम्वैधानिक राजसंस्था

मानव समाजमा सम्वैधानिक राजसंस्था एक्कासी र अकारण पैदा भएको थिएन । यो निरंकुश राजतन्त्रविरूद्ध पूंजीपति वर्ग र आम उत्पीडित जनताको लामो र जटिल संघर्षद्वारा पैदा भएको थियो । सामन्तवादको गर्भबाट पैदा भएको नयाँ उदीयमान पूंजीपति वर्गले जब आफ्नो उद्योग, व्यवसाय, व्यक्तिगत सम्पत्ति र पूंजीको विकासको निम्ति सामन्तवाद र निरंकुश राजतन्त्रलाई सबैभन्दा ठूलो तगारोको रूपमा देख्यो, तब त्यसले निरंकुश राजतन्त्रको अन्त्यको निम्ति संघर्ष शुरू गऱ्यो । पूंजीपतिहरूले यसलाई आफ्नो विकासको निम्ति सबैभन्दा ठूलो तगारो देख्नुको मुख्य कारण के थियो भने निष्फीक्रीसित पूंजी लगानी र उद्योग-व्यवसाय संचालनका निमित्त पूंजीपति वर्गको निम्ति कानूनको शासनको जरूरत हुन्थ्यो; तर निरंकुश राजतन्त्रमा भने हुकुमको शासन हुन्थ्यो । हुकुमको शासनमा एकजना शासकको सनकले पूरै उद्योग-व्यवसाय र ठूलो लगानी डुब्ने जोखिम रहन्थ्यो । पूंजीपति वर्गको निम्ति आफ्नो लगानी सुरक्षित र नाफादायक हुनको निम्ति, आफ्नो उद्योग-व्यवसाय र त्यसको प्रतिफल सुरक्षित र फाइदाजनक हुनको निम्ति आफैंले चुनेका मान्छेले कानून बनाउने, कर तोक्ने, शासन गर्ने र शासकमाथि आफ्नो अंकुश रहने खालको जनप्रतिनिधिमूलक र उत्तरदायी शासन-प्रणाली आवश्यक पर्थ्यो । तर निरंकुश राजतन्त्रमा आफूद्वारा नचुनिएका अंकुशविहीन शासकले नै कानून बनाउँथ्यो, कर तोक्थ्यो र शासन गर्थ्यो । पूंजीपति वर्गको उन्नतिको निम्ति प्रतिस्पर्धामा अरूलाई पछारेर आफूले उछिन्ने परिस्थिति होस् भन्नाका लागि खुला प्रतिस्पर्धात्मक प्रणाली जरूरी हुन्थ्यो, आर्थिक रूपमा पनि र राजनीतिक रूपमा पनि । तर निरंकुश राजतन्त्रमा



खुला आर्थिक-राजनैतिक प्रतिस्पर्धाको निम्ति कुनै संभावना थिएन । त्यहाँ आर्थिक र राजनीतिक दुवै क्षेत्रमा शासकको कृपा र निगाहको एकछत्र प्रभुत्व चल्थ्यो । पूंजीपति वर्गको निम्ति आफ्नो हित, फाइदा र स्वार्थको सशक्त वकालत गर्नका निम्ति विनारोकटोक बोल्ने, लेख्ने, छाप्ने, भेला हुने र संगठित हुने मौलिक नागरिक हक र स्वतन्त्रताको आवश्यकता पर्थ्यो र कानूनको नजरमा समान व्यवहार जरूरत हुन्थ्यो । तर निरंकुश राजतन्त्रमा यस्ता हक र स्वतन्त्रता उपलब्ध थिएनन् । यिनै सब कारणले पूंजीपति वर्गको अस्तित्व र विकासको निम्ति निरंकुश राजतन्त्र सबैभन्दा ठूलो तगारो साबित भयो र यसलाई हटाउन त्यस वर्गले क्रान्तिकारी संघर्ष प्रारम्भ गऱ्यो । यो संघर्षका निम्ति पूंजीपतिहरूले गुहारे- किसान वर्ग, बौद्धिकहरू र ज्यामी वर्गलाई, जो स्वयं पनि सामन्तवाद र निरंकुश राजतन्त्रबाट बेसी उत्पीडित थिए । पूंजीवादी लोकतान्त्रिक क्रान्तिको युग यही क्रममा प्रारम्भ भयो ।

पूंजीवादी-लोकतान्त्रिक क्रान्तिका निम्ति भएको संघर्षको क्रममा जुन जुन मुलुकमा निरंकुश सत्ताधिकारसम्पन्न राजतन्त्र आफूलाई रूपान्तरित गरेर जनताले चुनेको संसद् र जनप्रतिनिधिले निर्माण गरेको संविधान र कानूनको अंकुश मातहत सत्ताधिकारविहीन, तर सम्मानित राष्ट्राध्यक्ष भएर रहन सहमत भयो, त्यहाँ त्यहाँ निरंकुश राजतन्त्र सम्वैधानिक राजसंस्थामा बदलियो । त्यहाँ राजसंस्थाको अस्तित्वले निरन्तरता पायो, तर सत्ताधिकार जनताले चुनेको प्रतिनिधिसभा अथवा संसद्मा र त्यसले चुनेको सरकारमा स्थानान्तरण भयो । जहाँ निरंकुश राजतन्त्र सम्झौता गर्न, सत्ताधिकारविहीन हुन र सत्ता जननिर्वाचित प्रतिनिधिसभा र त्यसप्रति उत्तरदायी सरकारमा सुम्पन सहमत भएन, त्यहाँ क्रान्तिद्वारा गणतन्त्र स्थापित भयो वा तानाशाही सैन्य दमनद्वारा निरंकुश राजतन्त्र नै बाँकी रह्यो ।

बीसौं शताब्दीको प्रारम्भसम्म विश्वका धेरैंजसो आधुनिक राज्यमा राजतन्त्र विद्यमान थियो । तर ती राजतन्त्रहरू लोकतान्त्रिक र सम्वैधानिक थिएनन् । बीसौं शताब्दीको अन्त्यसम्म आइपुग्दा आधुनिक राज्यहरूमध्ये अधिकांशमा लोकतन्त्र र गणतन्त्र स्थापित भइसकेको छ । (हेर्नुहोस्- The Encyclopedia of Democracy, Vol. III, Congressional Quarterly Inc., Washington DC, 1995, पृष्ठ ८४३) विश्वमा अहिले लगभग ३० वटाभन्दा कम आधुनिक राज्यमा मात्र राजतन्त्र बाँकी छन् र तीमध्ये पनि धेरैमा सम्वैधानिक राजसंस्था छ । *(हेर्नुहोस्- Encyclopedia Britannica, Macropedia, 2000, Constitutional Law, पृष्ठ ६९८)*

सम्वैधानिक राजसंस्थाको विकास आधुनिक राष्ट्र-राज्यको सृजनासँगै भएको हो । आधुनिक राष्ट्र-राज्य भन्नाले त्यस्तो राज्य, जसमा केन्द्रीय सत्ताले कानूनको शासनमार्फत् स्पष्ट सीमा रेखाकित गरिएको भूक्षेत्रमा शासन गर्छ । मध्ययुगको सामन्ती प्रणालीमा यस्तो थिएन । किनकि त्यहाँ ज्यादाजसो ससाना राजा-रजौटाहरूको हातमा सत्ताकेन्द्रित थियो । *(हेर्नुहोस्- The Encyclopedia of Democracy, Vol. III, पृष्ठ ८४३)*

विश्वका शुरू शुरूका आधुनिक राज्यहरूले निरंकुश राजतन्त्रमा सत्ताधिकार केन्द्रित गरे । फ्रान्समा लुई चौधौंको राज्य (सन् १६४३-१७१५) निरंकुश राजतन्त्रको विशिष्ट उदाहरण हो । त्यस्तै,

○ कसरी पैदा भयो सम्वैधानिक राजसंस्था ?
○ कस्तो छ स्वीडेनको सम्वैधानिक राजसंस्था ?
○ कस्तो छ जापानको सम्वैधानिक राजसंस्था ?

● श्याम श्रेष्ठ

# विश्वका सम्वैधानिक राजसंस्थाका उदाहरणीय मोडेलहरू

प्रशियामा फ्रेडरिक महान्‌को राज्य पनि । नेपालमा बीचको एक दशकको छोटो अवधि छोड्ने हो भने पृथ्वीनारायण शाहले सृजना गरेको केन्द्रिकृत राज्यदेखि २०४६ सालसम्म निरंकुश राजतन्त्र थियो ।

सम्वैधानिक राजसंस्था निरंकुश राजसंस्थाको क्रमिक विकासबाटै पैदा भएको हो । विश्वमा निरंकुश राजतन्त्र साधारणतया तीनवटा उपायद्वारा रूपान्तरित भयो : क्रान्तिद्वारा, क्रमिक विकासद्वारा र विदेशी आक्रमण र साम्राज्यहरूको विघटनद्वारा ।

क्रान्तिद्वारा निरंकुश राजतन्त्र रूपान्तरित भएका राज्यहरूमा राजतन्त्र नै धराशायी भएर गणतन्त्र स्थापना भयो, जस्तो फ्रान्समा । पूँजीवादी लोकतान्त्रिक क्रान्तिले सन् १७८९ मा फ्रान्सका राजा लुई सोह्रौंलाई पदच्यूत गर्‍यो । सन् १७९३ मा उनको हत्यासमेत भयो । तर यूरोपका सातवटा राष्ट्र-राज्यहरूले भने सम्झौता र क्रमिक विकासद्वारा निरंकुश राजतन्त्रलाई सम्वैधानिक राजतन्त्रमा रूपान्तरित गरे र राजसंस्थालाई सुरक्षित राखे । ती राष्ट्र-राज्यहरू हुन् : संयुक्त अधिराज्य, स्वीडेन, डेनमार्क, बेल्जियम, नर्वे, नेदरल्याण्ड र लक्जम्बर्ग । (हेर्नुहोस्- The Encyclopedia of Democracy, Vol. III, पृष्ठ ८४४) । यी राज्यहरूमा निरंकुश राजतन्त्रले सत्ता संसद्‌लाई सुम्पेर राजनीतिबाट हात झिक्नाको कारणले नै तिनीहरू बचे ।

बेलायतमा संसद् र निरंकुश राजतन्त्रबीच ६-७ सय वर्ष लामो संघर्ष चल्यो । अन्ततः सत्रौं शताब्दीमा संसद्‌ले राजाविरूद्ध सफल विद्रोह सम्पन्न गर्‍यो । राजा चार्ल्स प्रथमको टाउको नै काटियो । केहीपछि राजसंस्था त पुनर्स्थापित गरियो, तर पहिलेभन्दा कम सत्ताअधिकारका साथ । अठारौं शताब्दीको अन्त्यसम्म पुग्दा बेलायतमा राजतन्त्रमाथि संसद्‌को प्रभुत्व स्थापित भइसकेको थियो । राजाले संसद्‌द्वारा चुनिएका प्रधानमन्त्री र मन्त्रीहरूको सल्लाह र सम्मतिमा मात्र काम गर्नुपर्ने भइसकेको थियो ।

उन्नाइसौं शताब्दीसम्म पुग्दा सम्वैधानिक राजसंस्थाको अवधारणा युरोपमा यति सहज-स्वीकार्य भइसकेको थियो कि नयाँ देश सृजना हुँदा यदि त्यही देशमा राजपरिवार उपलब्ध छैन भने विदेशबाट राजा आयात गरेर भएपनि स्थापना गर्नेजस्ता आश्चर्यजनक घटनाहरू पनि त्यहाँ भए । नर्वे जब सन् १९०५ मा स्वीडेनबाट अलगिएर पूर्ण स्वतन्त्र भयो, तब त्यहाँ जनमत संग्रहद्वारा राजसंस्था पुनःस्थापित गर्ने निर्णय गरियो र डेनमार्कबाट त्यहाँका राजकुमार कार्ल फ्रेडरिकलाई झिकाएर नर्वेको राजा बनाइयो । ग्रीस जब १८२१ मा ओट्टोमन तुर्कहरूको शासनबाट स्वतन्त्र भयो, त्यसले पनि सन् १८३३ मा बेभेरियाबाट राजा आयात गरेर राजसंस्था पुनर्स्थापित गर्‍यो । ग्रीसका राजाहरू राष्ट्रिय राजनीतिमा संलग्न भएको आरोपमा एकजना राजाको हत्या र तीनजनालाई देश निकाला गरिसकेपछि हालसालै सन् १९७४ मा मात्र ग्रीसमा गणतन्त्र स्थापित गरिएको हो ।

जापानको राजतन्त्र सम्राट मेइजीकै शासनकालमा सन् १८८९ मा नै सम्वैधानिक भइसकेको थियो । तथापि, मेइजी संविधानअन्तर्गत देशको सार्वभौमसत्ता अझै सम्राटमा नै निहित थियो । सेनाको सेनापतित्व सम्राट नै गर्दथे, युद्ध र शान्तिको घोषणा उनले नै गर्थे, विदेशी मुलुकहरूसित सन्धि उनले नै सम्पन्न गर्थे र उनीसित संकटकालीन अधिकारसमेत थियो । कानून बन्नका लागि सम्राटको स्वीकृति अनिवार्य थियो ।

**नयाँ देश सृजना हुँदा यदि त्यही देशमा राजपरिवार उपलब्ध छैन भने विदेशबाट राजा आयात गरेर भएपनि स्थापना गर्नेजस्ता आश्चर्यजनक घटनाहरू पनि त्यहाँ भए ।**

अहिले जापानको सम्राटमा यी सत्ताधिकारहरू छैनन् । यी अधिकारहरू अहिले जापानी संसद् र प्रधानमन्त्रीमा सरेका छन् । जापानको राजसंस्था अहिले वास्तविक अर्थमा सम्वैधानिक भएको छ । तर यो दोस्रो विश्वयुद्धमा जापान नराम्ररी पराजित भएपछि अमेरिकी जनरल म्याकर्थरले मस्यौदा गरेको सन् १९४७ को संविधानअन्तर्गत भएको हो । जापान विदेशी आक्रमणका कारणले, विदेशी शक्तिकै दवाबमा रूपान्तरित भएको सम्वैधानिक राजतन्त्रको ज्वलन्त उदाहरण हो ।

यी जम्मै इतिहासहरूलाई दहीमथनी गर्ने हो भने यो निचोड निक्लन्छ : जुन जुन मुलुकमा राजतन्त्र सत्ताधिकार आफैंमा केन्द्रित गरेर राजनीतिमा सक्रिय हुन खोजेको छ, त्यहाँ अन्ततः राजतन्त्रको अन्त्य भएको छ । जहाँ राजतन्त्रले सत्ताधिकार संसद्‌लाई सुम्पेर सक्रिय राजनीतिबाट अलग बस्न सहमति जनाएको छ, त्यहाँ राजसंस्था बचेको छ र सम्मानित भएको छ । The Encyclopedia of Democracy मा प्रसिद्ध इतिहासकार रिचार्ड रोज र डेनिस कवनाघले अहिलेसम्मको विश्वका राजतन्त्रहरूको विश्लेषण गर्दै सारांश निकाल्छन् : 'पहिलो, सत्तारूढ राजपरिवारले राजनीतिमा सक्रिय भूमिकाबाट आफूलाई अलग्याउन तम्तयार हुनुमा राजतन्त्रको अस्तित्व निर्भर गर्छ । दोस्रो, राजतन्त्रलाई अस्वीकार गर्ने कुरा राजतन्त्रको राजनीतिमा संलग्नताबाट पैदा हुन्छ ।' *(हेर्नुहोस्- The Encyclopedia of Democracy, Vol. III, पृष्ठ ८४६)*

## के हो सम्वैधानिक राजसंस्था ?

यस प्रकार सम्वैधानिक राजसंस्था भनेको सारमा राजसंस्थाले पूँजीपति वर्ग र आमजनताको संघर्षको दवाबमा सक्रिय राजनीतिबाट अलग हुनु हो, सक्रिय राजनीतिको अभिभारा र सत्ताधिकार जनताले चुनेका प्रतिनिधिहरू तथा प्रतिनिधि संस्थालाई सुम्पनु हो । राजसंस्था जनप्रतिनिधिहरूले र जनप्रतिनिधिसभाले निर्माण गरेको संविधान र कानूनको अंकुश र त्यसले तोकेको परिधिभित्र बस्न सहमत हुनु नै सम्वैधानिक राजसंस्थाको सार हो । अहिले बेलायत, जापान, स्केण्डिनेभियन मुलुकहरू र तल्ला मुलुकहरूमा सम्वैधानिक राजसंस्था बाँकी छ । र, जहाँजहाँ बाँकी छ, त्यहाँ राजा नाम मात्रको औपचारिक राष्ट्राध्यक्षका रूपमा मात्र रहेका छन् । त्यहाँ सरकार र सत्तासम्बन्धी महत्वपूर्ण अधिकार राजासित रहेको हुँदैन । वास्तविक कार्यकारी सत्ताधिकार त्यहाँ चुनिएको मन्त्रीपरिषद्‌को हातमा रहेको हुन्छ, जसको प्रमुख प्रधानमन्त्री हुन्छ । उनीहरू सबै राजाप्रति होइन, संसद्‌प्रति उत्तरदायी हुन्छन् । कर संसद्‌ले तोक्छ, कानून संसद्‌ले बनाउँछ, संविधान र कानून संसद्‌ले संशोधन गर्छ र कहीं कहीं यससम्बन्धी विधेयक संसद्‌ले पारित गरेपछि राजाले त्यसमा राष्ट्राध्यक्षका रूपमा औपचारिकता पुर्‍याउन हस्ताक्षर गर्छन् र त्यो देशको कानून बन्छ । सम्मानका लागि कतैकतै केही राजनीतिक काम, कर्तव्य, अधिकार र सेनाको सेनापतित्व राजाको हातमा छोडिएको हुन्छ, तर त्यो राजाले आफ्नो स्वविवेकमा होइन, चुनिएको सरकारको सल्लाह र सहमतिमा कानूनले तोकेमुताबिक गर्नुपर्ने हुन्छ ।

विश्वमा यतिखेर प्रचलित सम्वैधानिक राजसंस्थाका सामान्य विशेषताहरू यिनै हुन् र ती लगभग एउटै छन् । तथापि अलग-अलग मुलुकमा सम्वैधानिक राजसंस्थाका रूपहरू फरक फरक छन् । कतै सम्वैधानिक राजसंस्था भनिएका मुलुकमा राजाका हातमा कानूनतः ठूल्ठूला कार्यकारी अधिकारसमेत राखिएका छन्, तर वास्तविक व्यवहारमा र परम्पराका रूपमा तिनीहरूको प्रयोग राजाले गर्दैनन्, गर्न पाउँदैनन्, संसद् र त्यसबाट चुनिएको सरकारले नै गर्छ, जस्तो बेलायत, नर्वे, नेदरल्याण्ड र डेनमार्कमा । कतै भने संविधानमा नै स्पष्ट तोकेर राजसंस्थालाई अत्यन्त सम्मानित तर बिलकुलै *सत्ताधिकारविहीन* पारिएको छ, जस्तो स्वीडेन र जापानमा ।

हामीकहाँ सम्वैधानिक राजसंस्था भन्ने बित्तिकै बेलायतको राजसंस्थालाई सबैभन्दा उदाहरणीय आदर्शका रूपमा लिने चलन छ । तर अध्ययन र



*स्वीडेनका वर्तमान राजा कार्ल सोह्रौं गुस्ताफ : कम कार्यक्षेत्र, ज्यादा सम्मान !*



*स्वीडेनको संसद 'रिस्कड्याग', सारतः जसको मातहतमा स्वीडेनको राजसंस्था रहेको छ*

खोजविन गर्दै जाँदा यो सोचाइ गलत रहेछ । व्यवहार र संविधान दुवै हिसाबले विश्वमा सबैभन्दा उत्कृष्ट र उदाहरणीय सम्वैधानिक राजसंस्था स्वीडेनको रहेछ, त्यसपछि जापानको । कानूनतः बेलायतको राजसंस्था धेरै नै शक्तिसम्पन्न रहेछ । त्यहाँको संसद् र लोकतान्त्रिक संस्थाहरूको निरंकुश राजाविरूद्धको लामो र जटिल संघर्षले पैदा गरेका प्रभावशाली लोकतान्त्रिक परम्पराहरू, जनमत र संस्थाहरू तथा सशक्त लोकतान्त्रिक जागरूकताले गर्दा नै त्यहाँको राजसंस्था कानूनतः जे भए पनि व्यवहारमा सक्रिय राजनीतिबाट अलग र सम्वैधानिक हुन विवश भएको रहेछ ।

यस परिप्रेक्ष्यमा विश्वका सम्वैधानिक राजसंस्थाहरूको स्वरूपको चर्चा गर्दा सर्वप्रथम स्वीडेन र जापानबाट चर्चा प्रारम्भ गर्नु उचित हुनेछ ।

## स्वीडेनको सम्बैधानिक राजसंस्था

स्वीडेनमा सन् १८०९ को सम्वैधानिक व्यवस्थाबाट राज्यको कार्यकारी अधिकार राजामा निहित पारिएको थियो । सन् १९१७ मा पुग्दा त्यहाँका पूँजीपति वर्ग, जन-निर्वाचित प्रतिनिधिहरू र जग्गा-जमीनका व्यवसायीहरूको संघर्ष र दवाबले गर्दा मन्त्रिपरिषद् राजाप्रति होइन, संसद्प्रति उत्तरदायी हुने सिद्धान्तलाई स्वीकार्न राजसंस्था सहमत भयो । सन् १९२१ मा त्यहाँ वालिग मताधिकारको व्यवस्था स्वीकारियो । सन् १९७५, जनवरी १ देखि लागू भएको 'The Encyclopedia of Democracy, Vol. III,"Instrument of Government' नामक नयाँ सम्वैधानिक दस्तावेजले त्यहाँ राजसंस्थालाई सक्रिय राजनीतिबाट पूर्णतया अलग्यायो र पूर्ण सम्वैधानिक राजसंस्था स्थापित गऱ्यो ।

स्वीडेनमा राजसंस्थालाई अत्यन्त सम्मान गरिन्छ । यसको कारण के हो भने त्यहाँको राजसंस्थाले पूँजीपति वर्ग र आमजनताको लोकतान्त्रिक परिवर्तनको आकांक्षा र संघर्षको ठ्याप्पै प्रतिरोध गरेन । जनताको परिवर्तनको चाहनालाई दमन गर्न र अस्वीकार गर्न त्यहाँका कट्टरपन्थीहरूले राजसंस्थालाई ढालको रूपमा प्रयोग गर्न नखोजेका होइनन्, तर राजसंस्थाले यस्तो गर्न कदापि मञ्जुर गरेन । बरू उल्टो, कट्टरपन्थी र लोकतान्त्रिक शक्तिहरूबीच सम्झौतामा पुग्न र त्यो सम्झौतालाई सहजै स्वीकार गर्न राजा स्वयंले भूमिका खेले, जसको फलस्वरूप सरल र शान्तिपूर्ण ढंगले राजसंस्था पूर्णतः सम्वैधानिक र सत्ताधिकारविहीन संस्थामा बदलियो । *(हेर्नुहोस्, उही Encyclopedia of Democracy, Vol. III, पृष्ठ ८४४)*

स्वीडेनमा संविधानको धारा १ ले सार्वभौमसत्ता जनतामा केन्द्रित गरेको छ । त्यसमा भनिएको छ : "स्वीडेनमा सम्पूर्ण सार्वजनिक सत्ता जनताबाट निःसृत हुन्छ ।" (all public power in Sweden proceed from the people) । त्यहाँ देशमाथि शासन गर्ने अधिकार मन्त्रिपरिषद्लाई प्रदान गरिएको छ, जसलाई प्रधानमन्त्रीले अगुवाइ गर्छन् । मन्त्रिपरिषद् संसद्प्रति जवाफदेही हुन्छ । स्वीडेनको लोकतन्त्र र सम्वैधानिक राजसंस्थाको विशेषता के देखिन्छ भने त्यहाँ सत्ता र सरकारको मामलामा संसद्को सर्वोच्चता स्थापित गरिएको छ ।

जब प्रधानमन्त्रीले वा मन्त्रिपरिषद्ले राजीनामा दिन्छन् र प्रधानमन्त्रीको पद रिक्त हुन्छ, नेपालमा वा बेलायतमा जस्तो स्वीडेनमा राजाले बहुमत प्राप्त पार्टीका नेतालाई सरकार गठन गर्न निम्ता दिँदैनन् । त्यहाँ यस सम्बन्धमा अनौठो प्रणाली के छ भने राजाको सट्टामा संसद्को सभामुखले संसदीय दलहरू र उपसभामुखहरूसँग सम्पर्क र सल्लाह गरेर प्रधानमन्त्रीको नामको प्रस्ताव संसद्समक्ष प्रस्तुत गर्छन् । सभामुखले राखेको प्रधानमन्त्रीको नामको प्रस्ताव तब विफल भएको मानिन्छ, जब संसद्को स्पष्ट बहुमतले त्यसको विपक्षमा मतदान गर्छ, नत्र प्रस्ताव पारित भएको ठानिन्छ । लगातार चारपटकसम्म सभामुखले राखेको प्रधानमन्त्रीको नामको प्रस्ताव संसद्ले अस्वीकार गरेमा पुनः ताजा जनादेशका लागि आमचुनावको आयोजना गरिन्छ । यसरी स्वीडेनमा प्रधानमन्त्रीको नियुक्ति संसद्को सभामुखले गर्दछन् र प्रधानमन्त्रीले मन्त्रिपरिषद्का अन्य मन्त्रीहरूको नियुक्ति गर्दछन् । संसद्को तर्फबाट प्रधानमन्त्रीको नियुक्तिको प्रमाणपत्र पनि सभामुखले नै प्रदान गर्दछन् । राजाको हातबाट सभामुखमा प्रधानमन्त्री नियुक्ति गर्ने अधिकार सन् १९७५ को Instrument of Government मार्फत् सरेको हो । स्वेच्छाले पद छाड्ने व्यहोराको प्रधानमन्त्रीको अनुरोधमा सभामुखले प्रधानमन्त्रीलाई पदभारबाट मुक्त गर्न सक्छन्, अनि अन्य मन्त्रीहरूको अनुरोधमा प्रधानमन्त्रीले ती मन्त्रीहरूलाई । त्यस्तै, संसद्ले प्रधानमन्त्रीमाथि वा कुनै पनि मन्त्रीमाथि विश्वास नरहेको प्रस्ताव पारित गरेमा, सभामुखले सम्बन्धित प्रधानमन्त्री वा मन्त्रीलाई पदबाट मुक्त गर्न सक्छन् । प्रधानमन्त्रीले पनि कुनै पनि मन्त्रीलाई पदमुक्त गर्न सक्छन् । *(हेर्नुहोस्, स्वीडेनको संविधान, अध्याय ६, धारा १, २, ३, ४, ५, ६ र उही, World Encyclopedia of Political Systems and Parties Vol. 3, १९९९, पृष्ठ १,०५४)*

**जब प्रधानमन्त्रीको पद रिक्त हुन्छ, नेपालमा वा बेलायतमा जस्तो स्वीडेनमा राजाले बहुमत प्राप्त पार्टीका नेतालाई सरकार गठन गर्न निम्ता दिँदैनन्**

यतिमात्र होइन, स्वीडेनमा संसद्को सर्वोच्चता केमा पनि कायम गरिएको छ भने बिमारी वा अन्य बाहिरी कारणले यदि राजालाई लगातार ६ महिनासम्म आफ्नो कर्तव्य पालना गर्न वञ्चित गरेको छ भने वा उनी स्वयं कर्तव्य पालना गर्न असमर्थ भएका छन् भने सरकारले यसको सूचना संसद्लाई दिनुपर्दछ । त्यो स्थितिमा संसद्ले राजालाई पदमुक्त गर्नेबारे निर्णय गर्नसक्छ (हेर्नुहोस्- स्वीडेनको संविधान, अध्याय ५, धारा ५) । यदि राजपरिवार वंशशून्य भयो भने संसद्ले अर्को सूचना नभएसम्मका लागि राष्ट्राध्यक्षको काम गर्ने गरी 'रिजेण्ट' अर्थात् राजप्रतिनिधि र उपरिजेण्ट अर्थात् उपराजप्रतिनिधि नियुक्त गर्न सक्दछ । ठीक यही कुरा संसद्ले अर्को स्थितिमा पनि गर्नसक्छ, जब राजाको मृत्यु हुन्छ वा राजाले गद्दी त्याग गर्छन् तर उनका उत्तराधिकारीको उमेर २५ वर्ष पुगेको हुँदैन । *(हेर्नुहोस्, उही स्वीडेनको संविधान, अध्याय ५, धारा ४, उपधारा १ र २)*

यदि रिजेण्ट वा राजप्रतिनिधि हुनयोग्य कोही पनि व्यक्ति त्यो पदभार सम्हाल्ने स्थितिमा छैन भने सरकारको सिफारिशमा सभामुख वा उनको अनुपस्थितिमा उप-सभामुखले अस्थायी राजप्रतिनिधिको कार्यभार सम्हाल्ने छन् ।

यसप्रकार स्वीडेनमा राजसंस्थालाई सबै हिसाबले संसद्को मातहत राखिएको छ । त्यहाँको संविधानमा राजाका लागि कुनै स्वविवेकीय अधिकारको व्यवस्था गरिएको देखिँदैन ।

स्वीडेनमा त्यहाँको एक सदनात्मक ३४९ सदस्यीय संसद् 'रिक्सड्याग'ले नै कानून बनाउँछ, कानूनलाई सरकारमार्फत् व्यवहारमा लागू गराउँछ, कर निर्धारण गर्छ र सार्वजनिक कोष कसरी खर्च गर्ने, त्यसको निर्णय गर्छ । यी सबै कुरा त्यहाँ संसद्ले नै सिधै गर्नसक्छ, त्यसका निम्ति राजाको स्वीकृति आवश्यक छैन । स्वीडेनमा एकप्रकारको प्रत्यक्ष लोकतन्त्रको प्रणाली छ । सन् १९८० सम्म सम्पूर्ण संविधान संशोधनसम्बन्धी प्रस्तावहरू

लगातार दुईवटा संसद्ले पारित गरेपछि र ती दुईवटा संसद्को बीचमा एउटा नयाँ आमचुनाव सम्पन्न भएपछि मात्र त्यो मूल कानून पारित हुन्थ्यो । अहिले त्यो प्रणालीका साथै अर्को एउटा नयाँ प्रणाली पनि थपिएको छ । त्यो हो, संसद्का १० मा एकभाग सदस्यले प्रस्ताव गरे र एक तिहाइ संसदहरूले त्यो प्रस्तावलाई पारित गरे भने संसद्ले संविधान संशोधनसम्बन्धी प्रस्ताव पारित गरेपछि त्यो प्रस्तावलाई सिधै जनमत संग्रहमा लैजान सक्छ । यस्तो जनमत संग्रह नयाँ सांसदको आमचुनावसँगसँगै आयोजना गरिन्छ । ५० प्रतिशतभन्दा ज्यादा बालिग मतदाताले संशोधनको प्रस्तावमा मतदान गरे भने त्यो प्रस्तावलाई संसद्ले अन्तिम निर्णयका लागि प्रस्तुत गर्छ । स्वीडेनमा संविधान संशोधनको प्रस्ताव पनि संसद्ले अनुमोदन गरे पुग्छ, यसमा राजाको सहमति आवश्यक छैन ।

स्वीडेनमा संसद्सम्बन्धी कानूनको मूलभूत धाराहरूलाई पनि ठीक त्यसरी नै संशोधन गरिन्छ, जसरी संविधान संशोधनसम्बन्धी प्रस्तावलाई । त्यसको अपवाद के देखिन्छ भने संशोधन संसद्को निर्णयबाट पनि तुरून्तै कार्यान्वयनमा आउनसक्छ, यदि संसद्का सम्पूर्ण सांसदहरूमध्ये स्पष्टतः बहुमत सांसदहरूले र तत्काल उपस्थित सांसदहरूमध्ये ७५ प्रतिशत सांसदहरूले संशोधनलाई पारित गर्छन् भने । संसद्सम्बन्धी कानूनका सहायक धाराहरूलाई भने यसरी पारित गर्नु पर्दैन, अन्य कानूनजस्तै साधारण बहुमतबाट पारित गरे पुग्छ ।

स्वीडेनमा सरकार र संसद्का कुनै पनि सदस्यलाई संसद्को कार्यक्षेत्रभित्र आउने कुनै पनि सवालमा संसद्सम्बन्धी ऐनको प्रक्रियाभित्र रहेर संसद्मा प्रस्ताव पेश गर्ने हक छ । यो यो सवालमा प्रस्ताव पेश गर्न राजाको पूर्वस्वीकृति चाहिन्छ भन्ने प्रावधान त्यहाँ छैन ।

त्यहाँ संसद्को सर्वोच्चता र प्रत्यक्ष लोकतन्त्रको व्यवस्था कसरी पनि सुनिश्चित गरिएको छ भने संसद्ले त्यहाँ विशेष परामर्शदातृ जनमत संग्रह आवश्यक हुने प्रबन्ध गरेर कानून बनाएर त्यसलाई सिधै कार्यान्वियनमा ल्याउनसक्छ । यस्तो जनमत संग्रह सन् १९२१ यता अहिलेसम्म कम्तिमा ६ वटा भइसकेका छन् । पछिल्लो जनमत संग्रह हालसालैमात्र भदौको अन्तिम हप्तामा भएको थियो, जसमा स्वीडेनले यूरो मुद्रालाई आफ्नो मुद्राको रूपमा अपनाउने कि नअपनाउने भन्ने निर्णय गरिएको थियो ।

स्वीडेनमा नयाँ संसद्को पहिलो अधिवेशन राजाले डाकिराख्नु पर्दैन, आमचुनाव भएको १५ औं दिनमा यो आफै बस्छ । *(हेर्नुहोस् : स्वीडेनको संविधान, अध्याय ४, धारा ५)* । संसद्को अधिवेशन आमचुनावको परिणाम घोषित भएको चौथो दिनभन्दा अगाडि भने बस्न सक्दैन ।

स्वीडेनमाथि सशस्त्र बाह्य आक्रमण भएको स्थितिमा आक्रमणलाई विफल पार्नका लागि सरकारले सशस्त्र सेनाको पूरै अंशलाई वा त्यसको कुनै अंशलाई लडाइँको निम्ति तुरून्तै परिचालन गर्नसक्छ । देशमा युद्धको घोषणा गर्नसक्छ । अन्य कुनै पनि स्थितिमा स्वीडेनमा सशस्त्र सेनाको परिचालनको निम्ति र युद्धको घोषणाको निम्ति संसद्को अनुमोदन अनिवार्य गरिएको छ । कानूनले तोकेभन्दा बेगर सेनाको परिचालन गर्न सकिँदैन । सेनालाई यसरी त्यहाँ संसद् मातहत राखिएको छ । राजसंस्थाको सेनासम्बन्धमा कुनै अधिकारको व्यवस्था स्वीडेनमा गरिएको छैन । *(हेर्नुहोस्- स्वीडेनको संविधान, अध्याय १०, धारा ९)*

यसरी स्वीडेनमा विद्यमान सम्वैधानिक राजसंस्थाको मुख्य विशेषता र सुन्दरता के देखिन्छ भने त्यहाँ राजाले शासनसत्ताको मामिलामा सम्वैधानिक र व्यावहारिक दुवै हिसाबले केही पनि गर्दैन । राजालाई संविधानमा सम्मानित राष्ट्राध्यक्षको पद दिइएको छ तर उनीसित कुनै पनि राजनीतिक, कार्यकारी र व्यवस्थापकीय अधिकार विद्यमान छैन । उनका कर्तव्यहरू मूलतः औपचारिक र देखावटी प्रकारका छन् ।

सरकार परिवर्तन भयो भने राजाको उपस्थितिमा एउटा विशेष परिषदको बैठक बस्छ, जसको अध्यक्षता राजाबाट हुन्छ । राजा उपस्थित हुन नसक्ने स्थितिमा सभामुखले त्यसको अध्यक्षता गर्छ । संसद्बाट निर्वाचित हुने परराष्ट्र मामलासम्बन्धी सल्लाहकार परिषद्को बैठक पनि राजाकै अध्यक्षतामा बस्छ, जसले परराष्ट्र मामलासम्बन्धी महत्वपूर्ण सवालमा विचार विमर्श गर्छ । तर स्वीडेनको संविधानअनुसार यी दुवै बैठकको औपचारिक महत्वमात्र छ, कार्यकारी हैसियत छैन । परन्तु स्वीडेनको संविधानमा राजालाई "सम्पूर्ण अधिराज्यको एकताको प्रतिनिधि र प्रतीक"को सर्वोच्च सम्मान दिइएको छ । अधिराज्यको सबै मामलाबारे प्रधानमन्त्रीले राजालाई सूचित गरिरहने अनिवार्य व्यवस्था संविधानमा गरिएको छ । जब आवश्यकता हुन्छ, यस्तो सूचित गर्नका लागि सरकारले विशेष बैठकको आयोजना गर्नुपर्ने व्यवस्था गरिएको छ, जसको अध्यक्षता राजा स्वयंबाट हुन्छ । राजाको तथा रिजेण्टको कुनै काम वा भूलको निम्ति राजामाथि वा रिजेण्टमाथि कुनै परिस्थितिमा पनि कानूनी कारवाही चलाउन नसकिने कानूनी उन्मुक्ति पनि स्वीडेनले राजसंस्थालाई प्रदान गरेको छ *(हेर्नुहोस्, स्वीडेनको संविधान, धारा ७)* । त्यो त्यहाँ राजसंस्थालाई जनताले दिएको उच्चतम सम्मान हो । यस्तो सम्मान त्यहाँ अरू कसैलाई दिइएको छैन ।

सन् १९७९ सम्म स्वीडेनमा पुरूषहरूमात्र राजगद्दीका उत्तराधिकारी हुनसक्ने व्यवस्था थियो । सन् १९८० देखि महिला उत्तराधिकारी पनि स्वीडेनको राजगद्दीमा बस्न सक्ने र राष्ट्राध्यक्ष हुनसक्ने व्यवस्था गरिएको छ । छोरा-छोरीमध्ये जो जेठो हो, त्यो राजा वा रानी हुनसक्ने व्यवस्था स्वीडेनमा गरिएको छ ।



*जापानका वर्तमान सम्राट अकिहितो : सर्वभौमसत्ता सम्पन्न जापानी जनताहरूद्वारा प्रदत्त कार्यक्षेत्रमा सीमित र त्यसकारण सम्मानित राजा*

यसप्रकार, स्वीडेनको राजसंस्था सम्वैधानिक राजासंस्थाको उत्कृष्टतम उदाहरण हो । विश्वले त्यसबाट सिके हुन्छ ।

## जापानको सम्वैधानिक राजसंस्था

जापानको सम्वैधानिक राजसंस्था पनि विश्वको अर्को उदाहरणीय सम्वैधानिक राजसंस्था हो । सन् १९४५ मा दोस्रो विश्वयुद्धमा जापानको नराम्रो हारपछि अमेरिकी नेतृत्वमा रहेको संयुक्त शक्तिले, विशेषतः अमेरिकाले जापानमा बेलायती मोडेलको सम्वैधानिक राजसंस्था स्थापित गर्ने निधो गऱ्यो । अक्टोबर १९४५ मा संयुक्त शक्तिका सर्वोच्च कमाण्डर जनरल म्याकर्थरले जापानी सरकारलाई नै सन् १८८९ को मेइजी संविधानको ठाउँमा नयाँ त्यस्तो संविधानको मस्यौदा तयार पार्न निर्देशित गरे । जापानी सरकारले प्रस्तुत गरेको मस्यौदा "सुदूर पूर्वी कमिशन" नामको संयुक्त शक्तिलाई अमान्य भएपछि जनरल म्याकर्थर र उनका स्टाफ स्वयंले नै अर्को नयाँ संविधान लेखे । सुदूर पूर्वी कमीशनले त्यो नयाँ मस्यौदा

*जापानी संसद डायट*



**जापानमा राजगद्दी उत्तराधिकार सम्बन्धी ऐन जापानी संसद् डायटबाटै पारित हुनुपर्ने बनाइएको छ**

संविधानलाई आवश्यक छाँटकाँट र परिमार्जन गरेपछि 'म्याकर्थर संविधान' अनुमोदनको निम्ति जापानी सम्राट हिरोहितो र सरकारसमक्ष प्रस्तुत गरियो । थोरै परिमार्जन गरेपछि उनीहरूले मेइजी संविधानलाई प्रतिस्थापित गर्नेगरी नोभेम्बर ३, १९४६ मा संविधानको यो मस्यौदालाई स्वीकार गरे । मे ३, १९४७ देखि यो दैनिक व्यवहारमा लागु भयो । *(हेर्नुहोस्, उही The Encyclopedia of Democracy, Vol 4. Congression Quartely Inc., Washington DC 1995)*

सम्वैधानिक राजसंस्था त जापानमा सन् १८८९ कै मेइजी संविधानबाट आइसकेको थियो । तर नयाँ संविधानमा मन्त्रीपरिषद् जापानी संसद् 'डाइट'प्रति उत्तरदायी हुने पारियो, जुन पहिले सम्राटप्रति उत्तरदायी हुन्थ्यो । संसद्को दुवै सदनलाई अब जननिर्वाचित पारियो, जबकि मेइजी संविधानमा संसद्को तल्लो सदन जनप्रतिनिधिसभामात्र जननिर्वाचित हुन्थ्यो । सबैभन्दा महत्वपूर्ण कुरा, नयाँ संविधानमा पहिलेभन्दा नितान्त भिन्नै ढंगले सम्पूर्ण सार्वभौमसत्ता जनतामा निहित बनाइयो र सम्राट सम्पूर्ण रूपले सत्ताधिकारविहीन राष्ट्राध्यक्षमा बदलिए । मेइजी संविधानमा राजकीय सत्ता सम्राटमा निहित हुनाले संविधान सम्राटको तर्फबाट जनतालाई 'बकसका रूपमा' आएको थियो, तर नयाँ संविधानमा भनिएको छ- 'हामी, जापानी जनताहरू... घोषणा गर्छौं कि सार्वभौसत्ता जनतामा निहित छ र हामी दृढतापूर्वक यो संविधानलाई स्थापित गर्दछौं । सरकार भनेको जनताको पवित्र विश्वास हो, जसको निम्ति प्राधिकार जनताबाट प्राप्त हुन्छ, जसको सत्ताधिकार जनताका प्रतिनिधिहरूमार्फत् अभ्यास हुन्छ, र जसको लाभ र फाइदाहरू जनताद्वारा उठाइन्छन् ।' *(हेर्नुहोस्- जापानको संविधानको प्रस्तावना)*

नयाँ 'म्याकार्थर संविधान'को धारा १ ले जापानी राजसंस्थालाई "राज्य र जनताको एकताको प्रतीक"को उच्च सम्मान दिएको छ, तर उनको पद र स्थितिलाई नयाँ संविधानमा ती जापानी 'जनताको इच्छाबाट पैदा भएको' भनिएको छ, जसमा सार्वभौमसत्ता निहित छ । नयाँ संविधानले राजसंस्थालाई पूर्णतया सत्ताधिकारविहीन र सम्वैधानिक बनाएको छ । जापानको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित छ, जुन सामूहिक रूपमा जापानी संसद् 'डायट'प्रति जवाफदेही हुन्छ । सम्राटसित, सरकारसित सम्बन्धित कुनै अधिकार रहेको छैन; उनले राज्यका तिनै कार्यहरू मात्र गर्दछन्, जुन संविधानमा तोकिएको छ । उनले प्रधानमन्त्री त नियुक्त गर्छन्, तर डायटले छानेको व्यक्तिलाई; उनले सर्वोच्च अदालतको प्रधान न्यायाधीश पनि नियुक्त गर्छन्, तर मन्त्रीपरिषद्ले तोकेका व्यक्तिलाई । 'जनताको तर्फबाट' सम्राटले संविधानको संशोधन, कानूनहरू, मन्त्रिपरिषद्का आदेशहरू र सन्धिहरूलाई जारी गर्छन्, संसद्को अधिवेशन डाक्छन् र जनप्रतिनिधिसभा भंग भएको घोषणा गर्छन् र आमचुनावको मिति तोक्छन्, आममाफी र विशेष माफीको ऐलान गर्छन्, तक्मा-सम्मान र विभूषणको घोषणा गर्नेजस्ता कार्यहरू पनि गर्छन्; र संविधानको धारा ७ मुताबिक यी सबै राज्य मामिलासम्बन्धी कार्यहरू सम्राटले मन्त्रिपरिषद्को सल्लाह र सम्मतिमा मात्र गर्न पाउँछन् । संविधानको धारा ३ मा स्पष्टसँग भनिएको छ- 'राज्य मामिलासम्बन्धी सम्राटका सबै काम-कारवाहीहरूका निम्ति मन्त्रिपरिषद्को सल्लाह र सम्मति आवश्यक हुनेछ र यी काम कारवाहीहरूका निम्ति मन्त्रिपरिषद् नै जिम्मेवार हुनेछ ।'

जापानको सम्वैधानिक राजसंस्थासम्बन्धी व्यवस्थामा पनि स्वीडेनमा जस्तै संसद्को सर्वोच्चताको व्यवस्था गरिएको छ । त्यहाँ राजगद्दी उत्तराधिकारसम्बन्धी ऐन जापानी संसद् डायटबाटै पारित हुनुपर्ने बनाइएको छ (हेर्नुहोस्- जापानी संविधानको धारा २) । संसद्को अनुमतिविना राजदरवारले कुनै पनि सम्पत्ति कसैलाई दिन नपाउने, कसैबाट कुनै सम्पत्ति राजदरवारले लिन नपाउने र दरवारले कुनै उपहार कसैलाई दिन नपाउने व्यवस्था संविधानमा गरिएको छ (हेर्नुहोस् जापानी संविधानको धारा ८) । संविधानको धारा ४१ ले जापानमा राज्यसत्ताको सर्वोच्च अंग त्यहाँको संसद् डायटलाई बनाएको छ । दुई सदनात्मक व्यवस्था भएको जापानमा दुवै सदनले कुनै विधेयक पारित गरेपछि त्यो स्वतः कानून बन्ने व्यवस्था गरिएको छ । यसका निम्ति स्वीडेनमा जस्तै त्यहाँ पनि राजाको सम्मतिमा हस्ताक्षर वा लालमोहरको आवश्यकता पर्दैन (हेर्नुहोस् धारा ५९) । जापानमा कानून जारी हुनका निम्ति सम्बन्धित विषयको मन्त्रीको र प्रधानमन्त्रीको हस्ताक्षर भने आवश्यक गरिएको छ । जापानी संविधानका अनुसार त्यहाँको सम्राटले न त प्रधानमन्त्रीलाई पदमुक्त गर्नसक्छ, न कुनै मन्त्रीलाई । जापानको संसद्ले मात्र प्रधानमन्त्रीलाई पदमुक्त गर्नसक्छ, र प्रधानमन्त्रीले मन्त्रीलाई । संसद्ले अविश्वासको प्रस्ताव पारित गऱ्यो भने वा विश्वासको प्रस्ताव पारित गरेन भने प्रधानमन्त्री र सिंगै मन्त्रिपरिषद्ले राजीनामा गर्नुपर्ने व्यवस्था त्यहाँ गरिएको छ ।

जापानमा दुवै सदनको दुई तिहाइ बहुमतले संविधान संशोधनको प्रस्तावलाई पारित गरेपछि जनताको स्वीकृतिको लागि त्यो जनमत संग्रहमा लगिन्छ । खसेको मतमध्ये बहुमतले संविधान संशोधनको प्रस्तावलाई अनुमोदन गऱ्यो भने त्यो प्रस्ताव स्वीकृत भएको ठानिन्छ । त्यसरी जनताद्वारा स्वीकृत हुनासाथ सम्राटद्वारा तुरुन्तै जनताको नाममा त्यो संशोधनको प्रस्ताव संविधानको अभिन्न अंग हुनेगरी जारी गरिन्छ (हेर्नुहोस्- धारा ९८) । त्यसलाई अस्वीकृत गर्न वा पुनर्विचारका लागि फर्काउने हक सम्राटलाई छैन ।

त्यसप्रकार जापानमा पनि सम्वैधानिक राजसंस्थाको उत्तम स्वरूप व्यवहारमा लागू छ । ❑

*सन्दर्भ ग्रन्थहरु*


1. ***Encyclopedia of World Political Systems, by J. Denis Derbyshire and Jan Derbyshire, Sharpe Reference, Italy, 2000.***
2. ***Encyclopedia of Political Systems and Parties, Vol. 2 and 3, 3rd edition, Facts on File Inc. USA, 1999.***
3. ***Encyclopedia of Democracy, Vol. III, Vol. IV Congressional Quarterly Inc., Washington DC,1995.***
4. ***Constitution of Sweden***
5. ***Constitution of Japan***
6. ***The Encyclopedia Britannica, Macropedia, USA, 2000.***
7. ***The Japan of Today, 1993, The International Society for Education Information, Inc.***
8. ***Japan, A Profile of a Nation, Kodansha International, Japan, 1994.***



*सम्पूर्ण जिल्लाबासी*
*तथादेश-विदेशमा रहेका*
*सम्पूर्ण नेपालीहरूमा* **विजया दशमी २०६०** *को उपलक्ष्यमा*
**हार्दिक मंगलमय शुभकामना**
*व्यक्त गर्दछौं ।*

**माधवप्रसाद रिसाल**
अध्यक्ष, तथा
**मकवानपुर उद्योग वाणिज्य संघ परिवार**
मकवानपुर, हेटौंडा



**विजया दशमी २०६०**
*को उपलक्ष्यमा*
*सम्पूर्ण नगरबासी*
*तथादेश-विदेशमा रहेका*
*सम्पूर्ण नेपालीहरूमा*
**हार्दिक मंगलमय शुभकामना**
*व्यक्त गर्दछौं ।*

**कपिलवस्तु नगरपालिका**
परिवार



नवदुर्गा भवानीले सबैको रक्षा गरुन् ।
लक्ष्मीले सबै नेपालीको
घरमा बास गरुन् ।
साथै
संविधान दिवसको उपलक्ष्यमा
सबैलाई शुभकामना ।

**कृषि विकास बैंक**
परिवार
फोन : ४२५२३५९, ४२६२९२९
फ्याक्स : ४२६२६१६, ४२६२९२९
E-Mail : agrbnk@infoclub.com.np
URL : www.adbn.org.np

■ आवरण कथा



# यस्तो छ युद्धको तयारी

■ सुधीर शर्मा

**माओवादीले** २०५८ सालमा पहिलो युद्धविराम भंग गर्दा सैनिक ब्यारेकमा हमला गरेका थिए तर यसपटक त्यसका लागि व्यक्तिहत्या गरे । उनीहरूले काठमाडौंमा कर्णेल किरण बस्नेतसहित पाँच जनाको हत्या र अन्य थुप्रैको हत्या प्रयास मात्र गरेनन्, श्रृंखलावद्ध विस्फोट पनि गराए । तर सरकारी प्रतिक्रिया भने राजधानीमा भन्दा बढ्ता रोल्पामा देखियो ।

विद्रोहीहरूले काठमाडौंलाई निशाना बनाउन थालेसाथ सुरक्षा फौजले माओवादी राजधानीमा हमला थाल्यो । दाङ र लिबाङबाट ३०० भन्दा बढी सेना र प्रहरी भाद्र २१ गते 'एलआरपी' (लङ रेन्ज पेट्रोलिङ) मा रोल्पाको कोर्चाबाङ पुगे, जहाँ उनीहरूको सशस्त्र माओवादीसँग भीडन्त भयो । कुनै बखत माओवादीका फौजी कमाण्डर पासाङ शिक्षक रहेको कोर्चाबाङमा धेरै घरहरू जलेर नष्ट भएका छन् । लडाईका क्रममा गोली सिद्धिएपछि सेनाका लागि हेलिकप्टरबाट झारिएको एम-१६ राइफलको एक बाकस गोली हराएको छ । तर त्यस क्रममा हताहत हुनेहरूको तटस्थ तथ्यांक भने प्रकाशमा आएको छैन ।

युद्धविराम तोडिएको १० दिनपछि रोल्पामा भएको भीडन्त 'फलदायी' नभए पनि सेनाले आक्रामक अभियान रोकेको छैन, जसका कारण भदौको अन्त्यमा कोर्चाबाङकै नजिक पर्ने पश्चिम रोल्पाको भबाङमा अर्को भीषण लडाइँ भयो । त्यस क्रममा सात सुरक्षाकर्मी र कम्तीमा ४५ जना माओवादी छापामार मारिएको सेनाले दावी गरेको छ । तर माओवादी पक्षले आफ्नोतर्फ एक एक प्लाटुन कमाण्डरसहित सात जना मात्र मारिएको र ११ जना घाइते भएको जनाएको छ ।

उत्तरी रोल्पा र पूर्वी रुकुमका केही गाउँहरूलाई मिलाएर गठन गरिएको माओवादीको 'विशेष जिल्ला' लाई लक्ष्य बनाएर अहिले शाही सेना अगाडि बढेको देखिन्छ । ऐतिहासिक गाउँ थबाङलाई केन्द्रमा राखेर निर्माण गरिएको विशेष जिल्ला माओवादीको मुख्य आधारक्षेत्र मानिन्छ । तर सेनाको 'मार्च' त्यहाँसम्म पुग्न र पुगे पनि टिक्न दुइटा कारणले गाह्रो हुनसक्छ । पहिलो, माओवादीले आफ्नो इलाकामा छिर्न नदिन बाटैमा ठूल्ठूला अवरोधहरू खडा गर्नेछन् । दोस्रो, अवरोध पार गरेर विशेष जिल्लामा छिरे पनि माओवादीतर्फ रहेको त्यहाँको जनसमर्थन उल्टाउन तत्काल सम्भव देखिन्न । विगतमा पनि सेनाले थबाङबाट माओवादीलाई भगाएर 'युनिफाइड कमाण्ड' राखेको थियो । तर एक महिनापछि नै अर्थात् २०५९ वैसाख २८ गते त्यो ठाउँ छाडेर सदरमुकाम फर्कन बाध्य भएको थियो ।

## बदलिएको युद्धनीति

शाही सेनाले माओवादी प्रभावित क्षेत्रमा आक्रामक अभियान चलाए पनि स्वयं माओवादीचाहिँ आमनेसामने भीडन्तलाई सकेसम्म टार्न खोजिरहेका छन् । युद्धविराम भंग गर्दा अपनाएको शैलीले पनि यही देखाउँछ । यसपालि उनीहरूले ०५८ सालमा जस्तो सैनिक ब्यारेकमा हमला गरेर युद्धविराम तोडेनन्, बरू 'पर्सनल टार्गेट' मा जोड दिए । 'दुश्मनको अखडा' मा केन्द्रीकृत आक्रमण गर्नुको सट्टा 'तत्काललाई विकेन्द्रित प्रतिरोध' गर्ने माओवादीको योजना रहेको देखिन्छ ।

माओवादी अध्यक्ष प्रचण्डले गत भदौ २४ गते *जनादेश* मा प्रकाशित आफ्नो अन्तवार्तामा भनेका छन्, "तात्कालिक दृष्टिले देशव्यापी रूपमा प्रारम्भिक र विकेन्द्रित प्रतिरोध गर्दै दुश्मनका नाडी छाम्ने, थकाउने र केन्द्रीकृत आक्रमणको आधार खडा गर्ने लक्ष्यमा जनमुक्ति सेना अगाडि बढिरहेको छ ।" यसैअनुरूप छापामारहरूले कुनै एक ठाउँमा ठूलो हमला गर्नुको साटो देशव्यापी रूपमा ग्रामीण जनयुद्ध, शहरिया गुरिल्ला युद्ध र व्यक्तिहत्यालाई एकसाथ अगाडि बढाइरहेका छन् । सात वर्षसम्म मुख्यतः पहाडका गाउँहरूले मात्र झेलिरहेको हिंसा अब राजधानी र तराई क्षेत्रमा समेत ह्वात्तै बढेको छ । दिउँसै गाडीमा गएर हमला गर्ने र बैंक लुट्ने नयाँ शैली पनि माओवादीले अपनाएका छन् ।

प्रचण्डले भनेजस्तै अहिले सोझै सत्ताधारी वर्गलाई आतंकित बनाएर उनीहरूको 'नाडी छाम्ने', अनि 'थकाउने' प्रयत्न गरिँदैछ । यसका लागि 'माओवादीले जहाँ पनि, जहिले पनि र जसरी पनि हमला गर्नसक्छन्' भन्ने मनोविज्ञान प्रवाह गर्ने ढंगका कार्वाहीहरू माओवादी तर्फबाट भइरहेका छन् । यसलाई उनीहरूले 'रणनैतिक सन्तुलन'को वर्तमान अवस्थाबाट 'रणनैतिक प्रत्याक्रमण'मा फड्को मार्ने तयारी भन्दैछन् । तर सत्ताधारीलाई थकाउने माओवादीको सैन्य रणनीति उनीहरूको 'बार्गेनिङ पावर' बढाउने राजनैतिक उद्देश्यसँग गाँसिएको देखिन्छ । अर्थात् निरन्तर उत्पात मच्चाएर सत्ता

> माओवादीहरूले काठमाडौंमा कर्णेल किरण बस्नेतसहित पाँच जनाको हत्या र अन्य थुप्रैको हत्या प्रयास मात्र गरेनन्, श्रृंखलावद्ध विस्फोट पनि गराए । तर सरकारी प्रतिक्रिया भने राजधानीमा भन्दा बढ्ता रोल्पामा देखियो ।



*शाही सेना काठमाण्डौको सडकमा गस्ती गर्दै*

पक्षलाई संविधान सभासम्वन्धी आफ्नो माग मान्न बाध्य पार्नु ।

विगतमा सशस्त्र प्रहरी प्रमुख कृष्णमोहन श्रेष्ठको हत्याले सत्ता पक्षमा ठूलै राजनीतिक दवाव दिएको अनुभवले माओवादीलाई त्यस्तै घट्ना दोहोऱ्याउन प्रोत्साहन मिलेको देखिन्छ । कर्णेल किरण बस्नेतको हत्या त्यसकै परिणाम हो । तर जनसमर्थन बिनाको शहरी गुरिल्ला कार्वाही लामो समयसम्म टिक्न गाह्रो हुने उदाहरण आईजीपी श्रेष्ठकै हत्यामा संलग्न कृष्णहरि सैजुंको गिरफ्तारीलाई पनि मान्न सकिन्छ । उनी हत्या गर्नासाथ समातिए, युद्धविरामको खुकुलो परिवेशमा छुटे, तैपनि युद्ध शुरू हुनासाथ भूमिगत अवस्थामै फेरि पक्राउ परे । यहाँ रोल्पा-रूकुममा जस्तो आधारक्षेत्र नभएको हुँदा माओवादीलाई लुक्ने र लुकेर कार्वाही गर्ने, दुवै कार्यमा निकै कठिनाई भइरहेको आभाष मिल्छ ।

अर्कोतर्फ, माओवादी हमलामा परेकामध्ये कर्णेल बस्नेत त मारिए, तर कर्णेल रमिन्द्र क्षेत्री र भूपू गृहराज्यमन्त्री देवेन्द्र कँडेलले प्रतिकार गर्नासाथ छापामारहरू असफल भए । माओवादीमा दक्ष 'शूटर' हरूको अभाव यसले दर्शाउँछ । ती घट्ना भएलगत्तै सेना-प्रहरीका थुप्रै अधिकृतहरू ब्यारेक र कार्यालयमै सुरक्षित ढंगले बस्न थाले भने 'भीआईपी' हरूको सुरक्षा बन्दोबस्त पनि कडा पारियो । परिणामः त पहिलेजस्तो सुरक्षा अधिकारीहरूको हत्या प्रयास गर्न माओवादीलाई गाह्रो भयो र उनीहरू सरकारी कार्यालयहरूमा बम बिस्फोट गर्नेतर्फ लागे । तर त्यसमा पनि कडाइ गरिएपछि केही समय उनीहरूको गतिविधिमा सुस्तता छायो ।

## फैलियो शत्रुको घेरा

यति हुँदाहुँदै पनि माओवादीहरू चौतर्फी कार्वाहीबाट सिर्जना गरेको आतंकलाई राजनीतिकरण गर्दै असोज १, २ र ३ गते अभूतपूर्व ढंगले 'नेपाल बन्द' गर्न सफल भएका छन् । सत्ताधारी जमातलाई आतंकित पार्ने र राज्य संयन्त्रलाई अस्तव्यस्त बनाउने माओवादी योजना एक हदसम्म प्रभावकारी देखिएको छ । तर उनीहरूको गतिविधिले राज्यलाई मात्र असर पारेको छैन, सर्वसाधारण जनतासमेत हैरान हुन थालेका छन् ।

एक राजनीतिक विश्लेषकका भनाइमा, माओवादीले २०५८ सालमा पहिलो युद्धविराम भंग गरेपछि भौतिक पूर्वाधार ध्वस्त बनाएर जसरी अलोकप्रिय भएका थिए, अहिले जथाभावी हमला र बेलगाम व्यक्तिहत्या गरेर त्यस्तै भूल गरिरहेका छन् । संकटका बेला शत्रुको घेरा सकेसम्म साँघुरो पार्नुपर्ने सामान्य सैनिक नियमविपरीत उनीहरूले चौतर्फी कार्वाही गरेर आफ्ना विरोधीहरूको संख्या झन बढाउँदै लगेका छन् ।

माओवादीले गरिरहेको सांकेतिक प्रहारका क्रममा पनि थुप्रै निर्दोषहरूको ज्यान गएको छ । काठमाडौं महानगरपालिकाको बालुवाटारस्थित चार नम्बर वडा कार्यालयको शौचालयमा बम विस्फोट गराउँदा १२ वर्षीय विद्यार्थी दीपक गुरूङ मारिनु यस्तै घट्ना हो । त्यसलाई माओवादीले 'आकस्मिक क्षति' भन्दै माफी मागेका छन् । यसबाहेक हमलाका अधिकांश घट्ना चाहिं पार्टीको योजनामुताविक नै भइरहेको बताइएको छ । सिन्धुपाल्चोकका पत्रकार ज्ञानेन्द्र खड्कादेखि रामेछापकी महिला स्वास्थ्य कार्यकर्त्ता रेलीमाया तामाङसम्मलाई सुराकीको आरोपमा हत्या गरिएको छ । र, यसलाई माओवादी नेतृत्वले पनि सही ठहऱ्याएको छ ।

"कतिपय पत्रकार, स्वास्थ्यकर्मी आदि गरिमामय पेशाको कभरभित्र रहेर जघन्य आपराधिक क्रियाकलापमा संलग्न हुनेहरूलाई युद्धको क्रममा हदैसम्मको



# हतियारको होड

रोल्पाको भबाङ इलाकामा माओवादीसँग भिडेका सिपाहीसँग फिल्डमै लिइएको एउटा अन्तर्वार्ता नेपाल टेलिभिजन र च्यानल नेपालले असोज दुई गते प्रशारण गरेका थिए । त्यसमा स्थानीय सैनिक टुकडीको कमाण्डरले आफूले बोकेको बन्दूक देखाउँदै भनेका थिए, "यो एम-१६ राइफल आएपछि हाम्रो मनोवल एकदम बढेको छ ।"

मुलुकमा बढेको हतियारको होडको नमूना मान्न सकिन्छ अहिले प्रयोग भइरहेको अमेरिकाको कोल्ट कम्पनीद्वारा निर्मित अत्याधुनिक एम-१६ राइफललाई । दक्षिण एशियाका अन्य मुलुकका सेनाको हातमा नभएको यो राइफल शाही सेनासँग भने करिव साढे आठ हजारको संख्यामा रहेको छ । सेनाले माओवादीविरुद्ध कार्वाही थालेपछि गतसाल अमेरिकाले ५ हजार थान एम-१६ दिएको थियो भने अरु ५ हजार आउने क्रममा छ । यसअघि ०५४ सालमा पनि ३७ लाख अमेरिकी डलरमा ३ हजार थान एम-१६ राइफल किनिएको थियो ।

शाही सेनाले झण्डै ३५ वर्ष पुराना एसएलआर (सेल्फ लोडिङ राइफल) लाई विस्थापित गरेर एम-१६ वा यस्तै कुनै अत्याधुनिक बन्दूकलाई 'पर्सनल विपन' बनाउन निकै अघिदेखि प्रयास गर्दैथ्यो । माओवादीसँगको युद्ध यसका निम्ति अनुकूल अवसर बनिदियो । अहिले सामान्यतया सेना र सशस्त्र प्रहरीले एसएलआर तथा नेपाल प्रहरीले थ्रीनटथ्री राइफललाई 'पर्सनल विपन' का रुपमा प्रयोग गर्छन् । माओवादी छापामारहरुले पनि यिनै हतियार चलाउँछन् । र, यसमा लाग्ने ७.६२ मिलिमिटर क्यालिबर (व्यास) को गोली दक्षिण एसियाको भूमिगत वजारमा सहजै पाइन्छ ।

तर सेनाले एम-१६ लाई नै 'पर्सनल विपन' बनाउँदा दुइटा फाइदा हुन्छ । यो बन्दूक आफैमा आधुनिक त छँदैछ, यसमा लाग्ने ५.५६ एमएम क्यालिबरको गोली पनि यस क्षेत्रमा उपलव्ध छैन । जसका कारण माओवादीले लुटिहाले पनि तत्काललाई यो बन्दूक काम नलाग्ने रक्षा स्रोतको भनाइ छ । तर सेनाले युद्धमा प्रयोग गरेलगत्तै एम-१६ र यसमा लाग्ने गोली आफूले हात पारेको माओवादी पक्षले दावी गरेको छ । माओवादीका अनुसार, उनीहरुले कपिलवस्तुको कृष्णनगरस्थित छोटी भन्सारमा रहेको शाही सेनामाथि भाद्र १४ गते 'कमाण्डो आक्रमण' गर्दा एउटा र चितवनबाट अर्को एम-१६ कब्जा गरेको छ । त्यसपछि भदौ २१ गते रोल्पाको कोर्चाबाङमा भएको भिडन्तका क्रममा शाही सेनाका लागि हेलिकप्टरवाट ग्र ालिएको एम-१६ को गोली आफूले पाएको माओवादीको दावी छ । तर यसको रक्षा मन्त्रालयले पुष्टि गरेको छैन ।

शाही सेनाले एम-१६ बाहेक बेल्जियमबाट ५५०० थान मिनिमी राइफल किनेको छ भने पछिल्लो पटक भारतबाट पनि इन्सास राइफल पनि ल्याएको छ । सेनाको तुलनामा माओवादीका हतियार कमसल प्रकृतिका छन् । उनीहरुसँग भएको मुख्य हतियार भनेको प्रहरीबाट लुटेको थ्रीनटथ्री र सेनाबाट थुतेको एसएलआर हो । यसबाहेक सीमित संख्यामा एलएमजी, एसएमजी, जीपीएमजी, रकेट लन्चर, मोर्टार जस्ता ठूला हतियार पनि छन् ।

माओवादी प्राविधिकहरु विस्फोटक र बमको प्रयोगमा चाहिं निकै दक्ष देखिएका छन् । उनीहरुले शहरी क्षेत्रमा पेजरजडित बम र प्रेसर कुकर बमको भरपूर प्रयोग गरेका छन् । यसबाहेक ग्रिनेडको नेपाली संस्करणका रुपमा फलामे पाइपको सकेटमा विस्फोटक राखेर बनाउने गरेको बमलाई उनीहरुको आफ्नै उत्पादन मान्न सकिन्छ । ❑



## दोरम्बाको वास्तविकता सम्बन्धमा मानवअधिकार आयोगको बहुचर्चित रिपोर्ट

माओवादी अध्यक्ष प्रचण्डले गत भदौ १० गते जारी गरेको वक्तव्यमा वार्ता भंग हुनुमा दुइटा कारण औल्यकाइएका थिए । उनकै शब्दमा, "तेस्रो चरणको वार्तामा प्रस्तुत पुरानो सत्ता पक्षको अवधारणापत्रले राजनैतिक र दोरम्बामा शाही सेनाले गरेको १९ जनाको नरसंहारले फौजी रुपमा वार्ता भंग गर्‍यो ।" दोरम्बामा चाहिं के भएको थियो त ?

राष्ट्रिय मानवअधिकार आयोगले दोरम्बा घट्नाको छानवीन गर्न सर्वोच्च अदालतका भूतपूर्व न्यायाधीश कृष्णजंग रायमाझीको संयोजकत्वमा गठन गरेको पाँच सदस्यीय अनुसन्धान समितिले स्थलगत निरीक्षणपश्चात भदौ १९ गते बुझाएको प्रतिवेदनको निस्कर्षमा भनिएको छ–

### घटनास्थलहरूको अनुसन्धानबाट प्राप्त तथ्यहरू

१. गाउँमा माओवादीहरु आएका छन् र युवराज मोक्तानको घरमा बैठक र माओवादी कार्यकर्ता रामकुमार र संगिताको विवाह हुँदैछ भन्ने हल्ला गाउँमा पहिलादेखि नै चलेको पाइयो ।
२. मन्थलीबाट गाल्पाको बाटो हुँदै विहान सबेरै सेना दोरम्बातिर लागेको र सिभिल ड्रेसमा हतियार लुकाई दोरम्बासम्म आइपुगेको पाइयो ।
३. नेकपा (माओवादी) को बैठक युवराज मोक्तानको घरमा बसेको र त्यहाँ आफूभित्रका मनमुटाव मिलाउने र संभवतः 'विवाह' को कार्यक्रम पनि रहेको बुझिन आएको र यो एक माओवादी राजनैतिक कार्यकर्ताहरुको बैठक भएको पाइयो ।
४. घरभित्र भएका १९ जना सबै गिरफ्तारीमा परी पछिल्तिर हातबाँधी करिब ३ घण्टाको उकालो ओरालो बाटो हिंडाइएपछि गोरेटोमै लाइनमा लगाएर सबैलाई नजिकैबाट प्रायः टाउकोमा गोली हानी हत्या गरिएको पाइयो ।
५. मृतकहरुको झोला, घडी र अन्य सामग्री झिकी लाशहरु भिरालो पाखोबाट खसाई एक माथि अर्को गरी धेरैजसो लाशहरु थुप्रोमा भएको विश्वासनीय सूचना पाइयो । नीजहरुका झोला, डायरी, कागजातहरु र अन्य वस्तु करिब १५० मिटर जति पर लगी जलाइदिएको देखियो ।
६. सेनाको नेतृत्वमा भएको सुरक्षा फौजको टोलीको नेतृत्व एक मेजरसहित एक वा एकभन्दा बढी क्याप्टेनले गरेको हुन सक्ने बुझियो ।

### समितिको निष्कर्ष

दोरम्बा घटनाको अनुसन्धानको क्रममा स्थानीय बासिन्दाको बयान र अनुसन्धान समितिले संकलन गरेको भौतिक प्रमाणको अधारमा १८ माओवादी कार्यकर्ता र दुई गैर माओवादीको हत्या गरिएको र एकको स्थिति अज्ञात रहेको पाइयो । (अनुसूचि १४) मर्नेहरु राजनैतिक भेलामा बसेको बेला समातिएको पाइयो । आफ्नो कब्जामा रहेका नीजहरुलाई हात बाँधेकै अवस्थामा नजिकबाट गोली चलाइएको र सोही कारण मृत्यु भएको निश्कर्षमा समिति पुगेको छ । स्थानीय प्रत्यक्षदर्शीहरुको बयान र लाशहरुको शवोत्खननमा देखिएका लक्षणहरु मेल खाएको पाइयो । साथै उक्त बयानहरुलाई मृतकहरुको लाश गाडिनुअघिको शारीरिक अवस्थाको तस्वीर तथा शवोत्खननको क्रममा खिचिएको तस्वीर र भिडियोले पनि पुष्टि गरेको पाइयो ।

छानवीन समितिको स्थलगत अनुसन्धानअनुसार एकजना 'विवेक' भनिने टेकबहादुर थापामागर युवराज मोक्तानको घर छेउमा २०६०/४/३२ मा करिब १०:३० बजे सेनाको गोली लागि मृत्यु भएको र डाँडाकटेरी भन्ने ठाउँमा सोही दिनको २:३० बजेतिर १९ जनाको मृत्यु भएको पाइयो । मारिएका जम्मा २० व्यक्तिबाहेक एकजना 'उषा' भन्ने महिलाको स्थिति अज्ञात रहेको पाइयो । डाँडाकटेरीमा मारिएका मृतकहरु राजनैतिक बैठकको सन्दर्भमा पक्राउ परेको र दुई हात पछाडि बाँधी हिंडाएर लाँदै गर्दा गोरेटोमा लाइन लगाइ मारिएको पाइयो । माथि वर्णन गरिएबाहेक अन्य तरिकाबाट गोली चलेकोबारे समितिको जानकारीमा आएन । त्यस वारदातमा सुरक्षा फौजको तर्फ कसैको मृत्यु नभएको बुझियो ।

उपरोक्त निश्कर्षबाट हात पछाडि बाँधिएका १९ जना कब्जामा लिइएका व्यक्तिहरुलाई नजिकबाट बन्दूकले गोली प्रहार गरी मारिएको कुरा अन्तर्राष्ट्रिय मानवीय कानून र खासगरी आन्तरिक प्रकृतिको सशस्त्र विवादको समयमा गिरफ्तार गरी पूर्ण रुपमा कब्जामा लिइएका बन्दीहरुलाई संरक्षण गर्नु पर्दछ भन्ने सिद्धान्त रहेको जेनेभा कन्भेन्सनको साझा धारा ३ को विपरीत भएको पाइयो । राष्ट्रिय सन्दर्भमा उक्त कार्य नेपाल अधिराज्यको संविधान, सैनिक ऐन, प्रहरी ऐन र सशस्त्र प्रहरी ऐनको प्रतिकूल हुन गएको अनुसन्धान समितिको ठहर रहेको छ । ❑

सजाय दिनुपर्ने हुन्छ, तर त्यस्तो दण्डलाई सम्बन्धित पेशाविरूद्धको कार्वाही भनेर बुझ्नु र उत्तेजनामा आउनु उचित हुँदैन", डा. बाबुराम भट्टराईको भनाइ छ । उनले एउटा अंग्रेजी उक्ति उद्धृत गर्दै "भीषण रक्तस्नानबाट नगुज्री कुनै पनि युगान्तकारी परिवर्तन सम्भव हुँदैन" पनि भनेका छन् । जनमतको बेवास्ता गरी फौजी लेखाजोखाका आधारमा राजनीतिक रणनीति तय गर्नु माओवादीको पुरानै शैली हो । तर जनसमर्थन गुमाउने अलोकप्रिय कदम चाल्दै गएमा भविष्यमा माओवादी शक्ति स्वतः क्षय हुँदै जाने निश्चित छ । त्यसको नकारात्मक लाभ सोझै सरकारी सेनालाई मिल्नेछ, जसले हिजो गरेको कारवाही जनसमर्थनकै अभावमा प्रभावकारी बन्न सकेको थिएन ।

### बढ्दो सैनिकीकरण

माओवादीले २०५८ मंसीरमा पहिलो युद्धविराम भंग गर्दा सोझै सैनिक व्यारेकमै हमला गरेर शाही सेनालाई लडाइँमा तानेका थिए । त्यसयता ०५९ माघमा दोस्रो युद्धविराम नहुँदासम्म माओवादीले कम्तीमा १८ पटक उच्चस्तरको सैन्य हमला गरे । तीमध्ये तीनवटा– संखुवासभाको चैनपुर (०५९ बैशाख २४), रूकुमको खारा (०५९ जेठ १०) र ओखलढुंगाको रूम्जाटार (०५९ कात्तिक १०) मा रहेका सेना एवम् प्रहरीका अखडामाथि भएको आक्रमण मात्र असफल रह्यो । उसवेला माओवादीविरूद्ध चलाइएको १५ महिना लामो कार्वाही प्रभावकारी नभएको कुरा सैनिक अधिकारीहरू पनि अनौपचारिक रूपमा स्वीकार्छन् ।

सेनाको कार्वाही किन प्रभावकारी भएन त ? सेनाको कूल संख्या, विशेष तालिमप्राप्त स्पेशल फोर्स, हेलिकप्टर र अत्याधुनिक हतियारहरू चाहिएजति नहुनुलाई त्यसको कारण मान्छन् विज्ञहरू । तर यसवीच सेनाले आफ्नो क्षमता अभिवृद्धि गर्न र कमजोरीहरू हटाउन निकै तत्परता देखायो । सात महिना लामो शान्तिकाललाई पनि यसका निम्ति उपयुक्त अवसरका रूपमा उपयोग गरियो ।

शाही सेनाले यसबीच आफ्नो नफ्री अर्थात् कूल संख्या निकै बढाएको छ । हाल यो संख्या ७० हजार जति पुगिसकेको छ । यसबाहेक सशस्त्र प्रहरीमा रहेका करिब १५ हजार अर्धसैन्य बल र नेपाल प्रहरीमा रहेका करिब ४२ हजार प्रहरी पनि सेनाको सहायक शक्तिका रूपमा रहेका छन् । अर्थात् देशको कूल सुरक्षा फौजको संख्या १ लाख २७ हजार जति रहेको छ । तर यसमध्ये चानचुन ५० हजार मात्र युद्धमा जानसक्छन् । बाँकी जनशक्ति व्यारेक, सम्वेदनशील इलाका र भीआईपीहरूको सुरक्षाका अतिरिक्त प्रशासनिक कार्यमा संलग्न रहन्छ ।

सुरक्षा फौजको तुलनामा माओवादी लडाकुहरू जति छन्, प्रायः सबै 'फाइटिङ फोर्स' नै हुन् । माओवादीले युद्धविराम अवधिमा आफ्नो सैन्य क्षमता निकै बढाए, तीव्र गतिमा सैन्य भर्ना गरे । युद्धविरामपूर्व माओवादी 'जनसेना' को एउटा मात्र ब्रिगेड (बाहिनी) थियो भने हाल यसको संख्या बढाएर छ पुर्‍याइएको र पश्चिम क्षेत्रमा डिभिजन (पृतना) स्तरको संरचना पनि तयार भइसकेको सम्बन्धित स्रोत उल्लेख गर्छ । साप्ताहिक पत्रिका *टाइम* ले १५ सेप्टेम्बर २००३ को अंकमा आफ्नो 'अनुसन्धान' का आधारमा दिएको विवरणअनुसार, माओवादीसँग ५ सय जना उच्च तालिमप्राप्त कमाण्डोहरू, ८ हजार सैनिक र २० देखि ४० हजार मिलिसियाहरू रहेका छन् ।

सात वर्षसम्म ग्रामीण गुरिल्ला युद्ध लडेर आएका माओवादीहरूले अब शहरी युद्ध र मोर्चाबन्दी युद्ध पनि थालेका छन् । यता शाही सेनाले चाहिं गुरिल्ला युद्धमा पोख्त माओवादीसँग लड्न 'फाइट द गुरिल्ला, लाइक अ गुरिल्ला' को रणकौशल अपनाउन खोजेको छ । सेनालाई दिइने आधारभूत तालिम मूलतः परम्परागत युद्धकला (कन्भेन्सनल वारफेयर) मा आधारित हुने हुँदा उसलाई यसमा कठिनाई हुँदै आएको थियो । त्यसैले पछिल्लो अवधिमा सेनाले अपरम्परागत युद्धकला (अनकन्भेन्सनल वारफेयर) र विशिष्ट तालिमप्राप्त 'स्पेशल फोर्स' को निर्माणमा जोड दिएको छ ।

अमेरिकी साप्ताहिक *टाइम* ले उल्लेख गरेअनुसार, अमेरिकाको स्पेशल फोर्सका प्रशिक्षकहरूले शाही सेनाको २० वटा बटालियनलाई १२ साता लामो प्रतिविद्रोहको तालिम दिइरहेका छन् । एउटा बटालियनमा सात सयदेखि आठ सयसम्म सैनिक रहने हुँदा सेनाको झण्डै एक चौथाई जनशक्तिले यो तालिम पाउने देखिन्छ । भारतीय सेनाका प्रशिक्षकहरूले पनि यस्तै प्रकृतिका तालीम दिएका छन् । यसबाहेक युद्धविरामकै अवधिमा गतसाल फागुनमा ललितपुरको लेलेमा महावीर रेन्जर बटालियन नामको स्पेशल फोर्स स्थापना गरिएको छ । समाचार स्रोतका अनुसार, अमेरिकी सैन्य विशेषज्ञहरूको सल्लाहमा, अमेरिकामै प्रशिक्षित अधिकृतहरूले तालिम दिइरहेको यो फोर्स अमेरिकाले दोस्रो विश्वयुद्धताका गठन गरेको 'ट्वेन्थी नाइन्थ रेन्जर्स बटालियन' कै नेपाली

संस्करण हो । यसको पहिलो समूह उत्पादन भएर आफ्नो कार्यक्षेत्रमा लागिसकेको छ भने हाल दोस्रो समूह निस्कन लागेको छ ।

शाही सेनासँग महावीर रेञ्जरबाहेक भैरवनाथ गण र त्यसअन्तर्गत 'घ' र 'ङ' गुल्म जस्ता अन्य प्रकृतिका स्पेशल फोर्स पनि पहिलेदेखि रहेको छ । यस्ता फोर्सलाई आकाश र जमीन दुवै ठाउँबाट उत्तिकै लड्नसक्ने कमाण्डो र गुरिल्ला युद्धकौशल सिकाइएको हुन्छ । अनि गलिल, मिनिमी र एम-१६ जस्ता अत्याधुनिक हातहतियारले सुसज्जित पारिएको हुन्छ ।

माओवादीका निम्ति राती पनि उड्ने नाइटभिजन र आकाशबाटै गोली हान्ने जीपीएमजी जडित सेनाका हेलिकप्टरहरू ठूलो दुश्मन भएका छन् । सेनासँग चार वटा एमआई-१७ सहित जम्मा १४ वटा हेलिकप्टरहरू चालू अवस्थामा छन् । यसबाहेक एक-एक वटा स्काईभ्यान, स्काई ट्रक र एभ्रो विमान पनि सेनासँग छ ।

शाही सेनाले चीनबाट नयाँ वायरलेस प्रणाली र बेलायतबाट एन्टी-माइन डिभाइस तथा सैन्य जासूसी उपकरण प्राप्त गरेको समाचार स्रोत उल्लेख गर्छ । स्रोतका अनुसार, सेनाले हाल अत्यन्त उचाईबाट जमीनको मानवीय गतिविधिको निगरानी र छायाकंन गर्नसक्ने उपकरण पनि भित्र्याइएको छ र मुख्यतः राप्तीको पहाडमा यसको सफल प्रयोग भइरहेको छ ।

## वार्ताउन्मुख रणनीति

माओवादीको वर्तमान रणनीति एकत्रित हमला नगरीकन देशव्यापी रूपमा छिटपुट कार्वाही गर्ने, अनि सत्ता पक्षलाई दवाव दिएर संविधान सभासम्बन्धी आफ्नो माग मान्न बाध्य पार्ने रहेको देखिन्छ । तर यसका लागि उनीहरूले आफ्नो मागमा पुनर्विचार गर्ने सम्भावना बढेको छ, ताकि भोलि फेरि शान्तिवार्तामा लेनदेन हुँदा अरू कुरा छाड्नु परे पनि संविधान सभाको एजेण्डाचाहिँ पूरा गर्न सकियोस् ।

माओवादीहरूले २०५८ र ०५९ सालमा दुईपटक वार्ता गर्न आउँदा दुवैपटक 'संविधान सभामार्फत् नयाँ संविधानको निर्माण' लाई आफ्नो मुख्य माग बनाएका थिए । पहिलोचोटि प्रष्ट विकल्प नदिए पनि यसपटकको वार्तामा सत्ता पक्षले संविधान संशोधन वा पुनर्लेखनको प्रस्ताव अगाडि सार्‍यो । तर माओवादीलाई यो प्रस्ताव स्वीकार्य भएन । उनीहरूले संविधान सभा नै चाहिन्छ भन्ने अड्डी लिए । फलतः वार्ता तीन चरणमै टुट्यो ।

सरकारी वार्ता टोलीका संयोजक डा.प्रकाशचन्द्र लोहनीले भनेका छन्, "मेरो अडानबाट एक इन्च पनि हट्दिन भनेर वार्ता हुँदैन । केही लिनेदिने कुराकै बीचबाट समस्याको समाधान खोज्न सकिन्छ भनेर वार्तामा बस्ने हो ।" वास्तवमा माओवादीले आफ्नो लक्ष्य र माग एउटै कुरालाई (अर्थात् संविधान सभालाई) बनाएका थिए । त्यसो गरेर गल्ती गरिएछ भन्ने सोच अहिले माओवादी नेतृत्वमा आउन थालेको जानकार स्रोत उल्लेख गर्छ । त्यसैले फेरि वार्ताको टेबलमा आउँदा माओवादीले 'संविधान सभाभन्दा ठूलो माग' राख्ने सम्भावना छ ।

माओवादीले आफ्नो मागबाट झिकेको गणतन्त्रको एजेन्डा फेरि उठाउन थालेका छन् । माओवादी वार्ता टोलीको संयोजक रहेका डा. बाबुराम भट्टराईले गत भदौ ३१ गते एक अन्तर्वार्तामा भनेका छन्, "....राजतन्त्र र उसको भरौटे शाही सेनालाई पूर्ण रूपले ध्वस्त पारेर स्वाधीन, समुन्नत र गणतन्त्रात्मक नेपालको स्थापना गर्न एकीकृत र सशक्त संघर्षको आँधीबेहरी सिर्जना गर्नु अनिवार्य भएको छ ।"

माओवादीकै शब्दमा, "रणनैतिक सन्तुलनको स्थिति लामो समयसम्म कायम रहिरहन सक्दैन र युद्धले प्रत्याक्रमणको दिशामा संक्रमण गर्नु अनिवार्य हुन्छ ।" तर माओवादीहरू प्रत्याक्रमण गरेर केन्द्रिय सत्ता हत्याउने स्थितिमा नरहेकै कारण हिजो वार्तामा आएका थिए । आज पनि त्यो शक्ति सन्तुलनमा आधारभूत परिवर्तन आइसकेको छैन । त्यसैले माओवादीको तात्कालिक उद्देश्य सत्ता पक्षलाई प्रत्याक्रमणमा जान नदिन 'हिट एण्ड रन' का चौतर्फी घटनामा अल्झाइरहनु र अनुकूल अवसर सिर्जना गरेर फेरि वार्तामै फर्कनु रहेको देखिन्छ ।

| | माओवादी फौज | सरकारी फौज |
|---|---|---|
| ❑ हालको फौजी कारवाहीको उद्देश्य | राज्य संयन्त्रलाई अस्तव्यस्त पारेर आफ्नो राजनीतिक 'बार्गेनिङ' क्षमता बढाउने । | माओवादीलाई सकेसम्म सखाप पार्ने, त्यो नभए शक्ति क्षय गरेर उनीहरुको 'बार्गेनिङ' क्षमता घटाउने । |
| ❑ फौजी कारवाहीको स्वरूप | गाउँ-शहर दुवैतिर विकेन्द्रित तर संयोजित गुरिल्ला कारवाही, व्यक्तिहत्या | माओवादी गढहरुमा केन्द्रिकृत फौजी कारवाही, जसअन्तर्गत 'सर्च एण्ड डिस्ट्रोय', 'स्वीप अपेरशन', 'एसासिनेसन' आदि। |
| ❑ कूल संख्या | ५ सय कमाण्डो, ८ हजार सैनिक, २०-४० हजार मिलिसिया *(स्रोत : टाइम)* २ वटा डिभिजन ७ वटा ब्रिगेड १९ वटा बटालियन १ लाख जनमिलिसिया *स्रोत : प्रचण्डको हालै प्रकाशित अन्तर्वार्ता* | करिव ७० हजार शाही सेना, ४२ हजार नेपाल प्रहरी, १५ हजार सशस्त्र प्रहरी । |

प्रधानमन्त्री सूर्यबहादुर थापा र माओवादी अध्यक्ष प्रचण्ड दुवैले वार्ताको विकल्प बाँकी नै रहेको बताएर सकारात्मक सम्भावनाको ढोका पुरै बन्द गरिहालेका पनि छैनन् । तर हाल जारी भीडन्त जटिल बन्दै गएमा चाहिं दुवै पक्षले नचाहँदा नचाहँदै पनि मुलुक अन्तहीन गृहयुद्धमा प्रवेश गर्नसक्ने खतरा भने बाँकी नै छ ।

हाल दुवै पक्षले अन्तर्राष्ट्रिय समर्थन र शक्ति राष्ट्रहरूको शक्ति सन्तुलनलाई आधार बनाएर आ-आफ्नो रणनीति तय गरिरहेका छन् । माओवादीहरू आफ्नो युद्धलाई सम्भावित विदेशी हस्तक्षेपबाट जोगाउन विदेशी समर्थनलाई नै कुटनीतिक अस्त्रका रूपमा उपयोग गर्न खोज्दैछन् । अर्थात् चीन र मुख्यतः भारतले नेपालमा अमेरिकी-बेलायतको सैन्य प्रभुत्व बढ्न दिंदैन भन्ने सोचका साथ उनीहरू अगाडि बढिरहेका छन् । इराक जितिसकेपछि भोग्नुपरेको अनपेक्षित प्रतिकूलता र प्रतिरोधको अनुभवले गर्दा अमेरिका आफै पनि हस्तक्षेपका निम्ति अग्रसर भइहाल्दैन कि भन्ने झिनो आशा पनि माओवादीमा हुनसक्छ ।

उता अमेरिकाले चाहिं माओवादीविरूद्धको अभियानमा भारतलाई सँगसँगै लैजान चाहिरहेको देखिन्छ । यसबीच भारतीय प्रशासनले मद्रासमा माओवादी नेता सी.पी. गजुरेललाई पक्राउ गरेर आफ्नो कडा सबैया देखाइसकेको छ भने यता काठमाण्डौमा भारतीय राजदूत अमेरिका र बेलायतका 'महामहिम'हरूसँगै माओवादीलाई राजनीतिक रूपमा एक्ल्याउने अभियानमा लागेका छन् । संसदीय पार्टीहरूको दरवारविरोधी आन्दोलन तुहाउनका लागि भइरहेको विदेशी राजदूतहरूको सक्रियता यथार्थमा माओवादीविरूद्ध 'बृहद राष्ट्रिय गठजोड' कायम गराउने कोशिस नै हो । पार्टीभित्र र बाहिर तीव्र गतिमा भइरहेका राष्ट्रिय-अन्तर्राष्ट्रिय शक्ति समिकरणले कुन रूप लिन्छ, अब त्यसले माओवादी विद्रोहको भविष्य निर्धारणमा महत्वपूर्ण भूमिका खेल्ने देखिन्छ । ❑


**विजया दशमी २०६०** को उपलक्ष्यमा
समस्त महानगरपालिकाबासीहरू तथा
देश-विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा
**हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

**मेरो पौरख, मेरो गौरव, मेरो काठमाण्डौ**

**काठमाण्डौ महानगरपालिका**
परिवार

# राजनीतिक निकासका लागि कूटनीतिक सक्रियताका सीमाहरु

– हरि रोका



नेपालका लागि अमेरिकी राजदूत मालिनोस्की र बेलायती राजदूत केइथ ब्लुमफिल्ड

नेपालमा अमेरिकी, बेलायती र भारतीय राजदूतहरुले अहिले जे गरिरहेका छन्, त्यही कुरा नेपाली राजदूतले ती मुलुकमा गर्न थाल्ने हो भने के तिनीहरुले त्यसलाई सहन्छन् र बेरोकटोक गर्न दिन्छन् ?

'**निर्णायक आन्दोलन**'को शुरूवात हुन केही दिन बाँकी छँदै गिरिजाबाबुले 'सकारात्मक संकेत' प्राप्त गर्नुभएको सनसनीपूर्ण समाचार छापियो । माधवकुमार नेपालले अठार बुँदे मागमा राजासँग बसेर छलफल गरी थपघट गर्न सकिने तथा राजा औषधोपचारमा गएको बेला निर्णायक वा सशक्त आन्दोलन गर्न नहुने कुरा गर्नुभएको समाचार प्रकाशमा आयो । संभवतः केही 'सकारात्मक संकेतहरू' प्राप्त भएका कारणले निर्णायक भनिएको आन्दोलन एकाएक सांकेतिक बन्नपुग्यो ।

सकारात्मक संकेत के थियो ? कसले पठाएको थियो ? कोबाट कोद्वारा पाइएको थियो ? सूत्र कति भरपर्दो थियो ? यी सबैको जवाफ संकेतवाहक, संकेत पठाउने र प्राप्त गर्नेबाहेक अरूलाई थाहा हुनसकेन । उडन्ते हल्लाहरू भने थुप्रै फैलिए । बेलायती परराष्ट्रमन्त्री ज्याक स्ट्रले राजासँग भेटेका बखत भनेको कुरा, अमेरिकी तथा भारतीय राजदूतले कोइराला तथा नेपाललाई भेटेका कुरा आदिले संकेतका स्रोतहरू तिनै हुन् कि भन्ने अनुमान लगाइएको थियो । सांकेतिक आन्दोलन समाप्त भएपछि एकाएक राजदूतहरूको सक्रियता बढ्यो । तिनीहरूले ठूला दलका ठूला नेताहरूलाई भेटे । तिनीहरू आफैंले आग्रह गरेर भेटे वा नेताहरूले भेटवार्ता गर्न आफ्नो निवासमा बोलाए ? यो खुलस्त हुन सकेको छैन । अमेरिकी राजदूत धेरै अगाडिदेखि निक्कै सकृय छन्, त्यसपछि

भारतीय र बेलायती राजदूतहरू । नेपालको वर्तमान राजनीतिमा यो गर्नुपर्छ, यो गर्नुहुन्न भन्ने अर्ति-उपदेशहरू तिनीहरूले दिन थालेको निकै भइसक्यो । तर यसपाली भने छिमेकी भइकन पनि नेपालको राजनीतिमा हम्मेसी चासो नराख्ने चिनियाँ तथा पाकिस्तानी राजदूतहरू पनि सक्रिय भए भन्ने खबर फैलियो । यसपटक पाँच पार्टीद्वारा विगतमा प्रस्तावित प्रधानमन्त्रीका उमेद्वार माधव नेपाल सबैभन्दा धेरै राजदूतहरूलाई भेट्ने व्यक्तिमा दह्रिएका छन् ।

राजदूतहरूले माधव नेपाललाई के भने तथा माधव नेपालले के जवाफ दिए ? प्रष्ट रूपमा वास्तविकता सार्वजनिक भएको छैन । सेप्टेम्बर महिनाको पहिलो हप्ता भारत भ्रमणमा आएकी अमेरिकी सहायक विदेशमन्त्री कृष्टिना रोकालाई उद्धृत गर्दै अमेरिकी राजदूत माइकल इ. मालिनोस्कीले राजा र संसदीय राजनैतिक दलहरू मिलेर माओवादीहरूलाई एक्ल्याउनुपर्ने विचार व्यक्त गरेको कुरा प्रकाशमा आएको थियो । हातहतियार तथा अन्य बन्दोबस्तीका सामान (लजिस्टिक) सहयोग उपलब्ध गराउँदै आएका भारत, अमेरिका तथा बेलायत यतिबेला एउटै विचार बोकेर मञ्चमा देखापरेका छन् । तर चिनियाँ तथा पाकिस्तानीहरू त्यो विचार तथा अभियानमा कति फरक मत राख्दछन् वा सहमत छन्, सार्वजनिक तवरमा खुलेको छैन ।

## विगतका कुरा

सातसालअघि नेपालको राजनीतिमा बेलायतीहरूको हैकम चल्थ्यो । रैथानेहरूले नेपालका तात्कालिन शासक राणाहरूलाई भान्जा भन्ने गर्दथे भने बेलायतीहरू तिनका मावली । बेलायतीहरूले भारत छाडेपछि राणाहरू असहाय देखिए । तिनलाई टेको पुऱ्याउन बाइस सय डलरको थैली लिएर अमेरिकीहरू सन् १९४९ मै देखापरेका थिए । तर बदलिएको परिस्थिति, चिनियाँ क्रान्ति, भारतीय स्वतन्त्रता संग्राम आदिका कारणले नेपालमा अमेरिकी प्रभाव कम, चिनियाँ र भारतीय क्रान्ति तथा स्वतन्त्रताले बढी प्रभाव पारेका थिए । दिल्लीमा भएको त्रिपक्षीय सम्झौतापछि भारतीयहरू नेपालको राजनीतिमा प्रभावशाली हुनपुगे । नागरिक शासनका लागि चाहिने मानवीय स्रोतको अभाव रहेको नेपालमा तत्कालीन भारतीय सरकारले नेपाललाई राजाका लागि सेक्रेटरी र सल्लाहकार पठाउने गरेको थियो । सरकारका लागि मात्र होइन, दलहरूका लागि पनि भाइचारा पार्टीहरूले सल्लाहकारहरू पठाउने गरेका थिए । सन् १९५६ पछि वातावरण विस्तारै बदलिंदै गयो । नेपाली मानवीय स्रोत विस्तारै बढ्दै गयो, दलहरू पनि आफैंमा सक्षम बन्दै गए । त्यस हिसाबले बाह्य सल्लाह र सुझाव पनि प्रत्यक्ष रूपमा कम हुँदै गयो । त्यहीबेला छिमेकी राष्ट्रहरूबीचको द्वन्द्व र विश्वव्यापी रूपमा चलेको शीतयुद्धको फाइदा उठाएर राजा महेन्द्रले सत्ताको बागडोर आफ्नो हातमा लिए । शीतयुद्धकालीन लामो अवधिभर राजा महेन्द्रको अनुशरण गर्दै राजा वीरेन्द्रले एकतन्त्री शासन चलाए । त्यस अवधिमा खासगरी अमेरिकी सल्लाहकारहरूको भूमिका नेपालको राजनीतिलाई नजिकबाट नियाल्नेहरूले प्रष्टसँग देख्न सक्दछन् । २०४६ सालको जनआन्दोलन शुरू भएको भोलिपल्ट, अर्थात् फागुन ८ गते अमेरिकी राजदूतावासले वक्तव्य प्रसारित गरेर आन्दोलन रोक्न आह्वान गरेको थियो । यसरी हेर्दा देशमा जब जब आन्दोलनले नयाँ फड्को मार्नुपर्ने हुन्छ, त्यसबेला उल्टो हिंड्ने आग्रहका साथ अमेरिकी कूटनीतिक नियोगले वक्तव्य प्रसारित गर्ने गर्छ ।

सन् १९९६ मा माओवादीहरूले कथित जनयुद्ध शुरू गरेपछि तत्कालीन कूटनीतिक नियोगहरूले त्यसबेलाका सरकारहरूलाई कस्तो सल्लाह दिए ? बाहिर आएन । जब दुनै काण्ड भयो र केन्द्रीय सत्ताका सहायक स्थानहरूमा नेकपा माओवादीको प्रभावको विस्तार शुरू भयो, त्यसपछि हल्ला गर्न थालियो । पहिलो पटक युद्धविरामको घोषणा भएपछि वार्ता चलिरहेकै बेला अमेरिकी तथा भारतीय कूटनीतिक नियोगहरूले माओवादीहरूलाई आतंककारीको संज्ञा दिन पुगे भने युद्धविराम भंग भएपछि मुलुकलाई तिनीहरू राजनीतिक निकासभन्दा सैनिक निकास दिन उद्यत देखिए । त्यही क्रममा संसद् भंग गरियो । संसद् भंग गर्नुभन्दा अघि शेरबहादुर देउवाले अमेरिकी राजदूतसँग सल्लाह लिएको कुरा त्यतिखेर पनि प्रकाशमा आएको थियो, जसलाई राजदूतावासले खण्डन गरेन । स्थानीय निकायहरू भंग गरिए । नागरिक शासनका सम्पूर्ण अवयवहरूलाई कमजोर पारियो । त्यतिबेला अमेरिकी दूतावास चुँ बोलेन । राजाको पक्षमा जनमतको अभाव हुँदाहुँदै पनि शेरबहादुरको सरकारलाई भंग गर्न जुन बल मिल्यो, त्यो बल शाही नेपाली सेनाको मात्र थिएन । यसमा बेलायती तथा अमेरिकी कूटनीतिज्ञहरूको पनि सक्रिय सद्भाव थियो ।


संरचनामा कुनै फेरबदल नगरे पनि शक्तिको बाँडफाँडमा माओवादीहरू आउँछन् भने तिनीहरूसँगै राजाले नेतृत्व गरेको सरकारले वार्ता गर्नु उपयुक्त हुन्छ भन्ने तिनीहरूका ठम्याइअनुसार राजनीतिक दलहरूलाई पल्लै भित्तामा पुऱ्याउने कसरत पनि नभएको होइन । गएको भाद्र १० गते माओवादीहरूले युद्धविराम तोडेपछि शक्ति सन्तुलनका हिसाबले राजनीतिक दलहरूको अपरिहार्यतालाई स्वीकार गर्दै कूटनीतिक नियोगहरू राजा र राजनीतिक दलहरूबीच मेलमिलाप हुनुपर्ने नारा लिएर अगाडि कुदिरहेका छन् र माओवादीहरूलाई एक्ल्याउनु पर्ने उपदेश दिंदै हिंडिरहेका छन् ।

## कूटनीतिक मर्यादाको कुरा

कुनै पनि देशको आन्तरिक राजनीतिमा अन्य मुलुकका देशहरूले वा नियोगहरूले प्रत्यक्ष हस्तक्षेप गर्दैनन् र गर्नुहुँदैन । नेपालमा अमेरिकी, बेलायती र भारतीय राजदूतहरूले अहिले जे गरिरहेका छन्, त्यही कुरा नेपाली राजदूतले ती मुलुकमा गर्न थाल्ने हो भने के तिनीहरूले त्यसलाई सहन्छन्

र बेरोकटोक गर्न दिन्छन् ? तर ठूला छिमेकी मुलुकहरूले, प्रत्यक्ष वा अप्रत्यक्ष असर पर्ने मुलुकहरूले सर्म्बान्धित देशमा कहीं न कहीं, कतै न कतै हात हालिरहेको, आवश्यक वा अनावश्यक टिप्पणी गरिरहेको र कुनै कुनै देशमा प्रत्यक्ष हस्तक्षेप गरेका पर्याप्त उदाहरणहरू पाइन्छन् । ल्याटिन अमेरिकी देशहरूमा साठीको दशकयतादेखि १९९० सम्म संयुक्त राज्य अमेरिकाले थुप्रै राजनीतिक हस्तक्षेप गरेका उदाहरणहरू छन् । हैटी, पानामा, कोलम्बिया, पेरू, बोलिभिया, ग्वाटेमाला र अन्य थुप्रै देशहरूमा अहिले पनि प्रत्यक्ष-अप्रत्यक्ष रूपले अमेरिकीहरू गाँस्सिएका उदाहरणहरू छन् । छिमेकी मुलुक भारत पनि बंगलादेशको निर्माणदेखि लिएर श्रीलंकाको गृहयुद्धमा मुछिएको इतिहास छ । सिधा सैनिक हस्तक्षेपको इतिहास विगत तीन दशकदेखि कम हुँदै आए पनि अफगानिस्तान, इराक तथा पूर्व युगोस्लाभियाका उदाहरणहरूले सैनिक हस्तक्षेपलाई दोहोऱ्याएका छन् । नेपाल विगत लामो समयदेखि एउटा स्वतन्त्र राष्ट्रको हैसियतले क्रियाशील भए पनि यसको राजनीतिक क्षेत्रमा बाह्य प्रभावको कुरा नसुनिएको होइन । तेस्रो विश्वका मुलुकहरू आर्थिक रूपमा बढ्तै परनिर्भर हुने प्रवृत्तिले राजनीतिक, सामाजिक र सांस्कृतिक रूपमा पनि डोरिने प्रक्रियाहरू लगभग तिनको स्वतन्त्रता आन्दोलनपश्चात् विकास भयो । आन्तरिक रूपमा राज्यसत्तालाई आम नागरिकको, क्षेत्रको, जनजातिको तथा जातिको विस्तारका लागि विकास गर्न नसक्दा जन्मिएका असन्तुष्टिहरूले विद्रोहको जन्म गराइदियो । वास्तविक लोकतान्त्रिक परिपाटीको विकास गर्नुको सट्टा एकतन्त्रीय शासन व्यवस्था चलाउने वा सीमित उच्चवर्गीय जमातले राज्यसत्तामाथि सम्पूर्ण रूपमा कब्जा जमाउने गर्नाले उत्पन्न भएका समस्याहरू समाधान गर्न शासकहरूले जहिले पनि आफ्नो मर्यादा विपरीत शक्तिशाली र ठूला राष्ट्रहरूको आश्रय लिन पुगे । अफ्रिकाका युद्धरत थुप्रै मुलुकहरूमा विदेशी राजदूतहरूले भिन्न भिन्न लडाकू समूहहरूको प्रतिनिधित्व गरिरहन्छन् भन्ने सुनिन्छ । यस्ता उदाहरणहरू मुलुक कमजोर भएपछि, मुलुकका राजनीतिक शक्तिहरू बढीभन्दा बढी परनिर्भर भएपछि उब्जने समस्याहरू हुन् । केही अपवादहरू छाडेर हेर्ने हो भने धेरै आन्तरिक संकटहरूले बाह्य संकटलाई निम्त्याउँछन् ।

> छिमेकी मुलुक भारत पनि बंगलादेशको निर्माणदेखि लिएर श्रीलंकाको गृहयुद्धमा मुछिएको इतिहास छ



नेपालका लागि भारतीय राजदूत श्यामशरण

यो पंक्तिकारले केही मानिसहरूसँग वर्तमान राजनीतिमा विदेशी राजदूतहरूको बढ्दै गइरहेको चासोबारेमा उनीहरूको विचार सोधेको थियो । ती मानिसहरूमध्ये केहीले भने भारत, संयुक्त राज्य अमेरिका र बेलायतको बीचमा नयाँ समझदारी बन्नपुग्नुको मूल कारण नेपाल राज्यको रूपमा असफल हुँदै जानु हो भन्ने तर्क दिए । केही मानिसहरूले चाहिँ प्रत्यक्ष हस्तक्षेप गर्नका लागि वातावरण बन्दै गएको हो र त्यसका लागि राजदूतहरू जबर्जस्ती गरिरहेका छन् भने । अझ केहीले चाहिं यो सबै षडयन्त्र राजाको हात बलियो पार्नका लागि हो भने । तथापि सबै के कुरामा सहमत थिए भने देशको आन्तरिक राजनीतिमाथि बाह्य चासो बढ्नु नेपाली राजनीतिज्ञहरूका लागि लज्जास्पद विषय हो ।

सेप्टेम्बर ११, २००१ पछि अमेरिकाले विश्वव्यापी रूपमा आतंकवादको विरूद्धमा आफूलाई उभ्याएको र त्यसमा आफूलाई सघाउनेहरूमात्रै लोकतान्त्रिक, मर्यादित तथा आतंकवादविरोधी हुने र आफ्नो विपक्षमा रहने जति आतंकवादी खेमामा हुने व्याख्या गरेर बेइमान एकपक्षीयवाद (Praetorian Unilateralism) को नीति अवलम्बन गऱ्यो । नेपालको हकमा उसको विपक्षमा स्वर उभार्नेहरूमात्र होइनन्, आर्थिक, सामाजिक र राजनीतिक रूपमा नेपालमा रहेका उसका सीमित सहयोगी शक्तिविरूद्ध आवाज उठाउनेहरूलाई पनि आतंकवादी नै देख्ने गरेको छ । इराक, अफगानिस्तान र अहिले भर्खरै प्यालेस्टाइनको मुद्दामा इजरायलको पक्षपोषणका घटनाले कम शक्ति राष्ट्रहरूमा शक्तिशालीहरूको कूटनीतिमा कुनै मर्यादा पालन हुँदैन भन्ने प्रष्ट पारेको छ ।

## बुझ्नुपर्ने कुरा

नेपालका राजनीतिज्ञहरूले निक्कै लामो समयदेखि आफ्नो राजनीतिलाई जनतामा आधारित बनाउन नसकेको कुरा अब लुकेको विषय होइन । निर्वाचन हुनुभन्दाअघि भारत भ्रमण, इजरायली सहायताको अपेक्षा, अमेरिकी राजदूतको पक्षपोषण, चिनियाँ राजदूतको मधुर मुस्कानको अपेक्षा गरेको पाइन्छ । नेपालको राजनीतिक क्षेत्रमा देखापरेका समस्याहरू नितान्त आन्तरिक समस्याहरू हुन् । सत्ताको केन्द्रीकरण, पूँजीको एकीकरण, क्षेत्रीयतावाद र निश्चित वर्गमा मात्रै सीमित राजनीति नै समस्याको मूल जड हो । प्राप्त भएको लोकतान्त्रिक व्यवस्थामा पनि बहुसंख्यक जनतालाई किनारामा राखेर गरिएको अवसरहरूको केन्द्रीकरणको कारणले नै विद्रोहलाई मलजल गऱ्यो । वर्तमान राजनीतिमा आफ्नो साख खोज्ने माधव नेपालहरूले तल आधारमा आएका परिवर्तनहरू, नयाँ नयाँ समूहहरूले उठाएका मागहरूलाई सम्बोधन गर्नुको सट्टा आन्दोलनलाई रोक्ने तथा विदेशी राजदूतहरूलाई आफ्नो हितको पक्षमा वकालत गर्न लगाउने परम्परा बसाल्नु आफैंमा मर्यादित कुरा होइन ।

नेपाल अहिले माओवादीहरूको अराजक उग्रताबाट पीडित छ । तिनले उठाएको हतियारबन्द युद्ध समयसापेक्ष छैन । तथापि तिनीहरूले उठाएका मागहरूलाई सम्बोधन गर्नु जरूरी छ । किनभने बहुसंख्यक जनताले उनीहरूद्वारा उठाइएका मागहरूप्रति गम्भीरतापूर्वक हेरिरहेका छन् र कतिपय मागहरू तिनीहरूको जीवनपद्धतिसँग जीवन्त सम्बन्ध राख्छन् । यस्तो बेला आर्थिक, सामाजिक, र राजनीतिक रूपले आम मानिसलाई सशक्त गर्ने कार्यक्रमहरूबेगर आधार गुमाउँदै गएका शक्तिहरू, खासगरी राजावादीहरू र संसदवादीहरूलाई एकठाउँ पुऱ्याउँदैमा समस्याको समाधान भइहाल्छ, माओवादीको नाश भइहाल्छ भन्ने ठानिन्छ भने त्यो महाभूल हुनेछ । देशले फेरि पनि निकास पाउने छैन । ❑


सम्पूर्ण जिल्लाबासी
तथादेश-विदेशमा रहेका
सम्पूर्ण नेपालीहरूमा
**विजया दशमी २०६०**
को उपलक्ष्यमा
**हार्दिक मंगलमय**
**शुभकामना**
व्यक्त गर्दछौं ।
**जिल्ला विकास समिति मोरङ्ग**
परिवार
विराटनगर

सम्पूर्ण जिल्लाबासी
तथादेश-विदेशमा रहेका
सम्पूर्ण नेपालीहरूमा
**विजया दशमी २०६०**
को उपलक्ष्यमा
**हार्दिक मंगलमय**
**शुभकामना**
व्यक्त गर्दछौं ।
**जिल्ला विकास समिति**
**मकवानपुर**
परिवार

सम्पूर्ण नगरबासी
तथादेश-विदेशमा रहेका
सम्पूर्ण नेपालीहरूमा
**विजया दशमी २०६०**
को उपलक्ष्यमा
**हार्दिक मंगलमय**
**शुभकामना**
व्यक्त गर्दछौं ।
**बागलुङ्ग नगरपालिका**
परिवार

# साहित्य विशेष

हाम्रा कतिपय पाठकहरुले दशैंको लामो विदाको समयमा पढ्नका लागि उपयोगी उल्लेखनीय साहित्य "मूल्यांकन"ले पस्कोस् भन्ने सुझाव दिनुभएअनुसार यस पटक दुई कथा र दुई कविताहरु हामीले प्रस्तुत गरेका छौं ।

यी कथा र कविताको छनौट हामी आफूले गरेनौं। यसका निम्ति हामीले कृयाशील साहित्यकारहरु खगेन्द्र संग्रौला, हरि अधिकारी, नारायण ढकाल र श्यामललाई अनुरोध गऱ्यौं । छनौट "तपाईंहरुलाई सबैभन्दा मन पर्ने रचनाका आधारमा नै होस्" भन्ने अनुरोध पनि हामीले उहाँहरुलाई गऱ्यौं, मनपर्नाको कारण पनि खुलाइदिन अनुरोध गऱ्यौं । यस आधारमा छानिएका यी साहित्यिक रचनाहरु हाम्रा प्रिय पाठकवृन्दका लागि उपयोगी हुने आशा हामीले लिएका छौं । - **मूल्यांकन**



रमेश विकल

# ज्ञानी मामा



## कथाकार नारायण ढकालको छनौट

मेरो सोचाइमा *ज्ञानी मामा* नेपाली कथाको एउटा सर्वश्रेष्ठ मानक हो । कथालाई प्यारोडी र चुट्किलाको स्तरबाट उकास्न चाहने तमाम सर्जक र पाठकका निम्ति यो एउटा गतिलो उदाहरण हो ।

विसं २०३६ को विद्यार्थी आन्दोलन नेपालको निरंकुशतन्त्रविरोधी आन्दोलनमा एउटा महत्वपूर्ण घटना हो । त्यो आन्दोलनको राजनीतिक महत्व जति छ; त्यसले सांस्कृतिक चिन्तनको क्षेत्रमा पारेको प्रभाव पनि त्यत्तिकै बलवान र अर्थपूर्ण छ । ज्ञानी मामाको वैचारिक जमिन २००७ को भए पनि यसको रचना-अभिव्यक्ति २०३६ सालको आन्दोलनको समयफलकमा भएको छ ।

यो कथाको सबभन्दा बलियो पक्ष भनेको यसले कलात्मक रूपमा संकेत गरेको शक्तिशाली वैचारिक अन्तःस्करण नै हो । अँध्यारोमा, निराशामा, गतिरोधमा र घनघोर दृष्टिशून्यतामा ज्ञानी मामाको प्रतिवद्ध उपस्थितिले मलाई अहिलेसम्म पनि झकझक्याइरहेको छ । सांस्कृतिक संकट र जीवनको जडताको समयमा म त्यो महापात्रलाई स्मरण गर्दछु र अभिप्रेरित भइरहन्छु ।

अर्को कुरा, नेपाली कथा क्षेत्रमा रमेश विकलको कथाकारिता मेरो आफ्नै सिर्जनात्मक दीक्षाको गुरुकूल पनि हो । विशेषगरी *ज्ञानी मामा*को सिर्जनापछि विकलको रचनाप्रक्रियामा अत्यन्त विचारोत्तेजक मोड आएको छ; म त्यही मोडको सहयात्री हुँ । त्यसैले पनि मलाई यो कथा धेरै मन परेको हो ।

*- नारायण ढकाल*

**ज्ञानी** मामालाई सम्झँदा मेरो मन आज पनि कस्तो-कस्तो खल्लो-खल्लो भएर आउँछ । उनको सम्पूर्ण जीवन लेखाजोखा गर्न खोज्दा अहिलेसम्मको सम्पूर्ण आस्था र निष्ठा धुलिन खोज्छ, सबै झूट र खोक्रामात्र लाग्न खोज्छन् । यो समाज, यसले व्यक्तिको मनमा झुल्काउने झिलिमिली सपना, यसका आदर्श, अहंकार र सान्त्वना सबै-सबै एउटा भ्रम हुन् । मान्छे यही भ्रमको कथामा भुलेर मनमा अर्थ नलाग्ने सपना बुनेर आफूलाई कसरी खतम गरिदिन सक्छ !

ज्ञानी मामासँग मेरा पहिलो चिनारी २००५ सालतिर भएको थियो । उनी मेरी आमाका टाढाका भाइ पर्ने थिए र पहाडमा उनको सम्पन्न परिवार थियो, घर, जेथा सबै थियो । तर उनी सानै उमेरदेखि यी सबै कुराबाट उदासीन थिए रे ! हुन त मैले उनलाई पहिले कहिल्यै देखेको थिइँन, तर आमाको मुखबाट कहिलेकाहीं उनका बारेमा सुनेर उनको विशेष कल्पना भने मेरो मस्तिष्कमा बनेको थियो ।

त्यतिबेला मेरो उमेर यस्तै आठ नौ वर्षको हुँदो हो । म आफ्ना वरिपरि बितिरहेका कुरालाई केही बुझ्थें, केही बुझ्दिनथें । तर पनि यति भने भान थियो, देशमा एक किसिमको उकुसमुकुसको स्थिति बन्दैछ । एउटा नजानिंदो शंकाले एक-अर्कासँग टाढा अथवा नजिक तुल्याइरहेको झैं लाग्दथ्यो । मानिस भित्रीभित्रै कटुताले भरिएझैं, भित्रभित्रै आक्रोशले सल्केझैं लाग्दथ्यो । एकले अर्कोसँग पेट माझेर कुरा गर्न हच्केझैं लाग्दथ्यो । तर हावाबाट रहस्यमय खासखुस गुम्सिएको प्रष्ट अनुभव हुन्थ्यो ।

यस्तै अनिश्चितता र शंकाको वातावरणमा एक साँझ ज्ञानी मामा टुप्लुक्क हाम्रो आँगनमा आएर उभिए । त्यतिखेर साँझको धमिलोपना हाम्रो धुरीबाट पालीमा, पालीबाट आँगनमा झरेर बग्दै थियो । म आफ्ना दिदी-बहिनी र साथी- भैरे, बद्री, सेतीहरूसँग नागेपोखरी खेलिरहेको थिएँ । एक्कासी एकजना नचिनेको मानिस साँझको धमिलोमा कुनै भूत उब्जेझैं आफ्नो अगाडि उब्जिएको देखेर हामी सबै जना एकासाथ सामुसुम भएका थियौं । सबैका आँखा सन्त्रास बोकेर त्यो 'भूत'निर हेर्न थालेका थिए । झण्डै छ फुट अग्लो खोल हालेको कबंधजस्तो त्यो व्यक्तित्व हाम्रो निम्ति एउटा आतंक सिर्जना गर्ने खालको थियो । उसका हातपाखुरा दाउराजस्तै झीना, तर काटबाँसको लाठीजस्तै दर्विला देखिन्थे । च्याँसे, खपटे अनुहारमा चुच्चो नाक, बडेबडे आँखा र फराकिलो निधार, छोटाछोटा बाक्ला दाह्री जुंगा । आँखीभुइँ र कपालमा बनेलका जस्ता ठाडा ठाडा रौं - सम्पूर्ण रूपमा एउटा विचित्र र बेमेल व्यक्तित्व ।

काखीमुनि एउटा सानो पुन्तुरो (शायद एउटा झोला) र लुगाका नाउँमा शरीरमा एउटा अर्धानो कुर्तामाथि एउटा मैलो जुहारीकोट र घुँडानिर धस्सिएको नैनसुतको एउटा मैलो सुरुवाल -बस यत्तिकै । उसको सम्पूर्ण व्यक्तित्वले हामीजस्ता नौला कुरा र नौला मानिस कमै देख्न पाउने गाँउले केटोकर्टीका मनमा एउटा विचित्र डरको सृष्टि गरिदिनु कुनै अप्रत्याशित कुरा थिएन । हामी आफ्नो रमाइलो खेल छोडेर लाखापाखा लाग्यौं । त्रास र उत्सुकता मिसिएका आँखाले त्यो 'गठे' (त्यतिखेरका केटोकटीका लागि सबैभन्दा ठूलो 'हाउ')को अनुहारमा हेर्न थाल्यौं । मेरी दिदी र सेती त आँगनबाट भागिसकेका थिए । दिदी ढोकाको कापोबाट चियाउन लागेकी थिइन् र सेती पल्लो घरको आँगनबाट पर्खालको डिलमा छाती टेकाएर हेर्न लागेकी थिई । उनीहरूका आँखाबाट चितुवा देखेर तर्सेका पाठाका आँखामा हुने आतङ्क चियाइरहेको थियो ।

(यी सब सूक्ष्म कुरा ठम्याउने क्षमता त्यति बेला मेरो थिएन । यो त पछाडि फर्केर हेर्दाको आजको विश्लेषण हो ।)

बिस्तार-बिस्तार मेरो मनको डर कम हुँदै गएको मलाई अनुभव भयो,

किनभने हेर्दाहेर्दै मैले अगाडिको त्यस मानिसका आँखामा एउटा मृदुमुस्कान फुटेको अनुभव गरेको थिएँ । मैले जहाँको तहीं अडेर उसको अनुहारमा एकटक हेरिरहें ।

'तिम्रो नाउँ के हो बाबु ? आमा-बा घरमा हुनुहुन्छ ?' त्यस नौलो मानिसले मेरो नजिकै आएर मेरो मुडुलो टाउको मुसार्दै सोध्यो । कहिल्यै नदेखेको नौलो मानिसले आफूलाई एक्कासी यसरी माया गरेको देखेर मलाई अनौठो त लाग्यो, तर नराम्रोचाहिं लागेन । साथै उसको व्यवहारले मेरो मनमा उसप्रति बाँकी रहेको त्रास पनि मेटाइदियो । उसको स्वरमा त्यस्तो खालको मधूरता थियो । आश्चर्य त के भने उसको त्यो मिस्रीको टुक्रोभैं स्वर उसको व्यक्तित्वसँग पटक्कै मेल नखाने थियो ।

'बा त ढोका'मा जानुभा'छ । आमा मात्र भित्र ।' -मैले निडर भए भनें र आफ्नो मुडुलो टाउको उसलाई सुमसुम्याइरहन दिएँ । अनि मैले भागेर गएर आफ्नै पर्खालको डिलबाट चियाउन लागेका भैरे र बद्रीतिर बडो गर्वले हेरें ।

'को हौ ? कोसित कुरा गरेको बाहिर ?' हाम्रो खेल एक्कासी रोकिएको, अनि कुनै अपरिचित मानिसको बोलीको स्वर सुनेर आमा भान्छाबाट उठेर ढोकामा आइसक्नुभएको थियो । उहाँ त्यहींबाट त्यस विचित्र पाहुनालाई केही शंकित र केही भीत आँखाले हेर्न थाल्नुभएको थियो ।

'मलाई चिनिनौ ठुल्दिदी ?'... आमालाई देख्नासाथ त्यस अपरिचित मानिसको अनुहारमा एउटा सुन्दर आत्मीयताले भरिएको मुस्कान फैलिएको थियो । ऊ सहजसँग मेरो हात समातेर पिंढीतिर उक्ल्यो । 'चिनिनौ तिमीले ?... नदेखेको पनि त बाह्र वर्ष बितिसक्यो । कसरी चिन्नु चिन्न पनि !'

'बिसु त होइन ?'... आमाका आँखामा एउटा आश्चर्यको भाव फैलिएको मैले देखें । - 'आम्मै नि ! कस्तो चिन्न नसकिने भएछ यो त साँच्चै !... ए राम !.... को रहेछ, चिनिस् तैले ?... यो तेरो बिसु मामा !... आफ्नै विहेमा देखेथें एकपल्ट, त्यसपछि देख्न पाको होइन । त्यतिबेला त केही न केहीको थियो । ल, अहिले यस्तो जुँघामुठे लर्दु लोग्नेमान्छे पो भएछ । मभन्दा पाँच वर्ष कि छ वर्ष कान्छो छस् क्यार होइन ?... कतिको भइस् ?' आमाले एक सासमा भन्नुभो । उहाँको स्वरमा धेरै कालपछि आफ्नो ज्यादै नजिकको आफन्तलाई भेट्दाको उत्साह र उमङ्ग प्रष्ट ध्वनित भएको सुनिन्थ्यो । उहाँका आँखा आफ्ना बितेका दिनका मीठा सम्झनाहरूमा अल्झिएभैं बिसु मामाका अनुहारमा टाँस्सिन पुगेका थिए ।

'यस्तै सत्ताइस-अट्ठाइस भए हुँला ठुल्दी !' -बिसु मामाले भने । अनि आमाले उनलाई भित्र डाकेर लानुभयो । केही बेरपछि बा पनि ढोकाबाट आइपुग्नुभयो । बिसु मामासँग चिनापर्ची भयो । अनि त्यस साँझ हाम्रो घरमा एउटा रमाइलो वातावरणको सिर्जना भयो ।

साधारणतया एउटा गृहस्थीको घरमा एउटा पाहुना जसरी निल्नु न उकेल्नुको गाँसभैं लाग्न थाल्छ, धेर दिन बसेर पनि बिसु मामा हाम्रो घरमा त्यति बोझ लागेनन् । यसको कारण शायद उनी सामान्य पाहुनाले भैं तिघ्रा पसारेर नखाने भएर होला । घरमा परेका जुनसुकै काम पनि आफ्ना आँखाले भ्याएसम्म उनी गर्न तम्सन्थे । दाउरा चिर्नुदेखि लिएर पानी बोक्न बजार जानु र परेको बखत कल-घट्ट जानुसम्म पनि उनी संकोच नमानी गर्थे । त्यसैले आमा-बाका तर्फबाट उनीप्रति कुनै गुनासो थिएन । हाम्रो त भन् कुरै भएन । उनी हाम्रा साँच्चैका बिसु मामा थिए । हाम्रो सबै कुराबाट हेरविचार गर्थे । हाम्रा लागि अगेनाको डिलमा बसेर राजा-राजकुमार, परी-राजकुमारीका कथा उनी भन्थे । हामीलाई विहान सबेरै उठाएर हातमुख धुन लगाई पुस्तक कापी च्याप्न लगाएर गुरूकहाँ पढ्न पठाउँथे । आफ्नै रेखदेखमा खुवाउनु, पियाउनुदेखि लिएर कतै चाडबाडमा पाहुनापासा जाँदा, जात्रामात्रा, मेला, रमिता जाँदा न्वाईध्वाई गराएर राम्रा लुगा फेराई पठाउने कामसम्म पनि उनले आफूखुसी जिम्मा लिएका थिए । हाम्रो निर्दोष अपराधमा आमा-बाबाट सजायँ पाउन लाग्दा मामा नै ढाल बनेर हामीलाई बचाउँथे । उनको भनाइ थियो- केटाकेटीको त कामै उपद्रो गर्नु हो । उपद्रो गर्दैन भने त्यो केटाकेटी नै होइन । आजका ठूला मान्छेले उपद्रो नगरी ठूलो भएका होइनन् । यस्तै उपद्रो र त्यसको उल्टो फलबाट सिकेर नै मान्छे ज्ञान र बुद्धि कमाउँछ । त्यसैले केटोकटीहरूलाई ताडना गर्नु भूल हो ।

बिसु मामाको तर्क सुनेपछि आमाको रिसले तमतमाउँदो अनुहारमा पनि एउटा मृदुमुस्कानको रेखा फुट्थ्यो । उहाँ पनि सायद आफ्नो बाल्यकालको उट्ठ्याइँ र उपद्रोको सम्झनामा पुग्नुहुन्थ्यो । अनि हामी ताडनाबाट मुक्त हुन्थ्यौं । आमा नक्कली रिसले घुस्स पर्दै चुलाचौकातिर लाग्नुहुन्थ्यो । मामा अनि हामीसँगै एक भएर साँझको आँगनमा लुकामारी खेल्न थाल्थे । उनको यो बाल्यस्वभावमा मुग्ध भएर छिमेकका केटोकटी पनि हाम्रै आँगनमा खेल्न आउँथे ।

बिसु मामा मूर्ख थिए अथवा पढेलेखेका थिए, हामीलाई थाहा छैन । तर बेलाबखतमा उनका मुखबाट अनायास निस्कने कुरा बुझ्न नसकेर हामी जिल्ल पर्थ्यौं । उनी हामीलाई देशदेशावरका कुराहरू सुनाउँथे । उड्ने जहाज, गुड्ने जहाज, बग्ने जहाजका कुरा सुनाउँथे अनि कहिलेकाहीं उनी हाम्रो देशका कुरा सुनाउँथे, 'हेर, हाम्रो देशमा अब चाँडै क्रान्ति हुन्छ । अनि नपढेका मान्छे काम लाग्दैनन् । त्यसैले तिमीहरूले पढे-लेखेर नाम कमाउनुपर्छ ।

●

'तिम्रो नाउँ के हो बाबु ? आमा-बा घरमा हुनुहुन्छ ?' त्यस नौलो मानिसले मेरो नजिकै आएर मेरो मुडुलो टाउको मुसार्दै सोध्यो

●



ठूलाठूला काम गर्नुपर्छ ।'

मामाका त्यस्ता क्रान्तिका कुरा हामीलाई बुझ्न कठिन पर्थ्यो । क्रान्ति भनेको के हो ?... त्यो कस्तो हुन्छ ?.... कसरी आउँछ ?... अनि त्यो आएपछि कहाँ बस्छ ?.... के खान्छ ? हाम्रा यस्ता पुङ न पुच्छरका केटाकेटी प्रश्न सुनेर मामाले झर्किनुपर्ने हो । (हाम्रा आमा-बा त्यस्तो बेला झर्कनु हुन्थ्यो) तर उनी झर्कोफर्को नगरी धैर्यसंग हामीलाई सकेसम्म सम्झाउन खोज्थे- 'हेर, क्रान्ति भएपछि हाम्रो देशमा प्रजातन्त्र हुन्छ । प्रजातन्त्र भएपछि सबैले लेख्न पढ्न पाउँछन्, सबैले बाँडीचुँडी खान्छन् । कसैले भोकै बस्न पर्दैन । ओखती नपाएर कोही मर्नु पर्दैन ।'

'किन मामा ? किन नगर्ने आमा-बासँग ?...' हामी आश्चर्य मानेर सोध्थ्यौं । 'किनभने तिम्रा बालाई यस्ता कुरा मन पर्दैनन् । उहाँ जर्नेलका दरवारका मान्छे ।' - मामा भन्थे...

मामाका कुरा हामी पूरै बुझ्न त बुझ्दैनथ्यौं, तर पनि हाम्रो मस्तिष्कमा एउटा कुरो भने छर्लङ्ग भएझैं लाग्थ्यो । अस्तिमात्र आमाले भन्नुभएको थियो, बीरेकी आमा ओखती नपाएर मरी रे । बूढी लमिनीको छोरो खाने नपाई रोगाएर मर्‍यो रे । तर प्रजातन्त्र भएपछि यी सबै हुँदैनन् । यो पक्कै कुरो हो । मामाका कुरोले हामीलाई केही नौलो ज्ञान पाएझैं लाग्थ्यो ।

एउटा अनौठो आत्मीय वातावरणमा बिसु मामाले हामीलाई धेरै नौला कुराहरू सिकाए, तर सबैभन्दा मूली कुरो उनले हामीलाई के सिकाए भने कसैलाई मातैमात कसैका पुर्पुरोमा हात भएको व्यवस्था राम्रो होइन । एउटा देशमा जन्मेपछि सबैले उतिउति हक पाउनुपर्छ- काम पाउने, खान पाउने, पढ्न पाउने, औषधि पाउने हक । जुन देशमा, जुन समाजमा त्यसो नभएर थोरै मान्छेले मोज गर्न पाउने, धेरै मान्छे भोकै मर्ने हुन्छ त्यो देश बिग्रेको देश हो । त्यसमा क्रान्ति आउनैपर्छ । अहिले हाम्रो देश पनि एक मुठीले मोज गरेर अरूले दुःख पाइरहेको देश हो । त्यसैले यहाँ क्रान्ति आउनुपर्छ ।

सबै कुरा सम्झाएर मामा खासखुस स्वरमा भन्थे- 'तर यस्ता कुरा आमा-बाका अगाडि नगर्नू नि अहिले !'

'किन मामा ?... किन नगर्ने आमा-बासँग ?...' - हामी आश्चर्य मानेर सोध्थ्यौं ।

'किनभने तिम्रा बालाई यस्ता कुरा मन पर्दैनन् । उहाँ जर्नेलका दरवारका मान्छे ।' -मामा भन्थे, साँच्चै अनि हामीलाई लाग्थ्यो त्यस्ता कुरा हाम्रो घरमा कहिल्यै गरिँदैनथ्यो । गरिइ नै हाले पनि त्यसको स्वर उल्टो शंखको ध्वनिजस्तो सुनिन्थ्यो । अर्थात् जर्सा'बहरूको गुणगान र दुनियाँका छोरालाई गाली ।

त्यतिबेला साँच्चै देशमा जताततै संघर्ष र विद्रोहको केही लक्षण देखा पर्न थालेको थियो । कतै शासनको विरोधमा पर्चा छरिएको, कतै कर्मचारी पिटिएको, कतै खजाना लुटिएको, अनि कतै कुनै राजद्रोहीको घर तायजात भएको र कतै विद्रोहीलाई झुन्ड्याएर वा गोली हानेर मारेको, यस्तै यस्ता डरलाग्दा खबरहरू एक कान दुई कान हुँदै बिस्तार बिस्तार सबैतिर फैलिन थालेको थियो । यस्तो हावाले गर्दा हाम्रोजस्तो सत्ताआश्रित परिवारमा एउटा अनिश्चितता र आतंकको वातावरण फैलाउनु स्वाभाविकै भएको थियो, किनभने मेरा बा अन्तरे जर्सा'बकहाँ भित्र हुनुभएकोले उनै जर्सा'ब हाम्रा ईश्वर, मालिक, पालनकर्ता सबै थिए । र आजभोलि हावामा झुन्डिएको विद्रोहको गन्धले उनको मस्तिष्कको सन्तुलन ठीक ठाउँमा नभएको जस्तो थियो । त्यसैले हाम्राजस्तो आश्रित परिवारमा उनको यो असन्तुलन कुनै पनि बखत कहर बनेर बैरिन सक्थ्यो । त्यसैले यस्ताक हाम्रो घरभित्र पनि एउटा सन्त्रासको चँदुवा टाँगिएको भान भैरहेको थियो । कसैको कसैमाथि पूरा विश्वास र भरोसा नभएझैं प्रष्ट भान हुन्थ्यो ।

त त्यसैले त्यहाँ कुनै पनि दिन क्रान्तिविषयको कुरा हुँदैनथ्यो र भैहाले पनि बाको मुखबाट एउटा विषवमनको रूपमा हुन्थ्यो- 'दुनियाँका छोरा बौलाउन थालेपछि के भन्ने ! हिन्दुस्थानको सिको लिए, गाण्डिपका 'हा हा'मा लागेर गाथगादी ताक्न खोज्ने यस्तालाई त झुन्ड्याउने, गोली हान्ने सजायँ पनि थोरै भो; नुनचुक छरेर चौबाटामा घाँटीसम्म पुरिदिनुपर्छ ।'

हाम्रो बाको जस्तै गाउँका अरू बुज्रुकहरूको विचार पनि झन्डै झन्डै यस्तै हुन्थ्यो । केवल बिसु मामाको विचारमात्र यसको बिल्कुलै उल्टो हुन्थ्यो । यसरी यी दुईथरिका परस्परविरोधी विचारले हाम्रो सानो मथिङ्गल कहिलेकाहीं कुइरोभित्र कागझैं रूमल्लिन्थ्यो । कसको कुरा राम्रो ?... बाहरूको कि बिसु मामाको ? तर आखिर हाम्रो सानो विवेकले बिसु मामाकै पक्षमा भोट दिन्थ्यो, किनभने बिसु मामा हाम्रा आँखामा ज्यादै अनौठा, ज्यादै जाती र ज्यादै ज्ञानी थिए । उनी हाम्रा हृदयमा प्रेम, ममता र सुन्दर विचारका स्रोत बगाइदिन्थे । उनी हाम्रा आदर्श थिए । त्यसैले अरूको दाँजोमा उनका कुरा नै हाम्रा लागि राम्रा थिए । पत्यारिला र सत्य थिए । बिसु मामाले भनेजस्तो क्रान्ति अवश्यै पनि राम्रो कुरो हो र हाम्रो देशमा जुन क्रान्ति हुन गैरहेछ त्यसपछिको हाम्रो देशको हालत अवश्यै राम्रो हुनेछ । सबै कुरा राम्रा, हामीले लगाउने लुगा राम्रो हुनेछ, खानेकुरा राम्रो हुनेछ, पढ्ने पुस्तक र बोल्ने बोली राम्रो हुनेछ ।

बिसु मामाको त्यति गहिरो ज्ञान देखेर हामीलाई अचम्म पनि लाग्दथ्यो । कहाँबाट सिकेका होलान् बिसु मामाले यस्ता यस्ता अनौठा कुरा ?...

बिसु मामाको त्यति गहिरो ज्ञान देखेर हामीलाई अचम्म पनि लाग्दथ्यो । कहाँबाट सिकेका होलान् बिसु मामाले यस्ता यस्ता अनौठा कुरा ?... कति मुरी बुद्धि होला उनको मथिङ्गलभित्र ? हामी चकित परेर उनको सामान्यभन्दा ठूलो ठाडा-ठाडा रौं भएको टाउकोमा हेर्दथ्यौं । हाम्रो मनमा उनीप्रति अनायास एउटा गहिरो खालको भाव जाग्दथ्यो- सायद श्रद्धाको, सायद ममताको, सायद गर्वको भाव । बिसु मामा, हाम्रा आफ्ना मामा ।

'साँच्चै बिसु मामाको नाउँ बिसु मामा नभएर ज्ञानी मामा हुनुपर्ने हगि राम ?'- दिदी हामीभन्दा ठूली, बडो बुज्रुक स्वरमा भन्थिन्, मानो उनले एउटा नौलो कुराको आविष्कार गरेकी हुन् ।

'अँ, साँच्चै !' -म चकित भएर उनको कुरालाई समर्थन गर्दथें । दिदीलाई यस्तो विचित्र विचार कसरी फुरेको होला ? - 'हामी मामालाई ज्ञानी मामा नै भनौं न, हुन्न दिदी ?'

'धत् !' -दिदी विरोध गर्दैथिन् । - 'बिसु मामा रिसाउनुभयो भने नि ?... सानो मान्छे भएर ठूलो मान्छेको नाउँ राख्नुहुन्छ कतै ?'

'बिसु मामाको अगाडि नभने त भैहाल्छ नि ।' -मैले समाधान निकालें । अनि हामीले आफ्नो बीचमा उनको न्वारान गरेर उनलाई बिसु मामाबाट ज्ञानी मामा बनायौं ।

यस्ता थिए हाम्रा बिसु मामा । बिसु मामा हाम्रो घरमा छ महिनाजति यस्तै महानताको स्थितिमा बसे । उनको कुनै पनि कुराले कसैलाई गुनासो गर्ने अवसर दिएन ।

'मेरो आफ्नो कुनै भाइ छैन । तर यो बिसे एउटै भुँडीको भाइभन्दा पनि

बढी छ ।' -आमा बराबर गर्वसाथ भन्नुहुन्थ्यो । तर यस्तैमा एक साँझ बा अड्डाबाट फर्कनुहुँदा उहाँको अनुहार विचित्र रूपले गम्भीर र डरलाग्दो देखिएको थियो । उहाँका आँखामा एउटा अदृश्य आशंकाको छाया प्रष्ट देखिन्थ्यो । त्यसकारण त्यस साँझ बासँग कसैले केही कुरा सोध्ने आँट गरेन । अनि राति करिब करिब सबै जना सुतिसकेपछि मैले अनायास बा र आमाका बीच भएको मधुरो र डरलाग्दो खासखुस सुनें ।

'होइन, तेरो यो भाइ भनाउँदो कहिलेसम्म यहाँ बस्ने हो ?... एक दिन हुन्छ, दुई दिन पो हुन्छ, महिनौं पाहुना लागेर ...' - बा आमासँग अँध्यारैमा खासखुस गरिरहनुभएको थियो ।

'किन ?... के बिरायो त्यसले र ?' -बाको स्वरमा बज्ने बिसु मामाप्रतिको तीतो भाव सायद आमाको मुटुमा चस्कन पुगेको थियो । उहाँले प्रतिवाद गर्नुभयो- 'तपाईं किन उसमाथि त्यति तीतो बिख उकेल्नुहुन्छ ?... धेरैपल्ट भयो तपाईंले उसको बारेमा यस्तो तीतो पोख्न खोज्नुभएको ।'

'सधैं नबोली कति चुप लागौं त ?' बाको स्वर पनि अहिले अलि तीखो भएको थियो- 'यत्रो जुँगामुठे लर्दु, न आफ्नो घरको ठेगान, न कमाउने धमाउने वास्ता । सधैं अर्काको आङ्मा जुको टाँसिएझैं टाँसिनु... ।'

'तपाईंको कति रगत चुस्यो त उसले जुको भएर ?' -यसपल्ट आमाको स्वरमा रोषको तीव्रता प्रष्ट फुटेको थियो । अपमानको आँचले यो भरभराउँदो थियो । 'उसले तपाईंको दाना सित्तै खाएको त छैन । कमाराको थान्कामा जोतिएर खाएको छ । कति साँगुरो भयो तपाईंलाई ऊ बसेर ?.... नोकर राखेको भए पनि महिनावारी दर्माह ठोक्नुपर्थ्यो । तपाईंले त सित्तै नोकर पाउनुभएको छ ।'

'होइन, मैले त्यसो भनेको होइन ।' -यसपल्ट बाको स्वर अलि नरम थियो- 'छरछिमेक, इष्टमित्र, जोरीपारीको पनि त ख्याल राख्नुपर्छ नि ! आफन्तलाई नोकर तुल्याएर राख्यो भनेर पछि तँलाई, मलाई नै भन्छन् यिनले, त्यो पो त ।'

बाको तर्कले त्यतिखेर आमालाई निरूत्तर गराइदियो तर वातावरणको तनाउ भने यसले खुकुल्याउन सकेन । एक छिनलाई भयानक शान्तिले ओगटेपछि फेरि बाको भीत स्वर सुनियो- 'सुनिस् ! शहरतिर यी काङरेसीले उपद्रो मच्चाउन थालेका छन् ।'

'के हो त्यस्तो ?' -आमाको स्वरमा उत्सुकता थियो ।

'लुच्चा फटाहा, चोरडाँकाहरूको उपद्रो । उनीहरू दुनियाँका छोरालाई

अनि एक दिन अकस्मात् हाम्रो यस जीवनको सुन्दरतम क्षणमा बम विस्फोट भएझैं गरी बिहान सबेरै दुईजना नचिनेका मानिसहरू हाम्रो आँगनमा अएर उभिए

बर्गलाएर रानाजीहरूको गाथगादी ताक्छन् ।'

'हामीलाई के त ? जसले जे गर्छ त्यसको फल उसैले भोग्छ ।' -आमाको स्वर पूरै निर्लिप्त सुनिन्थ्यो । उहाँ अहिले बाह्रसत्ताइस कुरामा कपाल दुखाउनुभन्दा दिनभर थाकेको शरीरलाई आराम दिन चाहनुहुन्थ्यो । उहाँ कोल्टे फेरेर सुत्नुभएझैं मलाई भान भयो ।

'हो, वास्ता त हामीलाई छैन' -बाको स्वर रहस्यमय भएको थियो- 'तर.... तर.... तेरो यो भाइ.... ।'

'तपाईंले के भन्न खोज्नु'भा ?' आमा एक्कासी आहत हुनुभएझैं लाग्यो । बिसु मामातिरको बाको संकेत नबुझ्नेसम्मकी लाटी आमा सायद हुनुहुन्नथ्यो ।

'होइन' - बा फेरि लकपकाउनुभो - 'मैले त्यसै भन्या' होइन । अस्ति जर्सा'बको आठपहरिया तेरो भाइका बारे निक्कै खरख्वाइ गर्थ्यो । तँलाई थाहै छ, अचेल काङ्रेसीहरूको बिगबिगी भएको बेला कसैलाई घरमा शरण दिन पनि बडो होश गर्नुपर्छ । के गर्छेस्, डराउनुपर्छ । कतै कुरो पुग्यो भने... ।'

बाको डराएको स्वरले आमाको मनमा के प्रभाव पार्‍यो कुन्नि, त्यसपछि उहाँहरूमा कुनै कुरा भएन । तर त्यसपछिको बिसु मामाप्रतिको आमा-बाको व्यवहार अघिजस्तो पुख्खलो र खुलस्त नरहेको प्रष्ट थाहा भयो । बिसु मामा घरमा छउन्जेल उहाँहरूका आँखामा एउटा अज्ञात त्रास र शंकाको छाया प्रष्ट देखिन्थ्यो । तर हामी त केटाकेटी, आमा-बाको मनमा परेको यो तनाउको स्पष्ट कारण हामीलाई थाहा भएन ।•हामी बिसु मामासँग उत्तिकै र उसै गरी उमङ्ग र उत्साहका घडीहरू बिताउँथ्यौं ।

अनि एक दिन अकस्मात् हाम्रो यस जीवनको सुन्दरतम क्षणमा बम विस्फोट भएझैं गरी बिहान सबेरै दुईजना नचिनेका मानिसहरू हाम्रो आँगनमा अएर उभिए । तिनीहरूमध्ये एक बडो क्रूर अनुहारको, बाबियाको मुठोजस्तो जरकटिएको जुँगा, पाकेको भिँडे खोर्सानीजस्ता आँखा, देख्नैमा मनमा आतंक जन्माउने खालको थियो । अर्कोचाहिं गान्टो, देख्नैमा नौ पँधेराको पानी पचाएजस्तो लाग्दथ्यो । उसका आँखा फ्याउराका आँखाजस्ता धूर्त देखिन्थे । उनीहरू आउनासाथै त्यहाँ एउटा अनिष्टको छाया फैलिएजस्तो अनुभव भएको थियो । दुईमध्ये एउटाले आँगनमा दाउरा चिरिरहेका बिसु मामातिर औंल्याएर भन्यो- 'यिनलाई ठानामा बोलाएको छ ।'

यति बेला आमा ढोकामा आएर उभिनुभएको थियो । उहाँका आँखामा त्रासको बादल फैलिएको थियो । उहाँले बिसु मामाको ओडमा केही भन्न खोजेझैं लाग्थ्यो, तर उहाँका ओठमात्र विचित्र किसिमले खुलेका थिए । आवाज भने निस्कन सकिरहेको थिएन । ती दुई यमराजका सहोदरजस्ता सिपाहीले बिसु मामालाई पूरा लुगा पनि लाउन नदिई जबरजस्ती घिच्याउँदै लगे ।

मामालाई यसरी जबरजस्ती लगेको देखेर हामी केटाकेटीहरूका अन्तरमा डरका साथै एउटा निर्धो आक्रोश जुर्मुराउन खोजेको थियो । तर मामाका अनुहारमा भने दुःख त्रासको लेस पनि थिएन । एक किसिमको आन्तरिक उल्लासले उहाँका आँखा चम्केझैं लाग्दथे ।

तँलाई थाहै छ, अचेल काङ्रेसीहरूको बिगबिगी भएको बेला कसैलाई घरमा शरण दिन पनि बडो होश गर्नुपर्छ । के गर्छेस्, डराउनुपर्छ । कतै कुरो पुग्यो भने...

'मामा !' दिदी र मेरो कातर स्वरले मामालाई किञ्चित् विचलित तुल्याएझैं लाग्यो । तर उनले आफूलाई सहजै समाले र भने- 'नडराओ बा, नडराओ । अन्यायको घैंटो फुट्ने बेलामा यस्तै हुन्छ, अब धेरै छैन । म चाँडै आउँला । तिमीहरूलाई पुतली र हलवाई रोटी ल्याउँला ।'

'मैले त शंका गरेको हुं, तेरो यो भाइ भनाउँदो गतिलो चालले आएको छैन भनेर !' त्यसै राती बाले आमासँग कुरा गरेको सुनियो । 'अब के के हुने हो, जरसा'बाको कोपको भुङ्ग्रो शिरमाथि कुन रूपमा खनिने हो ?'

बाको स्वरमा आकुल ध्वनि भएको सुनिन्थ्यो । आमा मौन हुनुहुन्थ्यो ।

यसरी हाम्रा बिसु मामालाई यमका दूतहरूले गाँजेर लगेपछि हामी एक किसिमले टुहुराजस्ता भयौं । तर गाउँमा उनका बारेमा खासखुस कुरा हुनथाल्यो । - 'ऊ त सरकारी खजानामा डाँका मारेर यहाँ लुक्न पो आएको रे ।... ऊ त कांग्रेसको मान्छे रे... । ऊ त भित्रभित्रै

गाथगादी ताक्ने काममा पो लागेको थियो... । उसलाई ठानामा लगेर बाँसमा झुण्ड्याएर बेसरी चुटे रे ।... उसलाई त अब झुण्ड्याउँछन् अरे ।...' इत्यादि ।

बिसु मामाका बारेमा यस्ता यस्ता डरलाग्दा कुरा सुनेर त हाम्रो मनमा झन् डर र आतंकले जन्म लिन्थ्यो । हामीलाई रून मन लाग्थ्यो । हामी आँसुकै बीचमा हाम्रा मामालाई बाँसमा झुण्ड्याएर पिट्ने ती दुष्टहरूको भष्मखरानी होस् भन्दै मनमनमा सरापेर आफ्नो आक्रोश पोख्थ्यौं । तर जेहोस्, हाम्रा मामाले झुण्डिन नपर्दै बाले जरसा'बको कोपभाजन बन्न नपर्दै एक दिन सबै कुरा उल्टोपाल्टो भयो । कांग्रेसले जिते र राणाजीहरूले सबै राजपाट श्री ५ लाई सुम्पे । मामा एक दिन फूलको माला लाएर घर आए ।

**'मामा, तपाईं मन्त्री बन्न नपाएर रिसाउनुभएको हो ?' -मामाको दिनदिनै विचित्र हुँदै गएको स्वभाव देखेर हामीलाई शंका लाग्थ्यो । तर मामा हाम्रो प्रश्नको उत्तरमा दुःखी भएर भन्थे- 'सब उस्तै कहाँ हुन्छन् र बा ! सबै नीच र बेइमान हुँदैनन् ।'**

'बिसु मामा ! बिसु मामा ! ए आमा ! बिसु मामा आउनुभो !' -हामी मामाको चारैतिर उफ्रन थाल्यौं । आमा दगुर्दै बाहिर आउनुभो । नभन्दै फूलको मालाले लादिएर मामा आँगनमा उभिएका थिए । तर उनको अनुहार देखेर आमा जमेझैं हुनुभयो- 'किन ? के भयो बिसु तँलाई ?... बिचरालाई भ्यालखानामा खानै नदिई पो मारे छन् ए पापीहरूले ।'

मामा फिस्स हाँसे । अब पो हामीलाई लाग्यो- मामाको त्यस हाँसोमा जीवनको क्षीण फिलिङ्गोमात्र बाँकी छ । साँच्चै पहिलेका बिसु मामा र अहिलेका बिसु मामामा डरलाग्दो अन्तर थियो । उनको गठिलो जीउडाल सुकेर दाउरो भएको थियो । उनको सुदर्शन अनुहार सुकेर आँपको खोस्टोझैं भएको थियो । उनका हरदम आशा र आस्था बर्साउने आँखाको पानी अहिले सुक्खा भएको थियो र दृष्टि नजिकको वस्तुबाट बर्गालिएर टाढा कतै अज्ञानमा हराएझैं लाग्दथ्यो । उनको यो रूप देखेर हाम्रो मन पीडाले चीत्कारेझैं लाग्यो ।

तर जेहोस्, बिसु मामा जितेर आएका थिए र उनी अब मन्त्री बन्ने सम्भव थियो । हाम्रा आमा-बाको यो दृढ आशा थियो । हामी पनि बिसु मामा मन्त्री बनेर लावालस्कर, हात्तीघोडा, फौज अगिपछि लाएर ठूलो दरवारमा अनेक नोकरचाकर, सुसारेका सेवा-टहल खाएर हैकम गर्दै हिंडेको कल्पनामा डुब्न थाल्यौं । मन्त्रीबारेको हाम्रो यो कल्पना मोतीलाल बूढाले मकै सन्याउँदा भनेका कथाका राजा-मन्त्रीको संस्कारद्वारा गढिएको थियो । त्यसैले हामी अक्सर मामासँग यस्तै प्रश्नहरू गर्थ्यौं- 'मामा ! तपाईं मन्त्री भएर दरवार कहिले जाने ? तपाईंलाई पनि शिशिर-बसन्तलाई जस्तै हात्तीले माला लाइदिन्छ हगि ?'

हाम्रा कुरा सुनेर मामाको अनुहारमा एउटा मधुरो मुस्कान-रेखा कोरिन्थ्यो । तर त्यो मुस्कान मीठो खालको नभएर पीरो खाले हुन्थ्यो । मामा प्रत्यक्षमा केही बोल्दैनथे । तर हामीलाई लाग्थ्यो- मामा आफैंसँग एक्लैमा बड्बडाइरहन्छन्- 'बेकुफ ! बेकुफ मान्छेलाई बेकुफ बनाउन कति सजिलो, कति निर्मम ।'

'मामा, तपाईं मन्त्री बन्न नपाएर रिसाउनुभएको हो ?' -मामाको दिनदिनै विचित्र हुँदै गएको स्वभाव देखेर हामीलाई शंका लाग्थ्यो । तर मामा हाम्रो प्रश्नको उत्तरमा दुःखी भएर भन्थे- 'सब उस्तै कहाँ हुन्छन् र बा ! सबै नीच र बेइमान हुँदैनन् ।'

मामाको बेप्रसंगको लाग्ने जवाफ हामी बुझ्दैनथ्यौं । तर मामा भन्थे- 'तिमीहरू यसको रहस्य ठूलो भएपछि बुझौला ।'

मामाका आँखामा गोली लागेको मृगका आँखाको पीडा झल्कन्थ्यो । तर बिस्तार-बिस्तार उनी आफूलाई स्वाभाविक बनाएर हामीसँग केटाकेटी बन्ने निर्बल प्रयास गर्दथे ।

बिसु मामा छुटेर आएपछिका शुरूका केही दिन त बाको उनीप्रतिको व्यवहार राम्रै, राम्रैमा पनि अझ विशेष देखिएको थियो । यसको कारण एक त हुनसक्छ- राणाहरूको प्रभुत्व खत्तम भैसकेकोले (जरसा'ब प्रजातन्त्रे रंगमा आफूलाई रंगाउने प्रयत्नमा बालाई तँ र 'काठा'को साटो बाजे र तपाईं भन्न थालेका थिए ।) जरसा'बको कुनै आतंक रहेन । दोस्रो हुनसक्छ- बिसु मामा नयाँ परिवर्तनका साथी भएकाले आज नभए भोलि मन्त्री बन्न सक्छन् भन्ने बालाई आशा थियो । आफ्नो मनको यस आशालाई बलियो अभिव्यक्ति दिएर उहाँ गाउँ छिमेकमा आफ्नो रवाफ पनि कायम राख्न थाल्नुभएको थियो- 'हेर न, ऊ एक दिन मन्त्री बन्छ बन्छ । ऊसरहका भ्यालखान परेका कति मन्त्री बने । अहिले त ठूलो मन्त्री नपाएर पो त उसले नखाएको ।'

**जरसा'ब प्रजातन्त्रे रंगमा आफूलाई रंगाउने प्रयत्नमा बालाई तँ र 'काठा'को साटो बाजे र तपाईं भन्न थालेका थिए**

तर बिसु मामा मन्त्री हुनु त कता हो कता दिनदिनै विचित्र स्वभावका हुँदै गए । उनी बिस्तारै निष्क्रिय हुँदै गए । उनी दिनदिन आफैंभित्र डुबेझैं, उदास उदास, कतै हराएझैं, कतै पिटिए-लुटिएझैं देखिँदै गए । अनि बाको उनीप्रतिको आशा पनि मर्दै गएको र उनीप्रतिको व्यवहार चिस्सिंदै गएको प्रष्ट अनुभव भयो- 'होइन, यो तेरो भाइ दिन दिनै झन् के हुँदै गएको ? यससँग भ्यालखाना पर्ने कति मन्त्री भए, कति सेक्रेटरी । तर यो भने... ।'

बाको बदलिएको भावबाट आमा पनि चिन्तित हुनुभएको प्रष्ट थाहा भयो । एक दिन बा दरवार (राणाको प्रत्यक्ष प्रभुता खत्तम भए पनि धनदौलतको शक्ति दरवार त कायम नै थियो) जानु भएपछि आमाले बिसु मामासँग भन्नुभएको सुनियो- 'होइन बिसु ! अब त तैंले भनेजस्तो राणाजीहरू खत्तम भैहाले । तेरा साथीहरू पनि कति के के भैसके रे । तर तँचाहिँ... ।'

आमाको प्रश्नभित्र निहित भावनामा कस्तो धार थियो कुन्नि, यसले बिसु मामाको मुटुमा गहिरो घाउ पारेझैं लाग्थ्यो । उनले अनौठा खालका पीडित आँखाले आमाको अनुहारमा हेरे । आमाका आँखामा एउटा क्षमायाचनाको विवश भाव थियो । बिसु मामाको अनुहारको विषादको बादल झन् बाक्लियो । तर उनले यस विषादलाई जबरजस्ती दबाउने प्रयत्नमा एउटा असफल मुस्कान ओठमा ल्याएर भने- 'दिदी ! मैले सपना देखेजस्तो कहाँ भयो र ? केही पनि भएन ।'

आमा शायद बिसु मामाको यो भनाइ बुझ्न सक्नुहुन्नथ्यो । म पनि बुझ्दिनथें । तर मलाई एउटा गहिरो कुराको आभास भने भएझैं लाग्यो । बिसु मामाको मनमा एउटा गहिरो कुरो अवश्यै छ । तर उहाँका आखाले ठम्याउन सकेभन्दा बेग्लै । तर के अर्थ यसको उहाँका लागि ? विवशताको सुस्केरा फाल्दै आमा आफ्नो काममा लाग्नुभयो ।

तर बाका आँखामा भने बिसु मामा प्रष्ट रूपमा तिरस्कृत र उपेक्षित हुँदै गए । मनमा पाकेको यो तिरस्कारको विषय बिस्तार-बिस्तार व्यवहारमा फैलिएर यदाकदा प्रत्यक्ष अपमानको ज्वाला पनि उकेल्न थाल्यो । अनि बिसु मामामा पनि यसको प्रभाव प्रष्ट देखिन थाल्यो । उनी ज्यादै अपमानित स्थितिको अनुभव गरेर धेरैजसो घरको वातावरणबाट हराउन थाले । तर हाम्रो ममताको बन्धन निक्कै बलियो थियो

क्यार । ठ्याम्मै घर छोडेर गैहाल्न भने उनलाई कठिन परिरहेझैं लाग्थ्यो ।

यस्तो घोर तनाउको वातावरणमा मानिस कतिन्जेल स्वतन्त्र र फुक्का फोक्सोले सास फेर्न सक्थ्यो र ! एक दिन सबेरै घरबाट निस्केर गएका बिसु मामा फेरि फर्केर आएनन् । बाको शिरबाट एउटा अनपेक्षित भारी नै उतारिएझैं उहाँले अनुभव गर्नुभयो । आमा केही चिन्तित देखिनुभयो । हामी दिदीभाइको भने मुटु चुँडिएझैं लाग्यो । यसभन्दा बढी घरको दैनिक संचालनमा त्यसले कुनै असर पारेन ।

'कूचाले बढार्नुपर्ने कसिङ्गर हावाले उडाएर लग्यो' -एक दिन बाले प्रष्टै भन्नुभयो । एक्कासी यसरी घरबाट निर्वासित बिसु मामा कहाँ गए, के भए, कसैले खोजबखर गर्ने आवश्यकता सम्झेन । हो, हामी केटाकेटीलाई यस घटनाले केही दिनसम्म निक्कै पीडाको अनुभव भएको थियो । तर हामी त आखिर केटाकेटी, गर्ने के सक्थ्यौं र ? समयको पत्रमा त्यो मनको घाउ पनि पुरिँदै गयो । यसैबीच देशमा अनेक घटनाहरू भए । नौलो आएको प्रजातन्त्रको हुरीले जनजीवनलाई एउटा विश्रृंखलताको भुमरीमा चक्कर खायो- स्वच्छन्द लूटपाट, लाठीमुङ्ग्री, गालीगोफ्ता, मारकाट । प्रजातन्त्रको उपलब्धि जनजीवनमा आतंक, निराशा, रोगभोक झाँगिन पुग्यो । जनताले प्रजातन्त्रलाई यस्तै अर्थमा बुझ्यो ।

बिस्तार-बिस्तार हामी- म, मेरी दिदी र मेरा दौंतरीहरू पनि अब केही सम्झनसक्ने, केही बुझ्नसक्ने हुँदैगयौं । बिसु मामाको झट्ट सम्झना आउँदा उनको प्रत्येक व्यवहारभित्रको एउटा प्रखर र प्रोज्ज्वल व्यक्तित्वलाई चिन्ने प्रयत्न गर्न थाल्यौं । बिसु मामा के साँच्चै जानताका मानिस थिएनन् त ? के उनको सम्पूर्ण क्रियाकलाप जनमुक्तिका लागि थिएन त ? हुन त उनले आफूलाई कहिल्यै मुक्तिसंग्रामको सिपाही हुँ भनेर ढ्वाङ फुकेर हिंडेनन्, तर उनको जीवनको प्रत्येक गतिविधिले त्यतैतिर औंल्याउँदैनथ्यो र ? उनको प्रत्येक गतिविधि आक्रोश, निराशा, उद्‍गारको विश्लेषण गर्न खोज्दा अहिले मेरा आँखामा उनको विशिष्ट र गरिमापूर्ण तस्विर नै उत्रन्छ । तर कहाँ छन्, मेरा ती बिसु मामा अहिले ?

बिसु मामाको सम्झनाले कहिलेकाहीं मेरो भित्र नराम्रोसँग चहन्याउँथ्यो । म आफ्नो नगण्य क्षमता र सीमित शक्तिको सामलमा उनको खोजी गर्ने नगण्य चेष्टा पनि गर्थें । तर उनी प्रत्यक्षमा न नाउँ, न गाउँ, न ठाउँ, न ठहर- केवल हाम्रा बिसु मामा, हाम्रा ज्ञानी मामा- उनको पत्तो लगाउन खोज्नु घाँस पत्करको रासमा

**जाडो महिनाको छुट्टीको दिनको मधुरो घाममा, आधुनिक सुविधायुक्त बिल्डिङको खुला बरन्डामा आरामी मेचमा पल्टेर अखबारका कालमहरूमा आँखा दौडाउनु कति आनन्ददायक छ आजको जीवन**

हराएको हीराको कण खोज्नुसमान न हो । मेरा बिसु मामा मात्रको के कुरा, देशको महान् परिवर्तनको यस प्रचण्ड यज्ञमा आफ्नो सर्वस्व होमेर, घिनलाग्दो राजनीतिक प्रपञ्चको धोकामा स्वप्नभंग भएका कैयौं यस्ता बिसु मामाहरू समयको निर्मम चपरीमुनि पुरिएर बिलिए होलान् । तर मेरो आफ्नो साँगुरो स्वार्थले त आफ्नै बिसु मामालाई विशिष्ट देख्छ र उनको खोजी गर्छ ।

समयलाई मेरो अथवा कसैका बिसु मामाको के पक्षपात हुन्छ र ?... उसलाई त गति चाहिन्छ, केवल गति । ऊ आफ्नो यही गतिको पाङ्ग्रोले हजारौं बिसु मामालाई पेल्दै भाग्छ । उसको निधारमा भने खुम्चासम्म पनि पर्दैन । सात साल, सत्र साल, यो त एउटा प्रतीक हो, नामाकरण हो । मुख्य कुरो हो समय । समय त गति हो । यो आफ्नो निर्ममताको साथमा दगुरिरहन्छ, दगुरिरहन्छ । कुनै व्यवधान छैन यसमा ।... अनि मामालाई बिर्सेर मेरो समयले पनि गति पक्डेको छ । मेरो गतिमा पनि कुनै व्यवधान छैन । यसै दौडको बीच मैले पनि धेरै कुरा गरेको छु, धेरै कुरा । केवल मामालाई सम्झने कुरा भने गरेको छैन । मैले पढेको छु, लेखेको छु र आफूलाई देशको गतिको साथमा दौडाएको छु । भलै बजारमा नून महँगो छ, दाल, तेल, कपडा महँगोबाट महँगो हुँदैछ । यस मारमा पनि मैले देशमा केही पुल र कलभर्ट बनाएर देश सेवा गरेको छु । त्यसै सेवाको पुरस्कारमा आफ्नै चार पाँच भव्य भवन खडा गरेर देश विकासमा केही योगदान दिएको छु । महँगी बढ्नु, भोक, बेकारी बढ्नु यो त समयको अनिवार्यता हो । त्यसैले यो त गौण वस्तु हो । मुख्य वस्तु हो हाम्रो- जनताको शिरमाथि कसैको आश्वासन र संरक्षणको सशक्त हात हुनु । यो हामीले जन्मजात वरदानका रूपमा पाएका छौं । त्यसैले त चाहे भोक र रोगले लुछियूँ, चाहे विदेशीबाट पिसियूँ, चाहे स्वदेशीबाट शोसियूँ, हामी सधैं शान्त रहन सक्छौं । शान्त, निर्भ्रान्त रहेर आफ्नो शिरमाथिको सशक्त संरक्षणको हातलाई अनुभव गर्न सक्छौं । यही विशिष्ठ र महान् आदर्शमा नेपाली बाँचन सक्छ ।

यसरी समय आफ्नो गतिमा बेतोड दगुरेको छ र, पनि यसको प्रवाह शान्त छ, हावा शान्त छ, दिगन्त शान्त छ । मुख्य कुरा जनता शान्त छ । अनि मेरा बिसु मामा ?... उनी के छन् ?... कहाँ छन् ?... जहाँसुकै हुन्, उनी पनि कराएका सुनिन्नन् । त्यसैले अनुमान-प्रमाणबाट उनी पनि शान्त र सन्तुष्ट छन् भन्ने मैले ठान्नैपर्छ । ठानेकै पनि छु र म आफ्नो देश विकासको (एक दुई अरू पक्की बंगला ठड्याएर पाए त्यसमा अमेरिकन डेरावाला राखेर धन कमाउने, एक दुई अरू मोटरकार जोड्ने, एक दुई अरू टेण्डर पास गराउने, एक दुई अरू लज र भट्टी खोल्ने) काममा कम्मर कसेर लागेको छु । तर पनि कहिलेकाहीं भने किन हो उनको सम्झना आइहाल्छ - आज बिसु मामा मेरो विकास उन्नति देखेर कति खुशी हुँदा हुन् ! आखिर उनले चाहेको कुरा पनि यही न हो- देशविकास ! देशको साधारण मान्छेले पनि आफ्नो विकासको औसर पाउनु ।... तर कहाँ होलान् मेरा ती मामा- स्वप्नद्रष्टा ज्ञानी मामा ?

**घिनलाग्दो राजनीतिक प्रपञ्चको धोकामा स्वप्नभंग भएका कैयौं यस्ता बिसु मामाहरू समयको निर्मम चपरीमुनि पुरिएर बिलिए होलान् ।**

जाडो महिनाको छुट्टीको दिनको मधुरो घाममा, आधुनिक सुविधायुक्त बिल्डिङको खुला बरन्डामा आरामी मेचमा पल्टेर अखबारका कालमहरूमा आँखा दौडाउनु कति आनन्ददायक छ आजको जीवन । अनि एक दिन यस्तै मधुरो घाममा मेरा आँखा अखबारका कालममा खास गरी अखबारका त्यस्ता टेण्डर र ठेक्काका कालममा दगुर्न व्यस्त हुन्छन् जुन ठेक्काको टेण्डर कुनै खास ठेकेदारलाई दिलाउन सके एकै कलम साठी-सत्तरी हजार आफ्नो सलामी सोहर्न सकिन्छ । यही नै त्यस न्यानो घाममा मेरो चिन्तनको विषय बनेको हुन्छ । म त्यस चिन्तनमा डुबेको हुन्छु । एक्कासी शायद कुनै अज्ञात प्रेरणाले मेरा आँखा अखबारका कालमबाट उचालिएर कम्पाउण्डबाहिर सडकमा पुग्छन् । सडकमा नौलो कुरा केही छैन, उही ठेला, मोटर साइकल, मान्छेको दौड, उही हतार र आराम, भोक र डकार, फोहर र

स्वच्छता, दैन्य र विलासिता, उही रातादिनको दृश्य- सम्पन्नता र विपन्नताबीचको विसंगति । तर मेरा आँखा अनायास त्यता तानिनुमा कारण यी सधैंका विसंगति होइनन् बरू अर्कै थियो । मेरा आँखा अनायास एउटा यस्तो असाधारण व्यक्तित्वमा गएर ठक्कर खाएका थिए, जसले मेरो शरीरमा एउटा रोमाञ्चको अनुभूति दिए ।... एउटा विपन्न अवस्थाको देखिने मोटो र पसिनामा मुछिएको व्यक्तित्व आफ्ना स्थिर आँखाले मेरो बंगलातिर हेर्दै, कम्पाउण्डको सडकको मुख्य ढोकातिर बढ्दै थियो । ऊ विचित्र भेषमा थियो, जीर्ण भेषमा थियो । कौतूहलले डोऱ्याइएका केटाकेटी उसका पछि पछि लागेका थिए । तर ऊ यिनबाट निर्लिप्त, निर्द्वन्द्व देखिन्थ्यो ।

आरामसाथ सुत्ने कोठामा नरम पलङ्गमा बसाएँ- 'भन्नोस्, मामा, तपाई यत्तिका दिन कहाँ हुनुहुन्थ्यो ?... के गर्नुहुन्थ्यो ? तपाईको यो हाल किन भयो ?

म एउटा डर मिसिएको वितृष्णित आँखा उसमा टिकाउँछु । यस्तै बेकामका बहुरूपीहरूले नै त हो हाम्रो देशको उन्नतिमा बाधा पुऱ्याउने । यी समाजको पिठ्युँका बेकारका भारी ।... म उसलाई लखेट्न कालेलाई बोलाउन मुख खोल्छु - 'ए... काले !' तर किन हो मेरो आवाज निस्कन्न । उल्टो मेरो भित्र एउटा विचित्र शीतलहरी दौडेझैं मलाई भान हुन्छ- यो मानिस... यो मानिसलाई कहाँ देखेको हुं मैले ? सम्झना ज्यादै निर्धो साबित हुन्छ । भर्सेली परोस् ।... म आफ्ना ध्यान अखबारका कालमतिर सोहर्छु ।...

मलाई लाग्छ, त्यो व्यक्तित्व मेरो कम्पाउण्डबाहिर सडकको द्वारमा उभिन्छ । ऊ मेरो नामपट्टि बढ्छ र निर्भिक पाइलाले ढोकाभित्र पस्छ । मेरो आँखा फेरि गएर उसका झाडीजस्ता जुँगादाह्रीले ढाकिएको अनुहारबाट बग्दै उसका आँखामा ठोकिन्छन् । त्यस ठोकाइबाट एउटा विद्युत् झड्का निस्केर मेरो सम्पूर्ण रक्तप्रणालीमा प्रवाहित भएझैं मलाई अनुभव हुन्छ । ओफ ! उसका इनारजस्ता धसिएका आँखाबाट फुटिरहेको एउटा जीवन्त सुनौला किरण एउटा स्वप्नद्रष्टा प्रकाश ।... यो त... यो त...

'मामा !'... बिसु मामा !' - मेरो घाँटीबाट एक्कासी उल्लास र पीडाको सम्मिश्रित चीत्कार निस्कन्छ । म बरन्डाबाट एक मिल्कोमा हामफालेर मामाको छेउमा पुग्छु । - 'तपाईंको के हाल यो ?... तपाई यतिका दिन यो गतिले कहाँ बेपत्ता ?'

मैले मेरा ती हराएका बिसु मामालाई आग्रहपूर्वक घरभित्र लगें । आफ्नो ज्ञान र साधनले भेटेसम्म सरसफाइ, खानपिन गराएँ । अनि आरामसाथ सुत्ने कोठामा नरम पलङ्गमा बसाएँ- 'भन्नोस्, मामा, तपाई यत्तिका दिन कहाँ हुनुहुन्थ्यो ?... के गर्नुहुन्थ्यो ? तपाईको यो हाल किन भयो ?

'हाल ?' -झण्डै तीन घण्टापछि मुखबाट निस्केको मामाको पहिलो शब्द थियो त्यो । यस शब्दका साथै एकपल्ट उनको अनुहार बादलले ढाकेझैं लाग्यो अनि फेरि स्वाभाविक निर्लिप्तताको रङ फर्केको देखियो । साथै उनका ओठका बीच एउटा स्निग्ध र निष्कपट मुस्कान खेल्यो- 'हाल त !... यस्तै हो ।... मेरो, अरूको सबैको ।... पख न उज्यालो हुन देऊ । रातमा त सबै कुरा यस्तै रूपमा त देखिन्छ ।... आभास मात्र ।.... तर उज्यालो भएपछि ।... रात निकै बाँकी छ ।.... एकछिन सुते हुन्छ ।.... तर... तिमी.... तिमी त.... राम होइनौं ?'

मामाका अनर्गल लाग्ने कुरा सुन्दा मेरो भित्र मर्ममा कता कता एउटा पीडाको चस्को उठेझैं मलाई अनुभव भयो ।... मैले कुनै बखत आफूभित्र पनि त्यस्तो के के अर्थ लुकेको अनर्गल लाग्ने आवाज ध्वनित भएको अनुभव गरेथें । तर त्यो आवाज आजकल मेरो खण्डहरमै कता रूमल्लिएर बिलाएको छ, त्यो म अहिले सुन्दिंन । तर मामा....

'मामा !' - मैले आफ्नो स्वरलाई पीडित तुल्याएर आफ्नो विवशताको अपील मामाछेउ गर्ने जमर्को गरें । तर मामाले खायस गरेनन् । उनले मलाई बीचमा रोकेर भनें- 'अँ सबै यस्तै छन्... सबै ।.... तिमी म.... सबै ।... अँ तिमीले घरबार त मजबूत जोडेछौ ।

मामाको भनाइमा त्यति वक्रोक्ति त थिएन तर यसका एक एक शब्द मेरो मुटुमा गएर गोलीझैं धसिएको मलाई अनुभव भयो । अपराधबोधले म आफू पानी गलेझैं गलें । मैले मामाका तेजिला आँखामा हेरिरहन सकिनं । मामा मेरो लाचार अनुहारमा गहिरोसँग हेरिरहेका थिए । अनि उनका आँखामा उही चीरपरिचित प्रबुद्ध मुस्कान फुटिरहेको थियो । त्यस मुस्कानमा मजस्ता माथि एउटा दयापूर्ण व्यंग्यको छाया थियो ।

'म जान्छु अब ।' -अप्रत्यासित रूपमा उनी उठे ।

'अहिल्यै ? -म आत्तिएँ ।... 'यत्रो जुगमा त आउनुभो, लगत्तै फेरि कहाँ ?'

'मेरो ठाउँ यहाँ होइन । मेरो ठाउँ.... मेरो काम सकिएको छैन ।' -मामाले भने । यतिखेर उनका आँखा एउटा विशेष खालको ममता र पीडा बोकेर पारि सडकको पेटीमा डुलिरहेका थिए । मेरो बिल्डिङअगाडिको त्यस पेटीमा माग्न बस्ने त्यो खुट्टा झरेको रोगी माग्ने आज पनि आफ्नो गिल्टीको बटुको सामु तेर्स्याउँदै थियो । पहाडजत्रो भारीमाथि तीन तीन जना कंकाल छाउराहरूसमेत लादेर तरतरी पसिनाले नुहाउँदै ठेला ठेलिरहेका च्याङ्वाका लोग्ने स्वास्नी आज पनि उही बाटो जाँदै थिए । अनि तेल पुछेको झाँग्राका टुक्राले बेरिएका ती अगुल्टाजस्ता माग्ने केटाहरू आज पनि त्यो विशाल बार एण्ड रेष्टुराँको पेटीमा खोपी खेल्दै थिए ।'

'मेरो काम अझ बाँकी छ बा, बाँकी नै छ ।' -मामा फुटपाथतिर औंल्याउँदै त्यति भनेर मेरो अनुरोधलाई खायस नगरी कोठाबाट लन र लनबाट ठूलो गेट हुँदै सडक तरेर पारि पेटीमा पुगे । अनि देख्तादेख्तै उनी त्यहाँको विसङ्गतिपूर्ण जीवनमा कता हराए ।

२००७ सालको परिवर्तनले मलाई पनि कति थोक दिएको छ । पाँच छ ओटा पक्की बिल्डिङ, मोटर, परमिट, लाइसेन्स सारांशमा अतुल ऐश्वर्य । तर यो अनन्तव्यापी भोक-दैन्य-दरिद्रता, शोषण-ताडना र प्रभुताको विसंगति, यस विसंगतिको माझमा मेरो क्याडिलकको चम्किलो रंग कहाँनिर मिल्छ खोइ ?... अनि लाग्छ मेरो सम्पूर्ण ऐश्वर्यको चमक त केवल चित्रकारले क्यानभासमा बनाएको चमकदार व्यंग्यचित्र पो हो त ।

तर म के गर्न सक्छु ?... संसार शान्त छ । वायुमण्डल सन्तुष्ट छ । ठेलावाल च्याङ्वाका लोग्नेस्वास्नी, गलित माग्ने, झुत्रो माग्ने केटाहरू सबैकासबै आफ्नै नियतिमा सन्तुष्ट छन् भने म एक्लो आफ्नो सौभाग्यमा सन्तुष्ट नभएर के गरौं ? म बिसु मामाजस्तो ज्ञानी पनि त होइन । उनीजस्तो त्यागी पनि त बन्न सक्तिनं म । म आरामी मेचमा एकपल्ट अस्ताएर लाचारी र विवशताको निर्लज्ज दाँत डिच्च्याउँछु । मलाई थाहा छ मेरा आफूलाई बचाउने सबै आडहरू लाचार सिद्धान्तका नपुंसक तर्क हुन् । तर यी तर्कहरू मजस्ताका लागि कति कति सुरक्षित र कति सान्त्वना दिने खालका छन् । यही छद्म सिद्धान्तले नै त मजस्ता अति सम्वेदनशील मूर्खलाई बौलाउनु र आत्महत्या गर्नुबाट बचाउँछ । म यसैमा बेह्रिएर सुरक्षित छु- म जस्ता सबै सन्तुष्ट र सुरक्षित छन् ।

तर यही लाचारीमा पनि कमसेकम एकजना त सजग छ । ऊ आफ्नो सजगताले मेरो नपुंसक तुष्टिलाई बारम्बार घचघच्याइरहेझैं लाग्छ । त्यो हो- मेरो बिसु मामा, ज्ञानी मामा ।

❑



# त्यो क्रान्तिको प्रतीक

गोविन्दबहादुर मल्ल 'गोठाले'

**धेरै** दिनअघिको कुरा, जुन बखत म स्कूलमा पढ्ने एउटा केटो मात्रै थिएँ, त्यस बेलादेखि मेरो मनमा अस्पष्ट रूपमा लागेको थियो, 'केही जरूर हुनेछ, हाम्रो वर्ग अथवा परिवारको पहाडजस्तो शक्ति एक न एक दिन चूरचूर हुनेछ र हाम्रो चहकमहकमा प्रेत नाच्नेछ ।' त्यस बखतको मेरो अनुभूति, मेरै आफ्नै निम्ति पनि भाषा बन्न पाएको थिएन । आज सोच्दछु- बाल्यावस्थाको त्यो अनुभूति कति साँचो थियो । यो पनि सोच्दछु कि त्यो फोहोरी कुरूप निम्न श्रेणीको केटो, जो मेरो क्लासको थियो, त्यसले कसरी सारा नेपाली जनताको घृणा साथै सहृदयताको प्रतीक भएर क्रान्ति गर्ने सम्वेदनालाई संगालिरहेको थियो । पछि ठूलो भएपछि म्याट्रिकको क्लासमा नपुग्दै सोह्र वर्ष पुगेकोले म कर्नेल बनाइएँ । राणा परिवारको रोब-रवाफको प्रतीक मिलिटरी ब्याज भएको टोपी लाएर जब म आफैं मुस्कुराउँथे त्यस बखत पनि त्यो घीनलाग्दो कुरूप केटाको अनुहार मेरो आँखाको अघिल्तिर नाचेजस्तो लाग्दथ्यो र म सिरिंग भएर खुम्चिन्थें ।

श्री ५ त्रिभुवनको समर्थन गर्दै प्रजातन्त्रको निमित्त जब नेपाली कांग्रेसले सशस्त्र हमला गरेको थियो, त्यस बखत म निद्रामा नै अचानक भस्कन्थें । लाग्थ्यो, कि त्यो घीनलाग्दो केटोले मेरो गर्धन थिचिरहेछ । 'क्रान्ति हुनेछ' यो मलाई पहिलेदेखि नै थाहा थियो । 'हाम्रो राणा परिवार तहसनहस हुनेछ' यो पनि मलाई थाहा भएर के हुन्छ, हुने कुरालाई कसले छेक्नसक्छ ।

अब मलाई भन्न केको लाज ? देशमा क्रान्ति भैसकेको छ र वास्तविक कुरालाई भन्न केको हिचकिचाहट ? प्रजातान्त्रिक वातावरण, आफ्नो मनमा अटेसमटेस भएर आएको कुरा स्पष्ट खोल्ने म आफ्नो सहृदयतालाई किन छोडूँ ? त्यो घीनलाग्दो लडका, जसलाई म दुईखुट्टे मानिस मात्र सम्झन्थें, यदि त्यो आज भेट भयो भने म त्यसको अघिल्तिर हात जोडेर गिड्गिडाउने थिएँ । तर त्यो कहीं भेटिदैन । मेरो आंखा त्यसलाई खोजिरहन्छ । जुलूस निस्क्यो भने, कहीं ज्यामी काम गरिरहेको छ भने, त्यसै कहीं हूल छ भने मेरो मनै चञ्चल हुन्छ, मुटु ढुकढुक गर्नथाल्छ- त्यो भेट हुन्छ कि ! त्यो भेट भए कस्तो हुन्थ्यो ! म त्यसको अघिल्तिर कपाल कन्याउँथे र त्यसले मलाई गाला चड्काओस्, अथवा मीठो बचन बोलेर मलाई न्यारान्यारा गरोस् । मेरो राणा परिवारको निमित्त यो कस्तो मज्जाको व्यंग्य हुनेछ ।

शायद त्यो लडका धनी भैरहेको होला, शायद त्यसको मानसिक स्तर बढिरहेको होला, उमंगको पखेटा हालेर उडिरहेको होला । शायद त्यो मन्त्री बन्ला, प्रधानमन्त्री बन्ला र हामीमाथि त्यही व्यक्तिले शासन गर्ला- यस व्यंग्यलाई मैले मात्र सम्झेको छु, किनकि म दिनपर दिन बरबाद हुँदैछु ।

बुबा स्वर्गे भैसकेपछि मलाई थाहा भयो कि हामीमाथि ऋणको बोझ पो परेको रहेछ । जिजूबुवा महाराज भैबक्सँदा कमाएको धन अंशवण्डा भएपछि घट्यो र घट्दा घट्दा र बुवाले अन्धाधुन्दा खर्च गर्दा त केही पनि बचेन । उल्टो हामीलाई ऋण पो लाग्न गयो । बुवाका धेरै भित्रीनी थिए । त्यसमाथि विलास हाम्रो परिवारको शानशौकत हुँदै हो, जुन कायम राख्न बुवाले आँखा चिम्लेर खर्च गर्नैपर्‍यो । अब हामीसित सालिन्दा पाँच हजार आम्दानीको बिर्ता बचेको छ । घरबाहेक अरू जति अचल सम्पत्ति छ सबै बन्धक परेको छ । हाम्रो जमानामा साहू ऋणको रूपियाँ माग्न पनि डराउंथे, अब मुद्दा चलाउने धम्की दिन्छन् । क्रान्तिपछि अनफीट भएकाले मेरो कर्नेली पनि खोसियो ।



यता म बरबादीतिर गुट्किंदै छु, उता त्यो घीनलाग्दो लडका हौसलाको उडान उडिरहेको होला !

साहूहरूलाई मैले गहनासहना बन्धक राखेर मुख थुनें, जुन गहना अब कहिल्यै फर्कदैन । बेचन मलाई डर लाग्छ, किनकि यसमा इज्जत जाने डरको साथै फर्केर आउने सुखद् सपना पनि छ । अस्ति मैले घरको कुना कुना चाहारें त देख्छु कि मूल्यवान फर्निचर सब गायव थियो । ग्रामोफोन रेडियो मैले सय रूपियाँमा बेचेको रहेछु, जुन कुरा किन्दा दुई हजार परेको थियो । कहिलेकाहीं त्यसै गजब मानेर बसिरहन्छु कि यति चांडो कसरी मैले त्यतिका मालमत्ता बेचिदिएछु, किन बेचेछु र बेचेर केमा खर्च गरेछु ।

जुन ठाउँमा मालमत्ता थियो, त्यो ठाउँ अब ड्वाङ-ड्वाङती खाली छ । सोच्छु कि यदि त्यो लडका मरेको भए त्यसको प्रेतात्मा स्तब्धसित बसेर त्यो खाली ठाउँमा बिचारिरहेको होला । मेरी मुमा बूढी भैबक्सियो । तैपनि उहाँलाई मासु नभै भुजा रूच्तैन । अहँ, सम्भन सकिबक्सन्न प्रजातन्त्र के हो । घरका केटीहरू पेटभरि भात नपाउँदा र नयाँ

## कथाकार खगेन्द्र संग्रौलाको छनौट

जीवनका अनेक कालखण्डमा भिन्नभिन्न मानसिक अवस्थामा पढिएका थुप्रै नेपाली श्रेष्ठ कथाहरूको भण्डारबाट एउटैमात्र कथा रोज्नु एकदमै कठिन काम हो । यसो गर्दा एक जना कथाकारलाई अतिरिक्त महत्व दिई बाँकी कथाकारहरूलाई उपेक्षा गरेको तीतो अनुभूति हुनु स्वाभाविकै हो । तर पढिएका र नबिर्सिएका नेपाली कथाहरूको भण्डारबाट गोविन्दबहादुर मल्ल 'गोठाले'को 'त्यो क्रान्तिको प्रतीक' कथा रोजिसकेपछि भने मलाई यो तीतो अनुभूति वा अपजसबाट छुटकारा पाएको हलुङ्गो अनुभूति भयो । किनभने श्रेष्ठ नेपाली कथाहरूको लाममा यो एउटा मानक कथा हो, र यो सबै नेपाली कथाकारहरूका लागि गौरव गर्न लायकको सम्पदा हो ।

अणुशमशेर र कृष्णमान कथाका दुई प्रमुख पात्र हुन् – दुई विपरीत वर्ग, दुई विपरीत ध्रुव, दुई विपरीत स्वार्थ र दुई विपरीत युगका प्रतिनिधि । एउटा ढल्नै लागेको अत्याचारी राणा शासनको प्रतीक, अर्को उदाइरहेको राणाविरोधी विद्रोहको प्रतीक । इतिहासमा अणुशमशेर बोलीमाथि एकाधिकार कायम गरेर उपस्थित छ, कृष्णमान मौन उपस्थित छ । कृष्णमान कर लागेर सत्य बोल्दा पनि कुटिन्छ, आजीत भएर झुटो बोल्दा पनि कुटिन्छ । मैमत्त अणु शमशेरको उपध्याहा बकबक निभ्न लागेको बत्तीको धिपुधिपु हो, कृष्णमानको मौनता आँधी आउनुअघिको विराट सन्नाटा । कथाभित्रको सार कथा यही हो ।

घटनाको पत्यारिलो तारतम्य, वर्णन र चित्रणको स्वाभाविकता, संवादको सहजता, द्वन्द्वको मिहिन रचना, केस्राकेस्रा केलाएर पात्रहरूका बदलिंदा मनोदशाको घतलाग्दो उद्घाटन, दमित र उपेक्षित यथार्थको उत्खनन र सोको अनावरण तथा हलुङ्गो भाषामा गह्रुङ्गो विषयको पस्तुति – कथाका यी यावत् विशेषताहरूद्वारा यो कथा सुसज्जित छ । यो लघु आकारको विशाल कथा हो ।

*– खगेन्द्र संग्रौला*

लुगा नपाउँदा मुख लागेर छाडेर गए । बूढी मुमा काँपेको आवाजमा चिच्याइबक्सियो- "यिनीहरू मलाई के सम्झन्छन् । यिनीहरूलाई म झ्यालखाना पठाउन सक्दिनँ र !" मुमाको सुसार गर्ने अब हेलिना मात्रै छ, जो दाइजोजस्तै मुमासित यस घरमा आएकी थिई । कमारा कमारी अमलेख भएको धेरै वर्ष भयो । तर हेलिनाको दुनियाँमा कोही छैन, कतै शरण छैन, ऊ कहीं पनि जान सक्तिन । उसले भनी, "रानीसाहेव ! म कता जाऊँ ? बाँचे पनि प्रभूकै पाउमा, मरे पनि प्रभुकै पाउमा ।"

मुमा दङ्ग भैवक्सियो, हेलिनालाई पुरानै बानीअनुसार चट्ट कन्तुरबाट झिकेको पाँच रूपियाँ बकस बक्स्यो ।

मेरी स्त्री मैयाँसाहेबको रहनसहनको स्तरमा केही फरक आएको छैन । ऊ अघिअघिझैं सिंगारपटार गरेर बस्छे । राम्रो राम्रो साडी र लुगा लगाउनुको साथै जीउको गोरो भाग पनि देखाउँछे ।

मेरी स्त्री मैयाँसाहेबको रहनसहनको स्तरमा केही फरक आएको छैन । ऊ अघिअघिझैं सिंगारपटार गरेर बस्छे । राम्रो राम्रो साडी र लुगा लगाउनुको साथै जीउको गोरो भाग पनि देखाउँछे । हाम्रो घरको अहिलेको स्थिति उसको आवश्यकताको पूर्ति गर्न सक्तैन । तैपनि उसको आवश्यकता कसरी पूर्ति हुन्छ, त्यो मलाई थाहा छ । लुकाउन कोसिस पनि गर्दिन । क्रान्तिअघि पनि उसको प्रेमको भोक मबाट तृप्त हुँदैनथ्यो । भोक तृप्त गर्न ऊ के के गर्दछे, त्यो रहस्यमय छ । त्यो रहस्यको भेदन गर्ने कोसिस म गर्दिनँ पनि । म स्वास्नीको सौन्दर्यको पर्दाभित्र सुतेको आत्मालाई माया गर्छु । मनोहरा जेल, जहाँ राजकुलका स्वास्नीमानिसहरू थुनिन्छन्, त्यस ठाउँले मेरो मनमा बिभत्स हाहाकार पैदा गर्दथ्यो, इन्द्रिय चाहे जे गरोस्, सुतेको आत्मा पवित्र हुन्छ । मेरो यो दर्शन धार्मिक किताव पढेर प्राप्त भएको हो या सम्भोगक्रिया सम्बन्धी बेकानूनी किताव, फिल्म इत्यादि हेरेर भएको हो, त्यो मलाई त्यतिको वास्ता छैन । अब क्रान्ति भैसकेको छ, मनोहरा जेल उजाड भैसकेको छ । तड्पी तड्पी जति बूढी भैसकेका छन् ती सब बाहिर निस्किसकेका छन् । क्रान्तिअघि मेरी मैसाब प्रेमको भोक सकेसम्म प्रकट नगर्न कोशिस गर्दथी । प्रजातन्त्र भएकोले र मनोहरा जेल पनि नरहन गएकोले गुप्त नामको कुरा नै रहन गएन । रक्सी खाने र बालडान्स गर्ने होटेल खुलिसकेको छ । यो पनि नभएको भए भए हामी ठूलाहरूलाई कहाँ शरण रहन्छ ! यस्तो बालडान्स गर्ने क्लब र रक्सी खाने होटेल नै त्यो ठाउँ हो जसले हाम्रो शरण लिन्छ र प्रजातन्त्र भएर पनि हामीलाई शरण दिन्छ । नत्र भए कहिले नै प्रतिक्रान्ति गर्ने कोसिशमा हामी मरिसकेका हौंला । बालडान्स खाली अर्धचेतन मानसिकताको असन्तुष्टि र शरीरको स्पर्शको आदान-प्रदान । अंग्रेजहरू नृत्य गर्दा संगीत र नृत्यको सन्तुलन क्रियामा मस्त हुन्छन् कि त्यो मलाई थाहा छैन । मेरी स्वास्नीलाई पनि बालडान्समा खास रूचि छ । ऊ भर्खर भर्खरकी सिकारू मात्र हो । तैपनि यसो हेर्दा मानों उसको जिन्दगानीको निमित्त खालि यही एक कला जीवित छ, ऊ यसै एक कलाको निमित्त मात्रै जीवित छे । मेरो पनि आफ्नो एक कला छ, एउटा आफ्नै किसिमको छ, जुन कुरामा हस्तक्षेप गर्ने मेरी स्वास्नीको कुनै अधिकार छैन । यसै भोकलाई पूरा गर्न र यसै कलालाई सम्पूर्ण गर्नलाई त मैले मालमत्ता त्यतिका बेचिदिएँ, गहनाहरू बन्धकमा राखें । स्वास्नीमान्छेहरूको कमलो शरीरमा एक गजबको आकर्षण छ, कहिलेकाहीं त म्वाइँ खाँदा खाँदै किचिक्क पारेर मार्ने जोश उठ्छ । रक्सी खाँदा खाँदै रक्सीको बोतलले आफ्नै खप्पर फोडूँ जस्तो जस्तो लाग्छ । तर भोकको ज्वाला मेटिँदैन, झन् झन् चम्कन्छ । कला मानों अपूर्ण हुनलाई नै कला हो । म बरवादीतिर गुट्किदै छु, यो चेतना पनि कति मजाको छ, जस्तो कि दौडिरहेको आफू चढेको मोटर दुर्घटना परेको चेतना होस् ।

हामी यहाँसम्म छोटा भयौं । मैले स्वास्नीको केही साडी र गहना एउटी अर्कै स्वास्नीमानिसलाई दिएँ । यति सानो कुरामा पनि यति सानो चित्त देखाएर स्वास्नी यस्तरी रिसाई कि मेरो मुखभरि फोहोर गालीको वर्षा गर्न लागी । म जिल्ल परेर उसको मुख हेरिरहें । उसको अनुहारको भङ्गिमा कुनै तल्लो जातको ज्वाला ज्यामी गरेर खानेको जस्तो लाग्यो अथवा त्यस्तै गुप्ती पेशा गरेर खानेको जस्तो लाग्यो । पहिले पहिले भए ऊ यति सानो कुरालाई सोच्ने कुरा मान्दिन होली । सोच्दासोच्दै मलाई मरी मरी हाँस्न मन लाग्यो ।

जवानीलाई सुरक्षित राख्न मुमाले मलाई आफ्नो दूध चुसाइबक्सेन । मलाई बुबूले आफ्नो दूध चुसाएर हुर्काएकी हो ।

मेरो एउटा छोरो थियो, एउटै मात्र । एक्लो छोरो पनि मर्छ, गजवको विधिको विधान छ । मजस्तो मानिसलाई पनि चोट पर्छ, म जस्तोलाई पनि संसार असार लाग्छ र विरह-व्यथामा चुर्लुम्म डुबेर बस्न मन लाग्छ, यो पनि गजबको कुरा हो । मेरो बुबा परलोक हुँदा पनि म त्यत्तिको शोकले विह्वल भएको थिइनँ, जतिका कि एक अकिञ्चन सानो छोरो मरेर । बुबा शायद मेरो हृदयको नाताभन्दा टाढा होइबक्सिन्थ्यो । त्यसो त मुमालाई पनि म मासुको एउटा मैलोथैलो पोको सम्झन्छु । तैपनि एक रहस्यमय पोकोजस्तो लाग्छ । किन किन जत्तिको म उनलाई सम्मान गर्छु त्यत्तिकै घृणा पनि । बुबा जब परलोक भैबक्स्यो, मेरो व्यक्तित्वलाई कुण्ठित गर्ने एक भयावह कुरा लुप्त भएजस्तो मलाई लाग्यो । हामीहरूको बीचमा एउटा अनुल्लंघनीय पर्खाल छ । शायद यही त्यो सामन्तवादी अनुशासन हो र ठूलाबडाको सोमत हो । जवानीलाई सुरक्षित राख्न मुमाले मलाई आफ्नो दूध चुसाइबक्सेन । मलाई बुबूले आफ्नो दूध चुसाएर हुर्काएकी हो । त्यस्तै, अर्कै एक स्वास्नीमानिस जसलाई म आमा भनेर बोलाउँथें, उसले स्याहार गरेर हुर्काएको हो । मलाई दूध चुसाएर हुर्काउने बुबूलाई सम्झिरहन्छु, जसले कसरी आफ्नो पेटको बच्चालाई पोइको काखमा फालेर मलाई पोसेकी थिई । त्यो बच्चा बुबू हामीकहाँ आएको केही महिनापछि नै मर्‍यो । अहिले त्यो बुबू कहाँ छ ? धेरै पहिले हामीलाई छोडेर गैसकेकी छ । एक साधारण भोकको कारण आफ्नो बच्चा पोइको काखमा मर्नलाई छोडेर पराईको बच्चालाई जियाउने त्यो धाईले कसरी मेरो हृदयलाई स्पर्श गर्छे, आश्चर्यको कुरा छ । त्यो धाईलाई सम्झेर मलाई थाहा छैन, किन ममा एक असाधारण कुरा हुन्छ । म चूप लागेर बसिरहन्छु ।

मेरो त्यो एक्लो छोरो मर्‍यो । अर्को दिन मैले मनमनै तर्क-वितर्क गरें- त्यो बच्चा बाँचेको भए पनि के हुन्थ्यो र- एउटा साधारण सिपाही बन्थ्यो, जुवाडे अथवा भँड्वा बन्थ्यो । अथवा तातो रगत भए डाँका बन्थ्यो । यस्तै केही बन्थ्यो, किनकि ऊ मेरो घरमा पालिन्थ्यो, जहाँ म छु, मेरी मैसाव हुनुहुन्छ, मेरी मुमा होइबक्सन्छ । तर्क धेरै बेरसम्म मेरो भावुकतासित सामञ्जस्य हुन सकेको

थिएन । तेस्रो दिन मेरो आँसु सुक्यो । फेरि अर्को दिन म हाँस्न पनि लागें । जुठो सिद्धिन नपाउँदै मैले रक्सी खाएँ । त्यसपछि मैले आफ्नो छोरा बिर्सें, सम्झनामा अब पीडाले सुस्केरा हाल्दैन ।

मेरी मैयाँसाहेब दिनभरि नै रोइरही । उसको सुँकसुँकी र छोराप्रति त्यस्तो ममता देखेर मलाई आश्चर्य लागिरहेको थियो । भोलिपल्ट ऊ सामसुम भई, मानौं ऊ ऐहिक लोक देखेर विरक्त भएकी छ र आध्यात्मिक गहिराइमा पुग्दछे । म जब उसको नजीक पुग्दथें ऊ घृणाले मेरो मुख हेर्दथी । अर्को भोलिपल्ट ऊ यताउता गरेको र केही मुस्कुराएको देखियो । र, जुठो सिद्धिनासाथै सिनेमा हेरेर फर्केपछि केही डराउँदै, केही सम्हालिंदै मलाई भनी, 'अहँ, हलमा त कपाल फुट्लाजस्तो भयो । केही पनि रमाइलो लागेन, मनमा सुख भए पो ।" फेरि त्यसै दिन छोरा बिर्सन र मन बहलाउन बालडान्स गर्ने क्लबमा गई ।

मुमा पनि रोइबक्सेको थियो । उहाँको रूवाइ पनि विरलै ढङ्गको थियो । उहाँ रूँदै होइबक्सिन्थ्यो र हेलिना बराबर आफ्नो आँखाको आँसु पुछ्दै उहाँको पाउ दाबिरहेकी थिई । केही बेर रोएपछि मुमा सुकुला भैबक्स्यो मस्त निद्रामा । भोलिपल्ट विगत वैभवलाई सम्झेर धेरैबेर रोइबक्स्यो । तेस्रो दिन हेलिनासित निकटी कुरामा रिसानी भैबक्स्यो र दिनभरि बघिनीजस्तो गुर्राइबक्स्यो ।

यस्तो छ । मलाई कहिलेकाहीं लाग्छ कि म मर्न लागिरहेछु । सुत्न भनेर जब म विछ्यौनामा लेट्छु म स्तब्ध हुन्छु- कहीं सुतेको बखतमा निद्रामा नै मरें भने, भोलिको विहान पनि हेर्न पाइनँ भने ! मलाई थाहा छ कि रक्सीले मेरो शरीर छियाछिया गर्दैछ । रक्सीको सुरमा कहिलेकाहीं यो विक्षिप्त कल्पना सत्यजस्तो पनि लाग्छ- त्यो घीनलाग्दो लड्को मेरो रगतको अणुअणुमा उफ्रँदै नाच्दै भनिरहेछ, 'तँ मर्छस्' र म त्यस व्यंग्यको जवाफमा अझ बढ्ता रक्सी उडेल्न शुरू गर्छु ।

मेरो स्थिति यस्तो भैसकेकी छ । सबैले महसूस गरिसकेका छन् कि व्यक्तिगत तौरबाट पनि म मान्छे रहन गएको छैन । राणा शाहीको जमानामा राणाशाहीको इज्जत बचाउन कोही गरीब-सरीब भएमा भत्ता दिइन्थ्यो, र त्यो नभएमा महाराजबाट आफ्नै पकेटबाट मद्दत गरिबक्सिन्थ्यो । त्यस्तै दुनियाँदारले हाम्रा बेइज्जत गर्न खोजेमा त्यस्ताहरूलाई अड्डामा सोझ्याइदिन्थे । अब यो सब कहिलेको कुरा भैसक्यो । मलाई बाटोमा मान्छे यसो भन्न पनि केही हच्कँदैन । कोही नमस्तेसम्म पनि गर्दैन, सलाम दर्शन

उहाँ रूँदै होइबक्सिन्थ्यो र हेलिना बराबर आफ्नो आँखाको आँसु पुछ्दै उहाँको पाउ दाबिरहेकी थिई । केही बेर रोएपछि मुमा सुकुला भैबक्स्यो मस्त निद्रामा ।

त टाढाको कुरा भैसक्यो । मलाई हेर्दै व्यंग्यपूर्वक मुस्कुराउँछन् । म कसैसित बोल्दिनँ । हाँसी-हाँसीकन कुरा गरेतापनि म केही नबोली आफूलाई सम्हाल्छु । मलाई डर लाग्छ, कसैले मलाई ठोकेर सरासर हिंड्यो भने... । क्रान्ति भयो, यसरी भयो । मानिस भन्छन् फेरि क्रान्ति हुनेछ । किनकि गरीबी बाँकी छ, शोषित यथास्थान मौजुद छन् । कतै क्रान्ति भयो भने... म सिरिङ्ग हुन्छु । किनकि म प्रतिक्रियावादीहरूकै साथ दिनेछु र यसरी साथ दिएर मारिनेछु ।

मलाई पहिले पहिलेदेखि नै थाहा थियो कि क्रान्ति हुन्छ, नभै छाड्दैन । त्यो घीनलाग्दो केटोले मेरो छातीमा यस्तो छाप छोडेर गएको छ कि त्यो मेटिँदैन । त्यो छापको सत्यता विगत क्रान्तिले देखायो । म त्यसबखत फिफ्थ क्लासमा पढ्थें । घरमा धेरै मास्टर पढाउन आए तापनि मलाई स्कूल जान कर लाग्यो । बुबाको उदारवादिताले मलाई स्कूल जान कर लाग्यो । मुमा मानिबक्सँदैनथ्यो । उहाँ भनिबक्सन्थ्यो- "यत्तिका मास्टरहरू घरमा आएर पढाउँदा पढाउँदै पनि के खाँचो परेको छ र स्कूल जानुपर्ने । हामी दुनियाँ त होइनौं छोरालाई स्कूल पठाउन । त्यसमा पनि कस्ता कस्ता साना जातका दुनियाँका केटाकेटीसित बसेर राजाले पढ्नुपर्ने होला । मास्टरले पनि अदबसदब नराखीकन राजालाई पढाउने होला । बिचरा, कलिलो छ, पिट्ने होला ।" बुबा मानिबक्सेन, मुसुक्क हाँसिबक्स्यो र मायालु स्वरमा भनिबक्स्यो- "तँ बुझ्दिनस् ।"

मुमा अझै राजी भैबक्सेन र जिद्दी गरिरहिबक्स्यो । अनि बुबा रिसानी भएर बोलिबक्स्यो- "सानो राजालाई एक, दुई, तीन स्कूल पठाउँछु । म मात्रै घाँस खाने पशु हुँ र बढेर कुरा गर्छेस् !"

म त्यहांबाट बिस्तारै धस्कें । बुबा र मुमाको आपसको भनाभन र झगडा लुकेर सुन्न मज्जा हुन्छ । म त्यस्तै गरिरहेको थिएँ, मलाई थाहा थियो- मुमाले जिद्दी गरिबक्स्यो भने बुबाको पनि केही लाग्दैन । श्री ३ बडामहारानी मुमाको फुपू पर्छ । मुमा चाकरीमा सवारी हुँदा बडामहारानी उहाँसित एकान्तमा कुरा गरिबक्सन्छ । यस कारण बुबा मुमासित भित्रभित्रै डराइबक्सन्छ, धेरै भित्रिनी भएकोले पनि मुमाको अदब राख्न र अटूट प्रेमको भावना दर्शाउन बुबा मुमाको कुरालाई नाइँ गरिबक्सन्न । म लुकीकन झगडाको सिलसिला कति पर पुग्छ सुनिरहेको थिएँ । जित आखिरमा मुमाकै हुन्छ । यस कारण स्कूल जानुपर्छ भन्ने चिन्ता थिएन । निस्फिक्री थिएँ । त्यसै बखत मेरो खेल्ने साथी बैठकेको छोराले आएर भन्यो- 'मेरिना भऱ्याङबाट खसेर छुट्टी, कत्रो घाउ भएको !' कोही भऱ्याङबाट त्यसै खस्छ भने मज्जाको कुरा हो । म उफ्रँदै हेर्न पुगें । साँच्चिकै मेरिना 'ऐया ! ऐया ! ! कराइरहेकी थिई । उसको भित्री सुरूवाल रक्ताम्य भएको थियो । त्यति ठूलो मान्छे रोएको देखेर मलाई हाँसो उठिरहेको थियो । अब स्कूल जाने कुरा मैले भुसुक्क बिर्से ।

मलाई पहिले पहिलेदेखि नै थाहा थियो कि क्रान्ति हुन्छ, नभै छाड्दैन । त्यो घीनलाग्दो केटोले मेरो छातीमा यस्तो छाप छोडेर गएको छ कि त्यो मेटिँदैन ।

साँझमा मुमालाई ढोग्न भनेर जान्छु त मुमा रिसानी भएको अनुहार लाएर राज भएको थियो । मैले गएर ढोगें । मुमाले मेरो टाउकोमा म्वाइँ खाएर मेरो च्यूँडो समात्दै मर्जी भयो- 'म तँलाई कसरी स्कूल पठाऊँ ?' फेरि हेलिनातिर फर्केर भनिबक्स्यो- 'लोग्नेमान्छेको छोराछोरीमाथि माया हुँदो रहेन छ । यो पढ्दा पढ्दै मर्छ । कति भनें, मानिबक्सेको होइन ।'

मैले मुमालाई जिल्ल परेर हेरिरहें । आश्चर्यको कुरा आज मुमाको कुरा भएन । साथै म सिरिंग भएँ, मलाई स्कूल जानु छ, दिनभरि पढ्नु छ ।

मुमा अचानक चिच्याइबक्स्यो, "हेलिना ! हेर, यो सबै रोजलिङ्गको जाल हो । मलाई थाहा छैन र ! आफू भोटेनी भएर पुगेन र मेरो राजालाई भोटे बनाउन खोज्दिरहिछ, भोटेजस्तै स्कूल जाओस् भनेर । त्यसलाई ननिकालीकन छाड्दिनँ ।"

मलाई तैपनि सान्त्वना भएन । रोजलिङ्ग बुबाको सबैभन्दा मन परेकी भित्रीनी थिई । थाहा छैन, ऊ मलाई किन खूब माया गर्दथी । शायद बुबालाई देखाउन होला । तैपनि मुमाको कुरा मलाई पत्यार लागेन सबै रोजलिङ्गकै जाल भनेर । राति मलाई धेरै बेरसम्म निद्रा परेन ।

ओछ्यानमा ओल्टेकोल्टे फेरिरहें । मास्टरहरू कस्ता डरलाग्दा होलान्, पाठ आएन भने कुट्ने होलान् । घरमा पढाउन आउने मास्टरहरू मलाई कुट्न हच्कन्थे, माया गरेर पढाउँथे, पाठ आएन भने बुबालाई बिन्ती चढाउँछु भनेर तर्साउँथे । तर बुबालाई कहिल्यै पनि उजूर गर्दैनथे । उल्टो मुमालाई मेरो तारीफको पुल बाँध्थे । मुमा बुबाको अघिल्तिर मेरो तारीफ गरिबक्सन्थ्यो र बुबा मास्टरदेखि खुसी होइबक्सिन्थ्यो ।

निद्रा आएको थिएन । बेचैन ओछ्यानमा ओल्टेकोल्टे फेरिरहेको थिएँ । त्यसै बखत बुबूले भर्केर भनी- "यस्तो के भएको छ र मेरो राजालाई स्कूल पठाउनु ! दुनियाँका छाउरा भए पो कमाउनुपर्छ ।"

**मैले सुनें, बुबा भनिरहिबक्सेको थियो- "यो साह्रै बदमास छ । खूब कुटेर तालिम गर्नोस्, हच्कनु पर्दैन ।"**

मलाई भित्रभित्रै उकुसमुकुस भएको थियो ।

भोलिपल्ट स्कूलमा भर्ती हुन जानुपऱ्यो । मुमा खोपीबाट बाहिर निस्किबक्सेन । बुबूले र आमाले मिलेर मलाई श्रृङ्गारपटार गरिदिए । कपाल कोरिदिए, स्नो पाउडर लगाइदिए र हल्का लाली पनि पोतिदिए । मैले टोल्हाएर आफूलाई सुम्पेको थिएँ । आमाले कोटहरूको ताँतीबाट एउटा कोट झिकेर लगाइदिई । म राम्रो नराम्रो छुट्याउन सक्तिनँ । मैले जवाफमा खाली टाउको हल्लाइदिएँ । पछि बुबू र आमाले मलाई म्वाइँ खाए ।

म बुबासँग पछिल्तिरको सीटमा बसेको थिएँ र हाम्रो मोटर स्कूलको गेटभित्र घुस्यो । मोटर सनसनाएर भित्र घुस्नासाथ त्यहाँको वातावरण स्तब्ध भयो । चौरमा, भऱ्याङमा र माथि बरण्डामा लडकाहरू मलाई तारीफ गर्ने आँखाले हेरिरहेका थिए । ती आँखामा एक तमासको आतंक पनि समाएको थियो । बुबाको ब्याजदार सिरपोश देखेर मास्टरहरू सबै सहमे । अघिल्तिर आएर दर्शन गरेर हात जोड्न लागे ।

हामीहरू हेडमास्टरको अफिसमा पुग्यौं । हेडमास्टर हडबडाएर उठे र झुकेर दर्शन गरेपछि मेच उठाएर केही घस्काए, जसमा बुबा राज भैबक्स्यो । हेडमास्टर खडै रहे र हात जोडेर कुरा गर्दै मलाई प्रशंसापूर्ण नेत्रले बीच बीचमा हेर्न लागे । मलाई एक किसिमको हलुङ्गो भयो, स्कूल आखिर त्यस्तो ठाउँ होइन रहेछ । म विनासित्ति त्यसै तर्सिरहेको रहेछु । स्कूल पनि हाम्रो घरजस्तै त रहेछ, जहाँ सुसारे, केटी, बैठके, नोकरचाकर छन् । म हल्कापन महसूस गर्दै थिएँ र झ्याल तल लडकाहरू दौडिरहेको रमाएर हेरिहेको थिएँ ।

मैले सुनें, बुबा भनिरहिबक्सेको थियो- "यो साह्रै बदमास छ । खूब कुटेर तालिम गर्नोस्, हच्कनुपर्दैन ।"

मैले हेडमास्टरको अनुहार निर्भीक भएर हेरें । हेडमास्टर मलाई मुस्कुराएर हेरिरहेका थिए । पछि मेरो गालामा हल्का चपट दिएर भने- "पढेन भने त खूब कुट्छु नि ।"

मैले फेरि झ्यालतल ग्राउण्डमा हेरें । अहिले लडकाहरू मलाई ताकिरहेका थिए, मानौं मेरो राम्रो लुगा र राम्रो अनुहार देखेर जिल्ल थिए ।

बुबा सवारी भैबक्स्यो । मलाई जाँच दिने रीत पुऱ्याउनु थियो । एउटा पालेले मलाई बस्न भनेर नजीकै मेच सर्काइदियो । म बसिँन र झ्यालैमा उभिरहें । अब मलाई डर थिएन, म स्कूलको वातावरणमा अविभूत भैरहेको थिएँ ।

हेडमास्टर कराए- "ठाउँ कहाँ छ र ?"

म फनक्क हेडमास्टरलाई आश्चर्यचकित भएर हेर्न लागें । उनी घिनाएको मुख लाएर एकातिर हेरिरहेका थिए । मैले उनको आँखाको अनुशरण गरें । त्यसपछि मेरो आँखा एउटा आकृतिमा गएर टक्क रोकियो र धेरै बेरसम्म रोकिइरह्यो । यो त्यही घीनलाग्दो केटो थियो, जो दुनियाँभरले गरेको घृणा, अवहेलना र पक्षपातित्वलाई आफूभित्र समेटिरहेको थियो र क्रान्ति गर्ने प्रेरणालाई सहेजिरहेको थियो । कालो अनुहार, मुखभरि छ्याकटे । कीलाले प्वाल पारेझैं साना साना दुई आँखा । आँखासित एकदम नमिल्दो मोटो नाक, पुड्के फुलेको पेट, छाती सानो । सबै मिलाएर त्यो केटो कुरूप पोकोझैं देखिन्थ्यो । म त्यस केटाप्रति आकर्षित पनि भएको थिएँ, त्यस्तै विकर्षित भएर मुख फर्काइरहेको थिएँ । तर जति विकर्षित भएको थिएँ, त्यत्तिकै मात्रामा आकर्षित पनि भएको थिएँ । उसले च्यातिएको मैलो र ह्वार्लाङ्ग ह्वार्लाङ्ग कोट लाएको थियो, जुन जडाउरी हो भन्ने राम्ररी थाहा हुन्छ । उसको सुरुवाल पनि घुँडामा टालिएको थियो । ऊ गरीबभन्दा पनि बढ्ता कुरूप थियो ।

**हाम्रो पालामा त भत्ता दिई दिई पढाउनुपर्थ्यो, स्कूल आएन भने पाले घर घरमा समात्न जान्थे । एक दिन म छाना छाना भागेको थिएँ ।**

त्यस केटोलाई ल्याउने मान्छे दुब्लो पातलो थियो र उसले हेडमास्टरलाई बिन्ती गरेर भन्यो- "मास्टरसाहेब ! यसलाई पढेको कुरा चाँडो आउँछ । हतपती बिर्सँदैन । दिनभरि पढिरहन्छ । यो मेरो भान्जा हो, यसको बुबाले यसलाई ज्यामी काम गर्न जा भनेर छुट्टी । लुकी लुकी पढ्छ, मैले ल्याएँ ।"

हेडमास्टरले झर्केर भने- "आज होइन, भोलि ल्याउनू । होइन, होइन आजै गर्नुपर्छ । एक छिन बाहिर बस, पास भयो भने... ।"

हेडमास्टरले फेरि घिनाएको अनुहार लगाएर केटोलाई हेरे । केटोको निस्तेज आँखा, भावनाशून्य अनुहार गर्धनमा थपक्क अडेको थियो ।

'अँ, एक छिन बाहिर बस ।'

त्यो केटो आफ्नो मामासित बाहिर निस्क्यो । हेडमास्टरले लामो सास खिचे, मानौं उनी दुर्गन्धिदेखि मुक्त भए । फेरि अर्को मास्टरतिर हेरेर हाँस्तै भने- "स्कूल भने यति सानो छ, मानिस भने यस्तरी भर्ना हुन आउँछन् । हाम्रो पालामा त भत्ता दिई दिई पढाउनुपर्थ्यो, स्कूल आएन भने पाले घर घरमा समात्न जान्थे । एक दिन म छाना छाना भागेको थिएँ ।"

घर पुगेर पनि त्यो कुरूप अनुहार मेरो आँखामा टाँसिएको थियो, जस्तो कि नाकमा कुनै चीजले दुर्गन्ध अनुहारलाई देखेजस्तो लाग्यो र म झस्केर उठें । एक छिनपछि सिलिङ्गमा झुण्डिरहेको बलिरहेको बिजुलीको चीमलाई हेरेर म केही मुस्कुराएँ ।

भोलिपल्ट मोटरमै स्कूल पुगें । केही हिचकिचाएर, केही खुम्चिएर आफ्नो क्लासभित्र घुस्छु त देख्छु कि त्यही घीनलाग्दो कुरूप केटो लास्ट बेन्चको छेउमा बसेको छ एउटा स्तब्ध मूर्तिझैं । म ढोकानिरकै फ्रन्ट बेन्चमा गएर बसें । त्यही बेन्चमा बसेको अलि सुकिलो लुगा लाएको मध्यम श्रेणीको लडको म बस्नासाथ बिस्तारै सरेर पुछारमा पुग्यो । दश बजेको थिएन र क्लास शुरू हुन केही बेर बाँकी नै थियो । म चुपचाप बसेको थिएँ र सम्मुखको ब्ल्याकबोर्डमा दृष्टि गडाइरहेको थिएँ । मलाई लागिरह्यो कि मेरो पिठ्यूँमा पनि आँखा छ र त्यो कुरूप केटोलाई हेरिरहेछ । यो गजबको आकस्मिकता हो, जुन दिन म भर्ती हुन गएँ, कुरूप केटो पनि भर्ती हुन आयो र

त्यही क्लासमा जुन क्लासमा म । यो सब किन ? अझ पनि म आफैं सोधिरहन्छु, यस्तो किसिमको आकस्मिकता किन र केलाई ?

क्लासमा केटाहरू घुस्थे । एक छिन जिल्ल परेर मलाई हेर्थे र अर्कै बेञ्चमा गएर बस्थे । मसित कोही बस्न आएन । म बसेको बेञ्चमा बस्ने त्यो लडको विस्तारै उठेर अर्को बेञ्चमा घच्चमघच्चा गरेर बस्न गयो । म बेञ्चमा एक्लै थिएँ ।

क्लासमा जोशको तूफान आइरहेको थियो । बेञ्चमा लडकाहरू आपसमा ठेलमठेल घच्चमघच्चा गरिरहेका थिए । ती सब मध्यम श्रेणीका लडकाहरू मलाई हेरी हेरी मुस्काइरहेका थिए र आपसमा खासखुस गरिरहेका थिए । कोही कराउन लागे र मेरो ध्यान आकर्षित गर्न लागे । कोही कसैलाई मुक्का देखाइरहेका थिए, मानों आफ्नो बहादुरी मलाई देखाउन कोशिस गरिरहेको हो । कोही कसैमाथि कागजको गुच्चा हिर्काइरहेका थिए । मलाई उकुसमुकुस भैरहेको थियो, म पनि केही गरूँ । तर मैले कसैलाई चिनेको थिइनँ । मैले विस्तारै पछिल्तिर फर्केर हेरें । त्यो कुरूप केटोको अनुहारमा कुनै परिवर्तन छैन । त्यो भावना शून्य अनुहार नचलीकन टोल्हाइरहेको थियो । मेरो दृष्टिको अनुशरण गर्दै सबै लडकाहरू पनि त्यो केटोलाई हेर्न लागे र सबै खित्का छोडेर हाँस्न लागे । त्यो केटो पनि एक्लै बेञ्चमा थियो, त्यसको साथमा पनि कोही थिएन । त्यस्तै म पनि एक्लै थिएँ, मानों हामी दुईमा विरोधी सामन्ञ्जस्य छ ।

घण्टी बज्यो, मास्टरसाहेब घुसे । मलाई देखेर एक छिन टक्क रोकिए । त्यसपछि मेचमा गएर बसे । एक छिनपछि मायालु स्वरमा उनले मलाई सोधे- "तिम्रो नाम के ?"

मैले नशरमाईकन भनें- "अणुशमशेर ।"

सब लडका हाँस्न लागे र म जिल्ल परिरहें । मास्टरसाहेबले भने- "मास्टरसित बोल्दा उभिनुपर्छ । यो स्कूलको डिसिप्लिन हो ।"

यो मेरो लागि नयाँ कुरा थियो । घरमा पनि त म मास्टरसित पढ्छु । त्यहाँ बोल्दा खडा हुनुपर्दैन । म गर्वले तन्केर बसिरहें । मास्टरसाहेब ट्रान्सलेसनको रूप सिकाउन लागे र बीच बीचमा मलाई हेर्थे, मानो सोध्न चाहन्थे, 'बुझ्यौ ?'

मैले केही पनि बुझेको थिइनँ । मेरो ध्यान झ्यालबाहिर घण्टाघरको सियोमा अड्किरहेको थियो ।

पढाउँदा पढाउँदै मास्टर रोकिए- 'त्यहाँ को नि, त्यो ?'

त्यही केटो, जसमाथि मास्टरसाहेबको

सब लडका हाँस्न लागे र म जिल्ल परिरहें । मास्टरसाहेबले भने- "मास्टरसित बोल्दा उभिनुपर्छ । यो स्कूलको डिसिप्लिन हो ।"

आँखा भर्खर पऱ्यो । मास्टरसाहेवको आँखा भर्खर पऱ्यो । मास्टरसाहेवले फेरि सोधे, "ए, तिम्रो नाम के हो ?"

केटो उठ्यो र भक्भकाएर चूप भयो । मास्टरसाहेवले साह्रो स्वरसित कराए- 'नाम के हो भनेको ?'

केटोले बल्ल भन्यो- "कृष्णमान ।"

"के रे ?"

त्यस बखत कृष्णमानको अघिल्तिर बसेको एउटा लडको उठ्यो र करायो- "कृष्णमान रे ।"

मास्टरसाहेव केही मुस्कुराए, मानौं उनी कृष्ण भगवान् र यस कृष्णमानलाई दाँज्न चाहन्थे ।

केही दिनपछि नै म आफ्नो क्लासको मात्रै होइन कि सारा स्कूलको हीरो बन्न लागें । म बाबुसाहेव थिएँ र सबै मलाई बाबुसाहेव भनेर बोलाउँथे र मसित अदब राखेर कुरा गर्दथे । मलाई 'हजूर' भन्थे । शासक परिवारलाई मानेर कुरा गर्ने भाषा अर्कै छ, जुन भाषा मसित बोल्दा व्यवहार गर्नु दुनियाँदारका लडकाहरूको राजनीतिक कर्तव्य थियो, अनुशासनको पाठ थियो । कोही मेरो मर्जीलाई इन्कार गर्न सक्तैनथ्यो । क्लास मेरो भनाइमा नाच्थ्यो, कुद्थ्यो । म जे गर्थें, प्रशंसनीय हुन्थ्यो । कहिले त्यस्तै नराम्रो काम भयो भने मास्टर मलाई चकचके भन्थे र माया गरेर कान निमोठ्थे ।

स्कूलमा सबभन्दा पहिले मेरो रामप्रसाद उपाध्यायसित चिनापर्ची भयो । ऊ हाम्रो दाज्यूभाइ कसैकहाँको घरकाजमा काम गर्नेको छोरा थियो । ऊ मेरो मन परेको साथी भयो जो मेरा कुरा दिलोज्यानले मान्थ्यो । स्कूल गएको तेस्रो दिन पनि म एक्लै थिएँ । त्यो रामप्रसाद यस्तरी मतिर खिचियो कि ऊ मसँग बस्न आइपुग्यो । मेरो किताव उसले उठाएर डेस्कमा राखिदियो । उसलाई दरबारी भाषा राम्ररी आउँथ्यो । र, त्यस कुरालाई लिएर ऊ अरू साथीहरूको अघिल्तिर नाक फुलाउँथ्यो । ऊ मेरो साथी बन्यो । मसँग हरेक कुरामा ऊ सरीक हुन्थ्यो । एक बजेको टिफिन आवरमा ऊ मेरो घरबाट ल्याएको खानेकुरामा पनि सरीक हुन्थ्यो ।

सब लडकालाई मैले प्रभावित गरेको थिएँ, सबै मेरो भनाइमा उफ्रन्थे । तर त्यो कृष्णमानको अनुहार जस्ताको तस्तै भावनाशून्य, मानों त्यसमा कुनै कुराको पनि असर छैन, मानों ऊ पत्थरको जस्तो टूल्ल आँखाले दुनियाँको हरेक चराचर वस्तुलाई हेर्छ । शायद ऊ हामीलाई यन्त्रझैं चलेको हल्लेको सम्झँदो हो । नत्र यस्तो किसिमको भावशून्यता किन ? यस्तो किसिमको प्रभावित नहुने लचकहीनता किन ? उसको कोही पनि साथी थिएन, क्लासका मध्यम श्रेणीका लडकाहरू पनि उसित पर पर हुन्थे । क्लासमा जसरी ऊ अकेला छ र त्यस्तै उसको मन पनि अकेला होला । ऊ दिनदिनै ठीक दश बजे स्कूल पुग्छ । एक बजे मध्यान्तरमा पनि बाहिर निस्कँदैन, क्लासमै बसिरहन्छ, जब कि सारा लडका खेल्न अथवा किनेर खान बाहिर निस्कन्छन् । चार बजे ऊ एक्लै खाली खुट्टा बाटोमा हिँडिरहेको देखिन्छ ।

देख्तथें दिनपरदिन उसको लुगाफाटो झन् मैलेरं च्यातिंदै गइरहेको थियो । साथै उसको कुरूपता पनि बढ्दै गैरहेको थियो । त्यस मान्छेलाई पढ्न कसरी सुहाउँछ, मलाई ताजूब लाग्दथ्यो । त्यस्तै म जिल्ल पर्थें- उसलाई पढ्न त्यत्तिकै आउँछ, जत्तिको कि मलाई आउँदैन ।

मास्टरहरू पनि एक अजीब जातका हुन्छन् । मास्टरहरू समग्रताको दृष्टिले हेऱ्यो भने एकै प्रकारका हुन्छन् । तर हरेकलाई छुट्टाछुट्टै राखेर हेऱ्यो भने विभिन्न प्रकारका । एउटा संस्कृत पढाउने पण्डितबाजे थिए, जो मलाई कहिल्यै पनि पाठ सोध्दैनथे र कृष्णमानलाई धेरैजसो पाठ सोद्धथे । एक ग्रामर पढाउने मास्टर थिए, जो जहिले पनि मलाई पाठ सोद्धथे र त्यस्तै कृष्णमानलाई कहिल्यै पनि सोद्धैनथे । पाठ सोधे पनि नसोधे पनि ऊप्रति मास्टरहरूको त्यस्तै घृणाको दृष्टि थियो जतिको कि मप्रति सम्मानको । पाठ सुनाउँदा कृष्णमानले अलिकति मात्रै विरायो भने संस्कृतका पण्डितबाजे आगो हुन्थे र कृष्णमानलाई अनेक किसिमको सासना दिन्थे ।

एउटा संस्कृत पढाउने पण्डितबाजे थिए, जो मलाई कहिल्यै पनि पाठ सोध्दैनथे र कृष्णमानलाई धेरैजसो पाठ सोद्धथे । एक ग्रामर पढाउने मास्टर थिए, जो जहिले पनि मलाई पाठ सोद्धथे र त्यस्तै कृष्णमानलाई कहिल्यै पनि सोद्धैनथे ।

कृष्णमान धेरै बेरसम्म सुँक्क सुँक्क गरिरहन्थ्यो र मलाई एक तमासको कुतकुती लाग्दथ्यो । गरीब र कुरूप अनुहारमा झरेको आँसु देखेर हाँसो उठ्दो थियो । अंग्रेजी पढाउने मास्टर मेरो स्वास्नीमान्छेको जस्तो गोरो राम्रो गाला पड्काउन उत्तेजित हुन्थे क्यारे । त्यसकारण मलाई अक्सर पाठ सोद्धथे तर मलाई थाहा छ त्यही मास्टर कसरी कृष्णमानसित अवहेलनाको दृष्टि फ्याँक्थे ।

जब जब कृष्णमानको आँखासित मेरो आँखा जुद्धथ्यो, उसको आँखामा भएको रहे-सहेको सरसता पनि गायब हुन्थ्यो, निश्चल पत्थरझैं बन्थ्यो, मानौं मप्रति उसको घृणा ठोस छ । मलाई एक किसिमको उन्मादझैं चढ्थ्यो, उसको आँखा फोडिदिऊँ र कुरूपातालाई चिथरूँ, ऊ केही त गरोस्, हाँसोस् बोलोस्, झगडा भए पनि गरोस् ।

अनि मैले मास्टरसाहेव बनेर उसको कान निमठ्न शुरू गरें । कान समातेर तान्नासाथ उसले मेरो मुखमा चकित भएर हेऱ्यो । उसको दृष्टिमा कुनै अनुनय थिएन, कुनै विनय थिएन ।

केही त जरूर गर्नुपर्छ । अनि हामी आठ दशजना लडकाहरू मिलेर उसलाई घेऱ्यौं । ऊ डराएर कालोनीलो भयो । फेरि पूर्ववत् निश्चल भएर आफैंभित्र समेटियो, मानौं हामी उहाँ थिदै थिएनौं । हामीले उसलाई अनेक तरहको भन्यौं, गाली गऱ्यौं, गिज्यायौं । तर ऊ चूप थियो, एकदम चूप । कहिलेकाहीं यताउति घृणाले दृष्टि फेर्थ्यो । अनि मैले मास्टरसाहेव बनेर उसको कान निमठ्न शुरू गरें । कान समातेर तान्नासाथ उसले मेरो मुखमा चकित भएर हेऱ्यो । उसको दृष्टिमा कुनै अनुनय थिएन, कुनै विनय थिएन । ममा एक अजीब किसिमको उन्माद चढ्न थाल्यो । ठीक त्यस्तै, जस्तो कि मैले एक दिन घीनलाग्दो घस्रिरहेको चिप्लेकीरालाई चक्कूले छियाछिया पारेको थिएँ । कृष्णमानको शरीरबाट पीडाको सुस्त आवाज निस्क्यो । म झन् बल गरेर कान तानिरहेको थिएँ । सबै लडका वाल्ल परेर हेरिरहेका थिए । अकस्मात रामप्रसादले मेरो कुहिनामा धक्का दियो र मेरो हात कानबाट फुस्क्यो । त्यसै बखत ग्रामर पढाउने मास्टर क्लासभित्र घुसे । उनले हाम्रो जमघट देखेर टाढैबाट कराए- 'त्यहाँ के भैरहेछ ?'

रामप्रसादले हत्पत् जवाफ दियो- "त्यसै हामी कुरा गरिरहेको ।"

मास्टरसाहेव फेरि कराए- "आफ्नो ठाउँमा गएर बस !"

मास्टरसाहेव फेरि कराए- "आफ्नो ठाउँमा गएर बस !"

म पनि आफ्नो ठाउँमा आएर बसें । म अझै पनि जोशले उकुसमुकुस भैरहेको थिएँ । कृष्णमानको कान अझै पनि मेरो हातमा कुच्रेको जस्तो लागिरहेको थियो र मैले मुट्ठी कसें, मानौं त्यो कानलाई म धूलो गरिरहेछु ।

कृष्णमान तैपनि चूप थियो । ऊ रोएन । उजूर गर्न पनि उठेन । खालि एकदम लाल कान लिएर जिल्ल परेको अनुहार परबाट देखिन्थ्यो । उसले मास्टरसाहेवलाई उजूर मात्रै गरेको भए पनि, मास्टरले मलाई कुटेको मात्रै भए पनि मेरो त्यो निस्सासिने किसिमको उन्माद हट्ने थियो । क्लासमा त्यस बखतको वातावरण केही असाधारण थियो । मास्टरसाहेबको आँखा कृष्णमानमाथि परि नै हाल्यो ।

उनले सोधे- "कृष्णमानलाई के भयो ?"

क्लास चूप थियो । उनले फेरि सोधे- "किन बोल्दैनौ भनेको ?"

रामप्रसादले हाँस्तै जवाफ दियो- "हामीले कृष्णमानलाई कुरूप भनेर गिज्याएकोले !"

म सास रोकेर आइपर्न लागेको कुरालाई पर्खिरहेको थिएँ । म आश्चर्यचकित भएँ जब मास्टरसाहेवले रिसाएको बहानामा आफ्नो फुस्कन लागेको हाँसोलाई बदलेर भने- "के ? के रे ?"

एक छिनपछि उनले फेरि सोधे- "कसले भनेको ?"

म चट्ट उठेर भनें- "मैले र.... र...."

मैले कान पनि समातें भन्नै लागेको थिएँ, रामप्रसाद बीचैमा करायो- "हामी सबैले ।"

मैले कुरा पूरा गर्न पाएको थिइँन । अकस्मात् संकोच र भयले म एकदम अलमल्लिएँ ।

मास्टरसाहेव अर्काको मन दुखाउन हुँदैन भनी एक लामो उपदेश दिन लागे । उपदेश क्लासमा गुञ्जिरहेको थियो र कृष्णमानको मुख-मुद्रामा केही चञ्चलता देखियो । केहीबेर उसको मुख नीलो भयो, फेरि पहेंलो । अनि उसको च्यूँडो डेस्कमा टाँसियो र ऊ चूपचाप रोइरहेको थियो ।

थर्ड पिरियड, मास्टर पढाउँदा पढाउँदै जब थुक्न भनेर झ्यालमा जाँदै थिए बाटैमा टक्क रोकिए । उनले घिनाएको अनुहार बनाए र ठूलो स्वरमा भने, "भूइँमा कसले थुकेको ?"

विदा भएपछि घरमा पुगेर पनि कृष्णमानको च्यूँडो डेस्कमा टाँसिएको मेरो आँखा अघिल्तिर आइरह्यो । रामप्रसाद दिनदिनै झैं घरमा खेल्न आयो र आज उसको अनुहार देखेर घृणा उठ्यो । आमाले खानेकुरा मेरो अघिल्तिर राखिदिइन् । मलाई किन किन रिस उठ्यो र सबै हुर्याइदिएँ । अनि उनलाई घृणाले हेर्न लागें ।

भोलिपल्ट पनि क्लासभित्र घुस्दा हेर्छु त कृष्णमान छैन । मलाई केही हराएझैं, कुरा फुस्केझैं भैरह्यो । दश बजेको घण्टी बज्यो, मास्टर साहेव क्लासभित्र आए । तर कृष्णमान आएन । पिरियड एकपछि अर्को खत्तम भयो । मास्टरले ग्रामर पढाए, ट्रान्सलेसन पढाए, हिसावको होमटास्क नगरेकोले हप्काए, कृष्णमान आएन । म गम्भीर बेचैन थिएँ र क्लासका सब लडकाहरू मलाई गजब मानेर निहारिरहेका थिए ।

फेरि भोलिपल्ट आफ्नो क्लासमा पुग्दा मेरो मन ढुक्ढुक् गर्न लाग्यो । ढोकामा पुग्नासाथ कृष्णमानलाई आफ्नो ठाउँमा बसेको देखेर मेरो मन ढुक्क भयो । कृष्णमान हारेझैं, विवश टाउको झुकाएर बसिरहेको थियो । आँखा उसको किनावको अक्षरमाथि थियो ।

स्कूलको पढाइ रफ्तारसित चलिरहेको थियो । मास्टर सब कोर्स खतम गर्न हडबडाइरहेका थिए । क्लासमा विशेष घटना केही थिएन । एउटा लडका बराबर क्लासबाट भाग्थ्यो, भोलिपल्ट पिटाइ खान्थ्यो । त्यो प्रक्रिया जारी नै थियो । एउटा गफी लास्ट बेञ्चमा बसेर गफ हाँकिरहन्थ्यो, त्यो पनि कायम नै थियो । खालि एउटा लडकाले स्कूल छोड्यो । बाँकी म थिएँ, सब थिए र कृष्णमान पनि थियो ।

एक दिनको कुरा हो । त्यही त सबभन्दा ठूलो कुरा । त्यही कुरा त थियो, जसले यति ठूलो क्रान्ति गऱ्यो । त्यही कुराले त कृष्णमानले भावनालाई सहेज्यो, क्रान्तिलाई प्रेरित गऱ्यो ।

सेकेन्ड पिरियड, मास्टर आएनन् । त्यस पिरियडभरि क्लासमा हामीहरूको राज भयो । हामी कुरा गरिरहेका थियौं र यताउति दौडिरहेका थियौं । थर्ड पिरियड, मास्टर पढाउँदा पढाउँदै जब थुक्न भनेर झ्यालमा जाँदै थिए बाटैमा टक्क रोकिए । उनले घिनाएको अनुहार बनाए र ठूलो स्वरमा भने, "भूइँमा कसले थुकेको ?"

क्लासमा सब बोल्न नसकेर आपसमा हेराहेर गर्न लागे । झट्ट मलाई सम्झना भयो कि त्यो त मैले थुकेको थिएँ । खकार झ्यालबाट नखसेर बीचैमा भैंमा खसेको थियो । जुत्ताले कुल्चेर पुछ्न बिर्सिहालेको । मेरो जीउभरि शरमको लहर दौड्यो । म जस्तो राम्रो मान्छे, सफासुग्घर, धेरै मोल पर्ने लुगा लाउने, ठूलो मान्छेको छोराले यसरी भैंमा जहाँतहाँ थुक्न सुहाउँछ र ? समातिएला भनेर म एकदम डराएँ । म उठें र मास्टरको मुख नहेरिकन नै भनें, "यो कृष्णमानले थुकेको हो कि ?" रामप्रसाद झट्पट् उठ्यो, "हो, हो यो कृष्णमानले नै थुकेको हो, मैले देखेको ।" अनि उसले मलाई हेरेर आँखा झिम्म गर्‍यो ।

मास्टरसाहेव केही बेर विचारमग्न भए र पछि उनको पग कृष्णमानतिर लम्क्यो । उनको हात कृष्णमानको कानमा पुग्यो । कृष्णमान डरले नीलो कालो भएर उठ्यो र उसको अस्पष्ट बडबडाहट बीचैमा थामियो । कान समातेर तान्दै मास्टरले उसलाई खकारको नजीक पुऱ्याए र एकपछि अर्को दुईचोटि गालामा चड्याङ्ग चड्याङ पडकाएर कराए- "उठा !"

कृष्णमान झुकेन र निर्जीव मूर्तिझैं खडा रह्यो । मास्टरले दाह्रा किटेर फेरि भने- "उठा !"

कृष्णमान डरले एकदम काँप्यो । उसको शरीर झुक्यो र उसले खकारलाई कागजले पुछेर फ्याँकिदियो ।

म टाउको झुकाएर बसेको बस्यै नै भएँ । बीच बीचमा उठेर कराउन मन *लाग्दथ्यो* - "मैले, मैले थुकेको !" तर पिरियड अर्कै मास्टरको र फोर्थ पिरियड सिद्धिएर पनि फिफ्थ पिरियड शुरू भैसकेको थियो ।

अर्को दिन क्लासमा कृष्णमान देखिएन । अहिले म खुशी भएँ । केही बेरपछि नै कृष्णमान क्लासबाहिर देखियो र ऊसँगै उसलाई भर्ना गर्न ल्याउने उसको मामाको अनुहार पनि देखियो । मैले हडबडाएर आफ्नो आँखा झुकाएँ, हतपती उठाइनँ । मानौं म विरक्त छु । म कोहीसित बोलिनँ, न त हाँसे । ममा एक किसिमको शून्यता व्याप्त भयो । म मास्टरले पढाएको ध्यान दिएर सुन्न लागें । त्यस दिन घर पुगेर पनि किताव झिकेर पल्टाउन लागें । बुबू आएर कराई- "विचरा ! मेरो बाबालाई कति पढ्नुपर्छ ।" म मुस्कुराएं मानौं म आफैंलाई दया गरिरहेछु ।

म पढ्नमा दत्तचित्त भएँ । घरका ट्यूटर र क्लासका मास्टर पनि ताजुप भए । एक दिन मैले आफ्नो मास्टरको ड्राइभरको मुखबाट सुनें कि बुबाले

**मैले ठट्टै ठट्टामा ब्लाकबोर्डमा लेखें,**
"Boys are monkeys, teachers are fool."

हेडमास्टरको तलब बढाउन भनसुन गर्छु भन्ने मर्जी भएको छ । मुमालाई चिन्ता लाग्यो, मैले यसरी पढें भने म विरामी हुन्छु । म पढ्नमा ध्यानमग्न भएँ । कृष्णमान दिनदिनै झैं स्कूल आउँछ, त्यस्तै गरी बस्छ । क्लास अब ऊप्रति निर्दयी देखिएन । तर कृष्णमानसित जब मेरो आँखा जुध्थ्यो मलाई लागिरहन्थ्यो कि त्यो आँखाले मलाई सरापिरहेछ ।

कुरा यहीं आएर थामिएको भए, कृष्णमानको कुरूप अनुहारमा नै घटना पूर्ण भएको भए कति वेश हुन्थ्यो । नत्र मलाई यो दिन देख्नुपर्ने थिएन । घटना गुट्किंदै लड्दै पड्दै बढ्दै जान्छ, घटना आगोको लप्का लिएर उड्दै पनि जान्छ ।

मैले ठट्टै ठट्टामा ब्लाकबोर्डमा लेखें, "Boys are monkeys, teachers are fool." त्यसबखत त्यस लाइनलाई पुछेर बाहिर बाटोको झगडा हेर्न गएको भए घटना यति पर हुत्तिदैनथ्यो । फर्केर हेर्दछु त हिसाव पढाउने मास्टरसाहेव गम्भीर मुद्रा बनाएर क्लासमा बसेका छन् । हामी आठ दश लडकाहरूको आगमनको प्रतीक्षा गरिरहेछन् । म अलि खुम्चिदै आफ्नो सीटमा गएर बसें । अघिल्तिर हेर्नासाथ मेरो मुटु ढक्क भयो । ब्लाकबोर्डमा मेरो अक्षर प्रष्ट थियो, "Boys are monkeys, teachers are fool."

मास्टरसाहेव मुस्कुराए । त्यस्तै किसिमबाट मुस्कुराए, जस्तो कि पिट्नुअघि मुस्कुराउँछन् । उनले सोधे, "ब्लाकबोर्डमा यो कसले लेखेको ?"

क्लास चूप थियो । मास्टरले टेबिलबाट बेत झिक्तै भने- "भन्ने भए भन । मलाई थाहा भैहाल्दछ ।"

म 'मैले' भन्न उठ्नै लागेको थिएँ । कृष्णमानको आवाज सुनियो । ऊ कराएर भनिरहेको थियो, 'मैले ।'

म अवाक् भएर कृष्णमानलाई हेरेको हेर्‍यै नै भएँ । त्यस्तै तरहबाट सारा क्लास अवाक् थियो । मास्टरसाहेव पनि चकित भए । केही बेरपछि उनी त्यस्तै किसिमबाट मुस्कुराएका थिए । मैले बोल्न पनि पाएको थिइँन मास्टरसाहेव झम्टेर कृष्णमानतिर पुगे । एकै पलकमा क्लासभरि बेत हानेको शब्द फैलियो । साथै मास्टरसाहेवले स्याँ स्याँ फूँ फूँ गर्दै कराएको आवाज फैलियो- "झूट बोल्छ, झूट !"

केही बेरपछि कृष्णमान बेञ्चमा शिथिल भएर लुड्क्यो ।

मास्टरसाहेवले मलाई पनि पिटेर उनको पिरियडभरि नीलडाउन गराए । एक वैरागीले गरेको साधनाझैं म नीलडाउन भैरहें, हृदयमा एक अजीबको व्यथा लिएर ।

**मैले बोल्न पनि पाएको थिइँन मास्टरसाहेव झम्टेर कृष्णमानतिर पुगे । एकै पलकमा क्लासभरि बेत हानेको शब्द फैलियो ।**

अर्को पिरियडमा कृष्णमान क्लासबाट बाहिर निस्क्यो । अनि फेरि कहिल्यै स्कूल आएन, कहिल्यै आएन । त्यसबेलादेखि नै मैले उसलाई देखेको छैन कतै पनि, मानिसको जमघटमा पनि । कति जाती हुन्थ्यो यदि त्यस बेला मलाई थाहा भएको भए ऊ स्कूल आएन भने म यस्तरी बर्वाद हुन्छु । त्यसो भएको भए म के गर्थें । म एउटा ठिटै त थिएँ, म विवश छु ।

कृष्णमान फेरि स्कूल आएन ! केही महिनासम्म उसलाई पर्खिरहेझैं म स्कूल जाँदै रहें र पछि स्कूल छोडिदिएँ । बुबासँग डराएर मैले मुमाको शरण लिएँ । अन्त्यमा बुबाले मुमाको अगाल्तिर हार खानुपर्‍यो । घरमा मास्टरसित मन नलाई नलाई पढ्थें । त्यसैले म्याट्रिक पनि पास भइँन र कर्नेल भएपछि पढ्न चटक्क छोडिदिएँ ।

कृष्णमान स्कूलमा भर्ती भएकै दिनमा म पनि भर्ती भएको थिएँ । उसले स्कूल छोडिदियो, मैले पनि छोडिदिएँ । यसमा कुन किसिमको सामञ्जस्यता छ म सोच्तै रहन्छु । यो अन्धविश्वास होइन, जस्तो कि कृष्णमानलाई क्रान्तिको प्रेरक भन्न अन्धविश्वास छैन ।

उसमा र ममा विरोधी सामञ्जस्यता छ । शायद यसबाट आगो बल्छ ।

क्रान्ति भयो, अब राणाशाही छैन । राणाशाहीको केही अवशेष बाँकी छ । त्यो पनि हामी गरीब भएपछि मिट्छ । तर कृष्णमान कतै पनि देखिएन । कहीं भेटिए कति हाइसन्चो हुन्थ्यो । म उसको अघिल्तिर 'इइँ मिमि' गरूँ, उसले मलाई लत्याओस् । उसको खुट्टामा म्वाइँ खाऊँ । ❑



# हामी

- भूपी शेरचन

**हामी** जतिसुकै माथि उठौं,
जतिसुकै यताउति दगुरौं,
जतिसुकै ठूलो स्वरमा गर्जौं
तर, हामी फगत् पानीको थोपा हौं
पानीका निर्वलिया थोपा
जो सूर्यद्वारा माथि उचालिन्छौं
र बादल बन्छौं,
हावाको इशारामा यताउति दगुर्छौं
र आफूलाई गतिशील भन्ठान्छौं,
अनि एक चोटि माथि पुगेपछि
हामी आफ्नो धरतीलाई बिर्सन्छौं
र आफ्नो धरतीलाई
खोलालाई
बगरलाई उपेक्षापूर्वक
पालिएका कुकुर
झ्यालबाट गल्लीका कुकुरहरूलाई हेरेर भुकेझैं
हामी भुक्तछौं
र आफ्नो कुकुर भुकाइलाई गर्जन भन्ठान्छौं
अनि अन्त्यमा एक दिन बर्सेर चकनाचूर हुन्छौं
र फेरि परिणत हुन्छौं पानीका थोपाहरूमा
निर्वलिया थोपाहरूमा
र कुनै इनार, खाडल वा पोखरीमा
कुहेर बिताउँछौं बाँकी जीवन
टर्र.... टर टर्टराउने घिनलाग्दा भ्यागुताहरू पालेर,
विष नभएका साँपहरू अँगालेर

हामी जतिसुकै माथि उठौं
जतिसुकै यताउति दगुरौं
जतिसुकै ठूलो स्वरमा गर्जौं
तर, हामी भित्र-भित्रै खोक्रा छौं
हाम्रो उठाइको कुनै महत्व छैन,
हाम्रो दगुराइको कुनै लक्ष्य छैन,
हाम्रो गर्जनको
पानीमा फालिएको अगुल्टाको 'छ्वाइयँ'भन्दा बढी वजन छैन
❑❑

हामी बाहिरबाट जतिसुकै उच्च देखिए तापनि
भित्र-भित्र निरन्तर खिइंदै र घिस्सिंदै गइरहेका छौं
हाम्रो बाहिरको उँचाइ झूटा हो,
भ्रम हो
अग्लो टाकुरामा उम्रेका च्याउको उँचाइभन्दा
यसको बर्ता महत्व छैन
वा दुइटा अग्ला बाँस खुट्टामा बाँधेर हिंड्ने
भारतीय चटकेको उँचाइभन्दा यसको बढी विशेषता छैन
अग्लो चुच्चे टोपी लगाई नाच्ने
सर्कसको जोकरको उँचाइभन्दा यसको बढी विशेषता छैन
हामी बाहिरको उँचाइमा रमेका छौं, लट्ठिएका छौं, फुलेका छौं
तर, हामीले आफ्नो आस्थाको द्वीपमा
निरन्तर खिइंदै र घिस्सिंदै गइरहेको कुरालाई भुलेका छौं
हीनताको सानो द्वीपमा पछारिएर
हामीले आफ्नो पूर्वस्मृति गुमाइसक्यौं
हामीले आफ्नो विगत उँचाइलाई बिर्सिसक्यौं
हामीले मानिसको सामान्य उँचाइलाई बिर्सिसक्यौं
हामीले सामान्य मानिसको उँचाइलाई बिर्सिसक्यौं
त्यसैले जब कुनै सामान्य मानिस
कथामा वर्णित 'गुलिभर'झैं
आई पल्टन्छ हाम्रो आस्थाको द्वीपमा
हामी छक्क परेर उसलाई हेर्छौं
हामी उसलाई हेरेर छक्क पर्छौं
हामीलाई उसको उँचाइ देखेर आश्चर्य लाग्छ
हामीलाई आफ्नो पुड्काइ देखेर डर लाग्छ
र त हामी आफ्नो हीन भावनाका
सियो जत्रा स-साना हतियारहरूले उसमाथि
प्रहार गर्छौं
उसको अङ्गप्रत्यङ्गमा चढ्छौं
उफ्रन्छौं
टोक्छौं
चिमोट्छौं
र अन्त्यमा थकित भएर तल ओर्लन्छौं



## कवि श्यामलको छनौट

मेरो कविता रूचिको आरम्भिक चरणतिर फर्कदा म आफूलाई एक अद्‌भूत स्थितिमा रहेको अनुभव गर्छु । शास्त्रीय छन्दमा, तिनमा पनि मेरा लागि मन्दाक्रान्ता र शार्दुल-विक्रीडित छन्दका लेखनाथ र घिमिरेका कविता अत्यन्त प्रिय थिए । तिनले मेरो शैशवकालीन भावुकतामा उत्तर दक्षिण उड्ने मलेवाका प्वाँखहरू जडिदिन्थे ।

जीवनको एक यस्तो घुम्ती मेरोसामु प्रकट भयो जसले मेरो दृष्टिकोण र भावुकतामा सार्थक हमला गऱ्यो । मैले मेरो जीवनलाई र मेरो वरिपरिको जीवनलाई पद्यमयभन्दा बढी गद्यमय पाएँ । मेरो दैलेखको लोकजीवन पद्यमयताबाट गद्यमयतामा संक्रमण गर्दै थियो । अब मेरो दृष्टिलोकलाई त्यतिविघ्न प्रिय छन्दहरूले समात्न र अभिव्यक्त गर्न सक्तैनथे । मलाई त गोपालप्रसाद रिमाल, विजय मल्ल, देवकोटा र भूपी शेरचनका गद्य-कविताका अन्तर्लय र अन्तर्ध्वनिहरूले प्रभावित पार्न थाले । जब मैले तीसको दशक शुरू नहुँदै 'आमाको सपना' पढें म परिवर्तित भएँ । त्यो सपना मेरी निरक्षर आमा कलावतीको सपना थियो । त्यो सपनाले मेरा पूर्वधारणा, पूर्वदृष्टि र मेरो कविताको संरचनासम्बन्धी मान्यताहरूलाई पूर्ण रूपमा ध्वस्त गरिदियो । अत्यन्त सहज गद्यमा कविताले अभिव्यक्तिको उत्कर्ष प्राप्त गर्न सक्दोरहेछ भन्ने टुंगोमा मलाई रिमालले पुऱ्याइदिए । त्यसपछि विजयमल्लका कविताले अभिव्यक्तिको विविधतामा कविता रचनाको नयाँ नयाँ सम्भावनाहरू हुँदा रहेछन् भन्ने प्रमाणित गरे र भूपी शेरचनमा आइपुग्दा म समकालीन नेपाली जीवनलाई कवितामा अत्यन्त रूचिपूर्वक पढ्न थालें । एक प्रकारले म भूपीजस्तो र अझ त्यसभन्दा पनि उच्च अभिव्यक्ति कौशलको धनी हुन चाहन्थे ।

शान्त हुन्छौं
समर्पित हुन्छौं
र कुनै ठूलो चट्टानमाथि उर्लेर समुद्रको छालले
तल ओर्लेर त्यसको पाउ पखालेझैं
हामी पुज्न थाल्दछौं त्यो साधारण मानवलाई
महान् भनेर
हामी बाहिरबाट जतिसुकै उच्च देखिए तापनि
भित्र-भित्रै निरन्तर खिइँदै गइरहेका छौं
हामी 'लिलिपुट'का मानव हौं ।
हामी लघुमानव हौं ।

❑ ❑

हामी आफूखुशी कहिल्यै मिल्न नसक्ने
कसैले मिलाइदिनु पर्ने,
हामी आफूखुशी कहिल्यै छुट्टिन नसक्ने
कसैले छुट्याइदिनु पर्ने
हामी आफूखुशी कहिल्यै अगाडि बढ्न नसक्ने
कसैले पछाडिबाट हिर्काउनुपर्ने, हिंडाउनुपर्ने
हामी रङ्ग-रोगन छुटेका,
टुटेका, फुटेका
पुरानो क्यारमबोर्डका गोटी हौं
एउटा मनोरञ्जक खेलका सामग्री,
एउटा खेलाडीमाथि आश्रित,
आफ्नो गति हराएका
एउटा 'स्ट्राइकर'द्वारा सञ्चालित
हो, हामी मानिस कम र बर्ता गोटी हौं

❑ ❑

हामी वीर छौं
तर बुद्धु छौं
हामी बुद्धु छौं
र त हामी वीर छौं
हामी बुद्धु नभईकन वीर कहिल्यै हुन सकेनौं
हामी महाभारतको कथामा वर्णित एकलव्य हौं
प्रत्येक पिंढीको द्रोणाचार्यले हामीलाई उपेक्षा गर्छ
हामीलाई ज्ञानदान गर्नबाट इन्कार गर्छ
इन्कार गर्छ मान्न हाम्रो योग्यतालाई
शक्तिलाई,
र अस्तित्वलाई
तर, हामी तिनै द्रोणाचार्यको मूर्ति बनाउँछौं
आफ्नो भुप्रोअगाडि,
त्यसलाई पूज्छौं
ढोग्छौं
निरन्तर धनुर्विद्याको अभ्यास गर्छौं
र द्रोणाचार्यका अन्य कुलीन
चेलाहरूभन्दा बढी कुशलता प्राप्त गर्छौं
तर, हाम्रो कुशलतादेखि आश्चर्यचकित
र भयभीत भई
प्रत्येक पिंढीमा द्रोणाचार्य हामीकहाँ आउँछ
र गुरू-दक्षिणा माग्छ
र हामी सहर्ष उसको इशारामा
आफ्नो बूढी औंला काटेर उसलाई भेटी दिन्छौं,
आफ्नो अस्तित्व मेटेर उसलाई समर्पित गर्छौं
र मक्ख पर्छौं आफ्नो गुरूभक्तिमाथि
आफ्नो आत्मशक्तिमाथि
त्यसैले हामी वीर त छौं
तर, बुद्धु छौं
हामी बुद्धु छौं
र त हामी वीर छौं
हामी बुद्धु नभईकन वीर कहिल्यै हुन सकेनौं
हामी कसैको मूर्ति स्थापना नगरिकन
वीर कहिल्यै हुन सकेनौं ।

❑ ❑

हामी पाइतला हौं
केवल पाइतला
र फगत पाइतला
पाइतला : जसको भरमा शरीर उभिन्छ
पाइतला : जसको आधारमा शरीर हिंड्छ
पाइतला : जसको भरोसामा शरीर दगुर्छ
पाइतला : तर जो भन्ठान्छ कि
शरीरले कृपा गरेर उसलाई पालिरहेछ
दया गरेर उसलाई सँग सँगै हिंडाइरहेछ
मख्ख पर्छ शरीरको महानतामाथि
र सधैं सम्पूर्ण शरीरको भार सहन्छ
सधैं शरीरको सबभन्दा तल रहन्छ
कहिले शिर उचालेर माथि हेर्दैन
सधैं सधैं नतमस्तक रहन्छ
हामी पाइतला हौं
हामी दौडमा प्रथम हुन्छौं
र हाम्रो निधारले टीका थाप्छ,
हामी दौडमा प्रथम हुन्छौं
र हाम्रो घाँटीले माला लाउँछ
हामी दौडमा प्रथम हुन्छौं
र हाम्रो छातीले तक्मा टाँस्छ
हाम्रो टीका थाप्ने निधार अर्कै छ
हाम्रो माला लाउने घाँटी अर्कै छ
हाम्रो तक्मा टाँस्ने छाती अर्कै छ,
हामी त फगत कसैको इशारामा
टेक्ने, हिंड्ने र दगुर्ने पाइतला हौं
केवल पाइतला
र फगत पाइतला ।

❑ ❑

हामी केही पनि होइनौं
र शायद त्यसैले केही हौं कि !
हामी कतै पनि, केही पनि छैनौं
र शायद त्यसैले कतै, केही छौं कि !
हामी बाँचिरहेका छैनौं
तर शायद त्यसैले पो बाँचेका छौं कि !
त्यसैले आओ ए शून्य पूजकहरू !
हामी सब मिलेर पूजौं यो शून्यतालाई
हामी सब मिलेर ढोगौं यो रिक्ततालाई
हाम्रो अस्तित्वको यो देवतालाई ।

❑

मलाई मन पर्ने कविताहरूको सूची त्यति छोटो पनि छैन र त्यतिविघ्न लामो पनि छैन । मन पर्नेहरूमा भूपी शेरचनका कविता सूचीको पहिलो पङ्तिमै पर्छन् । ती कविता *हामी, घण्टाघर, हो- चिमिन्हलाई चिठी, मैनबत्तीको शिखा, यो हल्लै हल्लाको देश हो* आदि हुन् । यिनमा पनि सर्वाधिक कुन भनी किट्न मलाई धेरै गाह्रो अनुभव हुन्छ । तैपनि *हामी* कविता पढ्दा मलाई कता कता म भूपीमा अति शीघ्र अनुदित भइसकेको रहेछु भन्ने महशूस हुन्छ ।

*हामी* कविताको सबैभन्दा ठूलो सामर्थ्य आफैप्रति कठोर व्यंग गर्न सक्नु हो । यसको महानता आफ्नो उचाई महशूस गराउनु हो, आत्मसमीक्षा गराउनु हो र यथार्थको बोध गराउनु हो । यो कविता पढ्दा मैले आफ्ना समस्त तथाकथित उच्चतालाई भूमिसात् गराइदिएँ । अरूका उच्चतालाई नाप्न ,यसै कविताले मलाई यथेष्ट मद्दत गर्‍यो । मनोविज्ञान र दर्शनशास्त्रको अध्ययन कति आवश्यक हुँदारहेछ भन्ने पनि यसबाट बुझ्न सकियो । आफैंलाई च्यात्चुत् पारेर सम्पूर्ण निजी, राष्ट्रिय र अन्तर्राष्ट्रिय पाखण्डहरूलाई उधारेर यसरी कलात्मक रूपमा प्रस्तुत हुने क्षमता कमै कविमा हुन्छ । म यस कविताका श्रष्टा भूपीको गहिरो अर्न्तदृष्टिको अगाडि कायल छु ।

यस कवितामा नेपालीत्वको पाखण्डलाई अत्यन्त शक्तिशाली र प्रवाहमय गद्यको माध्यमबाट उधारिएको छ । यसमा अधिकांश पूर्वीय मिथकहरूको सहयोगबाट हाम्रो अहंको चिरफार गरिएको छ । कलात्मक भाषामा पाठकहरूसँग प्रत्यक्ष संवाद र 'स्व'प्रतिको निष्ठापूर्ण व्यंग यसको बलशाली पक्ष हो । मानव जाति र राष्ट्रको इतिहासमा केही गर्न नसक्ने 'हामी'जस्ताको अर्थविहीनताले हामीलाई आफ्नो संसारको यात्रा गराउँछ र केही गर्न सोच्ने दिशामा निर्देशित गर्दछ । आफ्नो संप्रभू राष्ट्रको राजनीति आफू स्वयंले संचालन गर्न नसक्ने हाम्रो अहिलेको दशा, २०१७ सालमा नै भूपीले कवितामा उल्लेख गरिसकेका रहेछन् । काठमाण्डौका कुटनीतिक क्षेत्रका 'स्ट्राइकरहरू' सक्रिय रहेको यस घडीमा मलाई हाम्रा 'गोटी'हरु र हाम्रो देशरूपी 'क्यारमबोर्ड' साह्रै उपयुक्त प्रतीकहरूको आयोजन जस्तो लाग्छ । ❑

*- श्यामल*



# सारङ्गी

-मोहन कोइराला

**गाइने** साइँलालाई अहिले जाडो जाडो भएको छ
न त उसले सारङ्गी रेट्न पायो
त्यसैले उसको हात कठांग्रिएको छ
वरिपरि उसलाई गाली गर्ने मानिसविना अहिले ऊ शून्य छ
जसबाट उसको जीउ रनक्क होओस् र
गलेबन्दी बाँधेजस्तो कान तातो होस्
रेटनी उसकै नसाजस्तै खुम्चेको छ
उसको सारङ्गी उसकै खप्परे हाडजस्तै रित्तिएको छ
खप्पर साह्रो चिल्लो र चिप्लो भएर

उसको अङ्ग प्रत्यङ्ग यस कारण दुखेको छ कि
कसैले उसलाई ढुङ्गाले हिर्काएका छैनन्
कहिलेकाहीं त्यस कारण ऊ गीत गाइरहन्छ कि
उसलाई कसैले किन बहुला मान्दैन
त्यस कारण ऊ मान्दैन कि भोकले कराउँदो रहेछ भन्छन् भनेर
कहतारो लिएर हिंड्यो भने चिन्नेहरुले उसलाई गाइने भन्छन्
सारङ्गी लिएर किन नहिंडोस् तर उसलाई माग्ने भन्छन्
गीतका पत्र कालीमाटीका पत्रजस्तै उसको छातीमा
नअटाई-नअटाई डढेको छ
रीतका पत्र उसको हातबाट सारङ्गीजस्तै रेटिएको छ
हाम्रो कानबाट फ्याँकिएको हाम्रो हातबाट फ्याँकिएको

रिकार्डको टुक्रो बनेर अहिले उसको ओठ
सडकको अलकत्रामा फटफटिरहेछ
तातो न चिसोको यो सिरेटोमा
गाइने साइँलालाई त्यसै जाडो जाडो लागेको छ

उसका गीतहरु चद्रशम्शेर हाँसेजस्तै गर्जेका नामी पनि छन्
उसका गीत होटल रायलका केटीजस्तै वैंशालु मायालु पनि छन्
उसको गीत जाँड पिउन नपाएकी किराँतिनीजस्ती
नशालु र ईर्ष्यालु पनि छन्
उसका गीत कुर्चा खाएको अढाइनीजस्ती कुप्रा पनि छन्

विना पेन्सिलले कागतमा लेखेको गीत
विना ताल्चा छातीमा साँचेर राखेको गीत
तर यी विभिन्न जातको अपची गीतको शिकार भएर
अवश्य ऊ एक दिन यस थलोमा यही अवस्थामा मर्नेछ
आधारहीन अपराधी भएर
त्यस बेला मेकानिककहाँ थोत्रो ग्रामोफोन पल्टेकोजस्तो
एक दिन ऊ पल्टिने छ
यदि ऊ बाँच्यो भने पनि सिकारु कौकहाँ रसायन गरेको
कण्टरजस्तै मात्र ऊ बाँच्नेछ
त्यसैले गाइने साइँलालाई अहिले जाडो जाडो लागेको छ
ऊ नमरुन्जेल शायद जाडो जाडोमै दिन बिताउने छ
गाइने साइँलो घर फर्केपछि
एक्लै निदाउने कोशिश गर्छ आधारातसम्म
किनकि उसकी मरेकी स्वास्नी
ऊ निदाएपछि सपनामा भेट्न पुग्छे
आफ्नो अघिको बच्चा लिएर
एकै छिन इन्द्रचोकमा गनेको डबलीको पैसाजस्तो
आशातीत झलकमात्र हेर्न
सानो बच्चा बाबुको काखमा आउँछ कराएर
उसको झुप्रोमा रमाइलो दियालो बलेर एक छिन महल बन्छ



## कवि हरि अधिकारीको छनौट

नेपाली भाषामा लेख्ने कविहरूमध्ये केही मलाई निक्कै मन पर्दछन् । मेरा प्रिय नेपाली कविहरूको यो नामावली आदिकविबाट शुरू हुन्छ र लेखनाथ पौडेल, सिद्धिचरण श्रेष्ठ, गोपालप्रसाद रिमाल, मोहन कोइराला, कृष्णभक्त श्रेष्ठ, बासु शशी, बैरागी काइँला हुँदै भूपि शेरचनमा गएर टुङ्गिन्छ ।

यति धेरै कविले लेखका सयौं कविताबाट एउटालाई 'सबैभन्दा मन परेको' भनेर इङ्गित गर्न सक्दिन; तैपनि एउटा त्यस्तो कविताको नाम लिनुपर्दा म मोहन कोइरालाको *सारङ्गीलाई* लिन्छु ।

किनभने :

- यो कविता अकिञ्चन नेपाली मानिसको कारुणिक शब्दचित्र हो ।
- यसले नेपाली सभ्यताको मुहारमा लागेको धनी-गरिब, उँच-नीच, बलियो-निर्धोका बीच विद्यमान विभेदका विषयमा पाठकलाई सोच्न बाध्य बनाउँछ ।
- यसले नेपाली संस्कृतिको एउटा गौरवशाली पक्ष लोक गायिकी र गायकको गाथा सुनाउँछ ।
- कविको विश्व-मानवतावादी, समतावादी दृष्टिकोण यस कवितामा राम्रोसँग उजागर भएको छ ।

*- हरि अधिकारी*




साइँलालाई यसैमा बिपना सपनाको भेद छुट्याउन
सधैं उठेपछि मुश्किल पर्दछ
एक्लै मनको सारङ्गी रेटेर आफूलाई बहुला र
सद्दे छुट्याउनु पर्दाजस्तो
जसलाई सुन्ने गीत भन्दछन्
तर गाइने साइँलाले यसलाई कहिल्यै गीत भनेन
आफ्नो आँसुको भुटुनमा पाकेको
आफ्नो मुटुको बोसोमात्र सम्झेर सोचिरहेथ्यो
त्यो गीत उसको मनको कैयौं तहभित्र कोचिएको छ
कोचिएर बसेको छ मात्र....

उद्देश्य खोज्ने हो भने ऊ पागल हो
ज्ञान खोज्ने हो भने ऊ वैरागी
शक्ति खोज्ने हो भने निर्माणको गीत हो
बुद्धि खोज्ने हो गाइने साइँलो
साधारण मानिसको सिङ्गमाङ्गमात्र
चारैतिर पहरोबाट
मानिस उद्देश्यविना पनि यसरी बाँच्न सक्छन्
मानिसको ऊ उपमा भएको छ

म झल्याँस्स हुन्छु सडकमा ऊ पाइला छाप्तै बढ्छ
अगाडि हो वा पछाडि हो
ती पाइला जुन उसको नाङ्गो र चिसो छ
मातृलोकको पाठेघरदेखि जुत्ताको गहिराइमा
नचोपलिएका कुर्कुच्चाहरु
त्यसले उज्यालो घामदेखि सन्ध्यासम्म यो सडक
जसको अन्त्य छैन
छापा लाएर घुमेका
त्यो अन्धो किन गाउनुपर्‍यो
जहाँ संसारलाई भस्म भएको चउरै-चउरमात्र देख्छ
म भन्छु- र ऊ मलाई सोध्छ- यहाँ रुखहरु कहाँ छन्
यहाँ झाङ्गहरु कहाँ जो हिंड्ने बटुवालाई हरियो छायाँ होस्
ऊ मलाई सोध्छ- यहाँ नीचा र ऊँचा
जमीन कहाँ छ कोदालीको लागि निर्ब्याजको होस्
-प्यासको लागि खोलानाला र नदीहरु
मेरो मेहनतको लागि एक गिलास पानी
कहाँ छन् ती 'सर्वे भवन्तु सुखिनः' भन्ने मगज सडेकाहरु
कहाँ छन् 'सत्यमेव जयते नाऽनृतम्' भन्नेहरु । ❑



धुवाँ
विधा : कथा संङ्ग्रह
लेखक : आत्मराम शर्मा
प्रकाशक : साहित्य सदन, नेपाल
पृष्ठ : ९५+१२
मूल्य : रु. ४०/-




सिरानीमा आँसु
विधा : गजल र कविता संङ्ग्रह
लेखक : ललिजन रावल
प्रकाशक : अनुराग प्रकाशन
पृष्ठ : ११४+६
मूल्य : रु. ५०/-




ऐठन परेको रात
विधा : निबन्ध संङ्ग्रह
लेखक : नवीन विभास
प्रकाशक : विवेक सिर्जनशील प्रकाशन
पृष्ठ : ९४
मूल्य : रु. ४०/-



घाउ उसको दुखाई मेरो
विधा : उपन्यास
लेखक : शान्ता श्रेष्ठ
प्रकाशक : नेपाल सांस्कृतिक संघ, डिल्लीबजार
पृष्ठ : १२२+६
मूल्य : रु. ७५/-



गुमा
विधा : गीति नाटक
लेखक : शरद पौडेल
प्रकाशक : आत्मनिर्भर विकास मञ्च, काठमाण्डौ
पृष्ठ : ३१+७
मूल्य : रु. २०/-



# दशैं शक्तिपूजाको अनुपम उदाहरण

- डी. आर. पोखरेल

यो हामी सबैलाई थाहा नै छ कि चन्द्रमासअनुसार हरेक महिनाका दुई पक्ष (शुक्ल र कृष्ण) हुन्छन् । औंसी कृष्णपक्षको अन्तिम तिथि हो । यसपछिको १५ दिनलाई शुक्लपक्ष भनिन्छ । यस पक्षको अन्तिम तिथि पूर्णिमा हो र यस तिथिपछिको १५ दिनलाई कृष्णपक्ष भनिन्छ । दशैं भनेको शुक्लपक्षमा पर्दछ । अर्थात् हरेक वर्ष आश्विन शुक्ल प्रतिपदादेखिको कोजाग्रत पूर्णिमासम्मको १५ दिनलाई दशैं भनिन्छ । दशैं भनेको दश संयम वा दशमीकै अपभ्रंश हो भनिन्छ ।[1] दशमीलाई टीकाको दिन वा टीका पनि भनिन्छ । घटस्थापनादेखि नवमीसम्मलाई नवदुर्गा पनि भनिन्छ । यसमा दुर्गाको अर्थात् शक्तिको आराधना गरिन्छ ।

दशैं शुरू हुनुअघिको कृष्णपक्षलाई पितृपक्ष वा सोह्रश्राद्ध भनिन्छ । तर यस पक्षमा तिथि भने १५ वटामात्र हुन्छन् । औंसीकै दिन औंसी र पूर्णिमाको समेत श्राद्ध सकिन्छ र यसरी १६ श्राद्ध समाप्त हुन्छ भनी पात्रोहरूमा लेखिएको पाइन्छ । तर एउटा छुट्टै श्राद्ध घटस्थापनाको दिन अर्थात् शुक्लपक्षको प्रतिपदामा पर्दछ । त्यस श्राद्धलाई मातामहश्राद्ध भनिन्छ ।[2] अर्थात् यो मातृपक्षको श्राद्ध हो । यसलाई पितृपक्षबाट अलग्याइएको छ । यो किन अलग्गियो ? सर्वाधिक महत्वपूर्ण प्रश्न यहींनिर उभिएको छ ।

यसर्थ मातृपक्षको श्रद्धा र स्मृतिसहित 'महामाता' दुर्गाको अदम्य वीरता र शौर्य साथै रूद्ररूपको आराधना अर्थात् शक्ति-पूजाको अनुपम उदाहरण बोकेर अति प्राचीनकालदेखि विभिन्न धर्म, सम्प्रदाय, विभिन्न विचार, भावना र व्यवहारको समन्वयात्मक पर्वको रूपमा दशैं अस्तित्ववान भएको पाइन्छ । दशैं पर्वभित्र हिन्दू र बौद्ध दुई परस्परविरोधी धर्म-दर्शनको संगम भएको पाइन्छ । साथै वैदिक साहित्य र तन्त्र साहित्य अर्थात् निगम र आगम दुवैको प्रभाव परेको पाइन्छ ।[3] दशैं त साँच्चै भन्ने हो भने मातृसत्तात्मक अवस्थाका नारीहरूको गरिमालाई जनाउने, नारी शक्तिको प्रशंसा गर्ने, साथै शक्तिपूजा (लडाकु)को संस्कृतिलाई उजिल्याउने पर्व हो । यो शक्तिहरूको, योद्धा, जोदाहाहरूको, खाँडो जगाउने वा शक्ति जगाउने[4] खड्गधारी लडाकूहरूको एवं वीर जातिको वार्षिकोत्सव हो र त्यस्तै खालका सबै क्षेत्रका शक्तिका उपासकहरूको राष्ट्रिय चाड हो ।

हो, यसमा अहिले धेरै अनावश्यक कुराहरू, कर्मकाण्डहरू(rituals) थपिएका हुन सक्छन् । यसलाई कुनै जाति वा धर्म वा सम्प्रदाय विशेषले आफ्नो चाड बनाउन खोजेको पनि हुनसक्छ वा कुनै विधिविशेषले यसलाई धर्मसापेक्ष कुनै सम्प्रदायको 'महान' वा 'राष्ट्रिय' चाड भनेको हुनसक्छ । यसरी नै धर्म निरपेक्ष चाडको हिसावले कुनै राज्यले यसलाई ग्रहण नगरेको पनि हुनसक्छ । तर यति हुँदाहुँदै पनि दशैं आफैंमा भने के हो भनेर हेर्नुपर्ने हुन्छ । यसरी नहेरी वास्तविक रूपका लडाकु जाति विशेषले नै यसलाई 'बहिष्कार' गर्न लाग्नु वास्तवमा आफ्नो इतिहासलाई बिर्सनु हो । किनभने संस्कृतिविद् एवं समाजशास्त्रीहरू भन्दैछन्- 'दशैं भनेको किरातले द्रविडहरूमाथि विजय पाएको उत्सव हुनुपर्छ ।' वास्तवमा यो ठम्याई इतिहास, समाजशास्त्र र संस्कृतिको हिसावले ज्यादै महत्वपूर्ण छ । यसलाई पक्रेर हामी हाम्रो विगतको धेरै गहिराइमा पस्न सक्छौं ।

> **लडाकु जाति विशेषले नै यसलाई 'बहिष्कार' गर्न लाग्नु वास्तवमा आफ्नो इतिहासलाई बिर्सनु हो ।**
>
> **'दशैं भनेको किरातले द्रविडहरुमाथि विजय पाएको उत्सव हुनुपर्छ ।'**

नेपालको प्राचीन इतिहासमा किरात वंशको ठूलो भूमिका देखिन्छ । आर्य जाति भारतवर्षमा प्रवेश गर्नुअघि नै यस क्षेत्रमा किरातहरूको बलियो सामाजिक व्यवस्था र संस्कृतिको विकास भैसकेको र दक्षिण भारत एवं बंगालमा द्रविडहरूको पनि यस्तै विकास भएको इतिहासबाट थाहा पाइन्छ ।[5] जानिफकारहरू भन्छन्, 'अतः नेपाल र बंगालमा राँगाको बलिका विषयमा गहिरिएर विचार गर्दा दुई आदिवासीहरूको प्रतिद्वन्द्वी संस्कृतिलाई फेला पार्छौं । ती हुन्- पहिलो किरात र दोस्रो द्रविडहरूको । तात्कालीन द्रविडहरू चाहिं राँगोको पूजारी थिए भन्ने आभास मिल्दछ, जबकि किरातहरू जहिले पनि राँगोका मांसाहारी देखिन्छन् ।' (शान्तिसुलभ : हाम्रो संस्कृति : ६१) किरातहरूले द्रविडमाथि विजय पाएको दिनको रूपमा दशैंलाई हेर्ने प्रयासस्वरूप राँगो एउटा ठूलो सांस्कृतिक प्रमाण भएको छ । २२ अगुंल लामो सिङ्ग भएको राँगोलाई छिनाउन सक्नेलाई नै मध्यकालीन नेपालको इतिहासमा समेत योद्धा (जोदाहा) भन्ने गरिएको पनि पाइन्छ । साथै अहिले पनि कतिपय किरातको घरमा लामा लामा सिङ भएका भैंसीका टाउकाहरू (अखटोपहार) मूलढोकाको सिरानमा भित्तामा लहरै राखिएको पाइन्छ । उनीहरूले अरूलाई त्यो छुन दिंदैनन् । उनीहरूले ती सिङयुक्त राँगाका टाउकाहरू पुस्तौं अघिदेखि राखेका हुन् । उनीहरू अलि पहिले ११/१२ वर्षमा एउटा मुन्धुम पर्व मनाउँथे । त्यस दिन छिप्पिएको अर्थात् १२ वर्षे राँगोलाई धनुको एउटै काँडबाट मार्नु पर्दथ्यो । यो असाध्य काम थियो । उनीहरू पितृ भाकलेर, धामी झाँक्री भाकलेर, शक्ति जगाएर ज्यादै कुशलतापूर्वक राँगोको मुटुमा धनुषकाँडको सुइरो छेडिने गरी बडो हिसावसँग राँगोको बध गर्दथे भन्ने कुरा यस पंक्तिकारलाई एक अनुसन्धान

कार्यमा जाँदा माझकिराँतका राईहरूले जानकारी गराएका थिए । वास्तवमा उनीहरू क्षेत्री बाहुनलाई अझै पनि 'बाज्ये' भन्दछन् । बाज्ये 'बृजि' शब्दको अपभ्रंश हो भनिन्छ । बृजिहरू भारत वंशको बृजिगणतन्त्रकै प्राचीन जाति हुन् । यसरी किराँतहरूमा प्राचीन इतिहासलाई खुलाउने महत्वपूर्ण तत्वहरू अझै पनि छन् ।

माथि नै भनियो, दशैं भनेको दुर्गा भगवती र महिषासुरको रामकहानी हो । महिषासुर भनेको राँगोरूपी राक्षस वा दैत्य हो । अर्थात् राँगोलाई पूजा गर्ने, यसलाई आफ्नो गणचिन्ह (totemic sign) बनाएर हिंड्ने कुनै जाति विशेषको प्रतिनिधि हो वा प्रतीक हो । हाम्रो पुराण साहित्य, प्रतीक र मिथकहरूले भरिएको छ ।[६] तन्त्रसाहित्य त झन् भयंकर प्रतीकात्मक छ । प्रतीक र मिथकहरू यथार्थका संवाहक भएर हाम्रो संस्कृतिमा ठूलो स्थान ओगटेका छन् । फेरि राँगोको रूप भएको वास्तविक दैत्य वा राक्षसको अस्तित्व त आजसम्म कसैले कहीं अवशेषको रूपमा पनि भेटेका छैनन् । यो त पुराण साहित्यहरूमा, दन्त्यकथाहरूमा, लोककथाहरूमा मात्र पाइने गरेको छ । त्यसो भएकाले ती प्राचीन वा आदिम मानवका कल्पनाहरू हुन्, तिनले यथार्थ जगतका अनगिन्ति घटनाहरू, वस्तुगत नियमहरू र मानव मनोविज्ञानहरूलाई यथाभूत रूपमा बुझ्न नसकी तिनीहरूबारे गरिएको विचार वा वोध (perception) र त्यसको भावपूर्ण अभिव्यक्ति हुन् । त्यो मिथ्यामा आधारित भएकाले अंग्रेजीको मिथ (myth)सित सुहाउँदो गरी तिनलाई मिथक भनिएको हो । मिथकमा यथार्थ र कल्पनाको मिश्रण हुने भएकाले यसले कतिपय सवालमा भ्रम पैदा पनि गरेको छ ।

त्यसकारण 'महिषासुर' राँगोपूजक जातिको मिथकीय प्रतीक हो । यस्तै गरी दुर्गाभगवती पनि मातृसत्तात्मक समाज व्यवस्थाकी महामाता रूपी शक्तिकी मिथकीय प्रतीक हुन् । आज महिषासुरमर्दिनी दुर्गाको तस्वीर हेर्‍यौं भने त्यहाँ १८ वटा बाहु (हात) भएकी, सबै हातमा आयुध (हतियार विभिन्न) भएकी, मुण्डमाला लगाएकी, खप्पर हातमा लिएकी, राँगोको भूत्ला हातमा लिएकी, खड्गधारी महिषासुरको रगत नै पिउने, शुण्डमुण्ड समेतको वध गर्ने रणचण्डी महाकालीको तस्वीर देखिन्छ । त्यस्ती उग्ररूपा, भैरवीको देब्रे खुट्टा राँगोको टाउकोमा छ, अर्को सिंहमाथि छ । सिंह दुर्गाको वाहन हो । वाहन शक्तिशाली छ । यस्तो शक्तिशाली वाहन सिंह वा किरो (आज पनि किराँतहरू चितुवा वा सिंहलाई किरो भन्छन्) भनेको किराँतहरूको शक्तिशाली फौज हो । त्यस्तै फौजलाई दुर्गाले आफ्नो वाहन वा आधार बनाएकी छिन् । दाहिने खुट्टाले आफ्नो पक्षमाथि टेकेको छ भने देब्रे खुट्टाले महिषासुर वा शत्रुपक्षमाथि । त्यसकारण दुर्गाको प्रचलित मूर्ति वा चित्र अर्थयुक्त छ । यसलाई तन्त्रसाहित्यले अझ प्रतीकमय बनाएको छ, अरू अर्थ प्रदान गरेको छ ।

**पशुझैं दुनियाँले प्रतिवाद नगरी सहने भए आज सत्तामोह हुनेहरूले अर्थात् हामीहरूले नरवलि प्रथालाई कायमै राख्ने थियौं**


यसरी दुर्गा एवं महिषासुर लगायत दशैंमा प्रस्तुत हुने यावत कुराहरू प्रतीकात्मक छन् । जस्तो : जमरा, रातो टीका, बलि(पशु र वनस्पति), खड्गपूजा, घटस्थापना, कालरात्रीपूजा, मांसहार इत्यादि । यी सबैले ऐतिहासिकता बोकेका छन् । जमरा जौको राखिन्छ । जौ प्राचीनकालको प्रमुख अन्न हो । जमरा उमारीकन लगाइन्छ । यसको अर्थ हाम्रा पूर्वजहरूको खेतीको शुरूवातको सम्झना हुनसक्छ । रातो टीकाको अर्थ त भयंकर छ । यसलाई कतिपय विद्वानहरूले प्राचीन नरवलिको प्रथाको अवशेष पनि भनेका छन् । रातो टीका वास्तवमा हिंसात्मक गतिविधिको परिचायक हो । हाम्रा आर्य पूर्वजहरू हिंस्रक थिए । नरवलि एवं पशुवलि तिनको पवित्र याज्ञिक कर्म थियो । विगतमा भएका काटमारका भयंकर घटनाहरूको स्मृतिचिन्हको रूपमा रातो टीका एवं सिंदुर आजसम्म सांस्कृतिक सामाग्रीको रूपमा प्रस्तुत छ । 'अतः देवतालाई खुसी तुल्याउन गरिने (नरमेध यज्ञ) मानव हत्या र परलोकको मोहमा गरिने सतीदाहको कलंकित इतिहासका काला पृष्ठहरू अझै ताजा छन् ।' (शान्ति सुरभ : पृष्ठ-८८) यस्तो नरवलिको रगतले देवीलाई नुहाइदिने र रक्ताम्य पार्ने चलन नै पछि रातो टीकाको रूपमा वा पर्वको रूपमा स्मृतिअवशेष रहेका हुन् भनिन्छ । यो सिद्धान्त अथर्ववेद जत्तिकै पुरानो छ । अर्थात् वेदमा रूद्रलाई मृत्युका देवता मानिएको छ र उनलाई नरवलि दिने कुराको वर्णन छ ।[७]

यस्तै, दशैंमा हुने पशुवलिले प्राचीन अश्वमेध-यज्ञको सम्झना दिलाउँछ । शक्ति जगाउने नाममा निरीह पशुहरूको संहार गर्नुले हाम्रा पूर्वजहरूको हिंसावादी सोचलाई नै जनाएको छ । पशुहरूमाथि जतिसुकै अत्याचार गरे पनि तिनले कहिल्यै प्रतिवाद गर्दैनन् । मान्छेले जस्तै मुद्धा दिनसक्ने भए वा हतियार उठाउन सक्ने भए तिनले मानव जातिलाई नष्ट नगरी छाड्दैनथे । आज दशैंको नाममा जुन मात्रामा पशुवध गरिन्छ, जुन निर्दयताको प्रर्दशन गरिन्छ (शक्तिपूजाको नाममा), वास्तवमा त्यस प्रवृत्तिलाई हेर्दा आज पनि हामीहरू मानव भैसकेका रहेनछौं भन्ने वोध हुन्छ । दुनियाँभरिको हिसावमा कतैबाट पनि मुद्दा नउठ्ने भए, पशुझैं दुनियाँले प्रतिवाद नगरी सहने भए आज सत्तामोह हुनेहरूले (शक्तिका पूजारीहरूले) अर्थात् हामीहरूले नरवलि प्रथालाई कायमै राख्ने थियौं । किनभने आज पनि सत्ताको नाममा, जनताको नाममा नरमेध त भइनै रहेको छ । यो सबै शक्ति प्राप्त गर्ने कर्म हो । यस्ता कर्मले हामीलाई भित्र पोल्दैन, हाम्रो मान्छेपनामा अलिकति पनि छुँदैन भने हामीले आफूलाई चौपायाभन्दा फरक कसरी ठान्ने ? हामीले आफूले आफैंलाई मानव कसरी मान्ने ?

तर इतिहासमा अहिंसक विचार र संस्कृतिको पनि जन्म भयो । यसको प्रभाव हाम्रो दशैंमा पनि परेको छ । दशैंमा हामी पशुवलिको सट्टामा कुभिण्डो (महिषासुरको वा शुण्डमुण्डको प्रतीक) उपयोग गर्छौं । कुभिण्डोलाई काटेर त्यसबाट रगत आएको प्रतीकको रूपमा सिंदूर दल्छौं । खसी, बोका, राँगालाई पर्साउँछौं, मन्त्रदान दिन्छौं । इत्यादि केही अहिंसक गतिविधि पनि गर्छौं । मलाई लाग्छ, यो बौद्ध अहिंसक दर्शनको प्रभाव हो ।

दशैंको घटस्थापना, फूलपाती, अष्टमी र नवमीको दिनमा जुन पशुहरूको बलि दिइन्छ, ती देवीलोकमा जान्छन्, ती मुक्त हुन्छन् भन्ने हिन्दूवादी वा अतिवादी विचारहरू पनि पाइन्छन् । पशुको रगत मूलढोकामा पार्ने, जम्मा गरिएका हतियारहरूमा पार्ने, रगतकै टीका पनि लगाउने, पशुवध गर्ने, पशुजल्लादलाई स्यावासी दिने, रातो टीका लगाइदिने, अष्टमीमा वा कालरात्रीमा पशुवध एकैचोटिमा हुन नसके अर्को पशुको पनि वध गर्ने इत्यादि जल्लादी कामहरू अर्थात् तान्त्रिक ढंगका कामहरू पनि शक्तिपूजाको नाममा दशैंमा गरिन्छन् ।

दशैंमा बलि दिनकै लागि दशैंघरहरू, कोटघरहरू, गडीहरू, मौलोहरू बनाइएको पाइन्छन् । राज्य स्वयंले पनि यस्ता महोत्सवहरूको आयोजना गर्छ । फूलपाती महोत्सव वा फूलपातीको हर्षबढाइ हुन्छ । गोरखा


*लेखक*

**कति संस्कृतिविद्हरू त हिंस्रक वैदिक धर्ममाथि अहिंस्रक बौद्ध धर्मको विजयको दिन ठान्छन् । तर दशैंको मूल कथा दुर्गा र महिषासुरको मिथकभित्र खोतल्दा भने महिषमुण्डी द्रविड र महिषाभक्षी किराँतहरूकै संघर्षको कथाको अवशेषको अर्थ नै बढी इतिहाससम्मत देखिन्छ ।**

दरवारको दशैंघरदेखि ल्याएको फूलपाती (ऊखु, केराको बोट, बेलपत्र, सयपत्री र यस्तै अन्य मंगलमय वस्तु) जमल हुँदै भित्र्याइन्छ र टुँडिखेलमा बढाइँ गरिन्छ ।[८] काठमाडौं उपत्यकाभित्र 'खड्ग जात्रा' गर्ने चलन अध्यावधि छ । हात हातमा खड्ग लिएका प्रदर्शनकारीहरू भैरवमुद्रामा देखिन्छन् । तिनको हात नै आवेशले कामिरहेको देखिन्छ । यसका साथै पचली भैरवको जात्रा उनका अष्टमातृका (माहेश्वरी, वैष्णवी, कौमारी, वराही, ऐन्द्री, ब्राम्ही, चामुण्डा र महालक्ष्मी)को गणसहितको जात्रा पनि गर्ने गरिएको पाइन्छ । वास्तवमा यी अष्टमातृका शाक्त धर्मका देवीहरू हुन् । अर्थात् यी तान्त्रिक धाराका देवीहरू हुन् ।[९] यिनकै नामबाट तन्त्रशास्त्रमा 'जननयन्त्र'को निर्माण गरिएको पनि जानिफकारहरू बताउँछन् ।[१०] विजयादशमीकै दिन मध्यरातमा उपत्यकाका मध्यकालीन राजाहरूले पचली भैरवको खड्गसित आफ्नो खड्ग साट्दथे र खड्गसिद्धि यज्ञ पूरा गर्दथे भन्ने कुरा पनि शाक्त साम्प्रदायकै कुरा हो । कतिपय विद्वानहरूले तेह्रौं शताब्दीदेखि नै नेपाल तान्त्रिकहरूको गढ थियो र त्यस समय प्राचीन वैदिककालको जस्तै जातभातहीन समय थियो भन्ने कुरा उल्लेख गरेका छन् । हामीलाई थाहा नै छ, नेपालमा तान्त्रिकहरूको कारणले हटाइसकेको जातभातको प्रथा पुनः पन्ध्रौं शताब्दीमा जयस्थिति मल्लले शुरू गरे । र, नेपाल खाल्डोलाई ६४ जातमा विभाजन गरे । (शान्ति सुरभ, पृ. ८४)

यसअघि दशैं आजको जस्तो हिन्दू कर्मकाण्डमा आधारित नभई सामरिक शक्तिवरण गर्ने अवसरको वा पर्वको रूपमा थियो । के सत्ताशीन, के आम-जनता यस पर्वलाई यसै रूपमा ग्रहण गर्दथे । त्यतिखेर राज्यसित पनि आजको जस्तो संगठित सेना नभएकाले गाउँ-गौंडाका जिम्वाल र उमरावहरूले गाउँमै 'जोधाहा' (योद्धा)हरू तैयार गर्दथे र आवश्यक परेको बेला शासकहरूलाई चढाउँथे । मौलो र कोट स्थानीय प्रशासनका केन्द्र हुन्थे । मौलोको मालिक जिम्वाल हुन्थे, कोटको मालिका उमराव हुन्थे र यिनीहरूले नै वर्ष सकिएपछि वा खेतीको काम सकिएपछि गाउँका उमेर पुगेका जवानहरूलाई खुँडा, खड्ग, तरवार, त्रिशूल के के छ, उद्याउन, चम्काउन लगाउँथे । यस्तो प्रकारले सामरिक शक्तिको स्वयं तालिम हुन्थ्यो र यसको उत्सवको रूपमा क-कसले के के काट्न सक्छन्, कुन कुन पशु एकै चोटमा छिनाउन सक्छन्, त्यसको परीक्षण हुन्थ्यो । ३ वर्षे, ५ वर्षे, ७ वर्षेदेखि १२ वर्षे राँगोलाई एकैचोटमा खुँडा प्रहार गरी ढाल्न सक्नेलाई त्यतिखेर जोधाहा(योद्धा)को उपाधि दिइन्थ्यो । उसको 'खाँडो जागेको' ठानिन्थ्यो । उसलाई शक्ति प्राप्त भएको ठानिन्थ्यो । हाम्रो संस्कृतिमा खाँडो जगाउने भनेको यही कुराको सम्झना हो । यसरी दशैं जोधाहाहरू तैयार गर्ने वार्षिकोत्सव थियो । (जगमान गुरूङ्ग : सिर्जना : पृ. ७)

हामीले यसअघि नै दशैंको मूल तत्वको चर्चा गरिसकेका छौं । त्यसलाई संक्षिप्तमा भन्नुपर्दा दशैं शक्तिपूजाको पर्व हो । यसमा आदिमाता (मातृसत्तात्मक समाजकी अग्रणी)को सम्झना छ, मिथकीय रूपमा । यो अहिलेसम्म आइपुग्दा समन्वयात्मक दर्शनको उदाहरण भएको छ । यसमा वैदिक र बौद्ध दुवै चिन्तन र परंपराको छाप छ । यसमा शिव-शाक्त-तान्त्रिक मतहरू पनि समाविष्ट भएका छन् भने वैष्णवहरूको विचारले पनि ठाउँ पाएको छ । सनातनी र भैरवी (परिवर्तनकारी) दुवै परंपराहरूद्वारा दशैं सजिएको छ ।

यद्यपि कसैले दशैंलाई देवासुर संग्रामको सम्झना ठानेका छन् । कसैले रावणमाथि रामको विजयोत्सव ठानेका छन् । कतिले असत्‌माथि सत्‌को जित ठानेका छन् । कतिले आर्यहरूले अनार्यहरू(किराँतहरू)लाई हराएको दिन ठानेका छन् । अझ कति संस्कृतिविद्हरू त हिंस्रक वैदिक धर्ममाथि अहिंस्रक बौद्ध धर्मको विजयको दिन ठान्छन् । तर दशैंको मूल कथा दुर्गा र महिषासुरको मिथकभित्र खोतल्दा भने महिषमुण्डी द्रविड र महिषाभक्षी किराँतहरूकै संघर्षको कथाको अवशेषको अर्थ नै बढी इतिहाससम्मत देखिन्छ । किराँतहरू नेपालका प्राचीन जाति भएको र तिनले आजभन्दा लगभग साँढे चार हजार वर्ष अघि ३० पुस्तासम्म वा १७०१ वर्षसम्म नेपाल खाल्डोमा राज्य गरेको र ती आर्यपूर्वका जाति भएको उल्लेख इतिहासमा पाइन्छ ।[११] यसकारण दशैंको इतिहासको यस पक्षलाई गम्भीतापूर्वक खोजी गरिनु जरूरी छ । यसमा रहेका कर्मकाण्डीय रूढी चिन्तनबाट समाजले मुक्ति पाउनु पनि उतिकै जरूरी छ र यसभन्दा पनि सर्वाधिक महत्वपूर्ण पक्ष यसमा रहेको चिन्तन र संस्कृतिहरूको समन्वयात्मक पक्षको आलोकमा शक्तिपूजाको अनुपम परंपरालाई परिमार्जन गरी हामी सबै एउटा सिङ्गो राष्ट्रिय संस्कृतिभित्र अटाउने प्रयत्न किन नगर्ने ?

**सन्दर्भ सामग्री :**



१. बज्राचार्य पुण्यरत्न, **हाम्रो चाडपर्व**, काठमाडौः रत्न पुस्तक भण्डार, २०२५, पृ- ९७
२. पन्त, तोयनाथ, **पञ्चांग(पात्रो)**, काठमाडौः चतुर्भुजपन्त, २०६०, पृ-३८
३. बज्राचार्य, मनवज, **नेपालको मध्यकालीन कला**, काठमाडौं : श्री ५ को सरकार, सू.वि. पृ- ७५
४. गुरुङ्ग, जगमान, 'दशैं-एक समीक्षा', रूम्जाटार स्मारिका (अंक २, २०५५), पृ-७
५. सुरभ, शान्ति, **हाम्रो संस्कृति एक सिँहावलोकन**, काठमाडौं : साझा प्रकाशन, २०३३, पृ-२३
६. राणा, जगदीश शमशेर, 'मिथक र साहित्य', **दश दृष्टिकोण**, काठमाडौं : श्रीमती भुवन राणा, २०४५, पृ-१६६
७. खत्री, डा. प्रेमकुमार, **नेपाली समाज र संस्कृति**, तेस्रो संस्करण, काठमाडौं : साझा प्रकाशन, २०५०, पृ-२४
८. जोशी, सत्यमोहन, **नेपाली चाडपर्व**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३९, पृ-३६
९. ध्रुवकृष्ण दीप, **हाम्रो संस्कृति हाम्रो ढुकुटी**, काठमाडौं : साझा प्रकाशन, २०५२, पृ- ६५
१०. ज.व.रा., धनशम्शेर, **मातृकाक्षर रहस्यम**, काठमाडौं : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, २०३०, पृ- घ
११. रेग्मी, डा. जगदीशचन्द्र, **प्राचीन नेपालको राजनैतिक इतिहास**, काठमाडौं : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान, २०३५, पृ- ९



अन्धविश्वास र कुरीतिहरूले समाजलाई पतनको बाटोतिर लैजान्छन् । बोक्सी, भूतविद्या आदि विषयमा प्रचलित अन्धविश्वासहरूतर्फ लाग्नुभन्दा यथार्थ कुराको विश्लेषण गरेर आइपरेका बाधा-व्यवधान हटाउनेतर्फ सचेत नागरिकहरूले लाग्नुपर्छ । अन्धविश्वास र कुरीतिहरूको प्रचलनबाट हुने दुष्परिणामहरूबारे जनसाधारणलाई जानकारी दिन सचेत र शिक्षित व्यक्तिहरूले अग्रसर हुनुपर्छ ।

श्री ५ को सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

'सकारात्मक संकेत'का आधारमा निर्णायक आन्दोलनलाई मत्थर पारिएपछि...



# के स्पष्ट गर्छन् वर्तमान घटनाक्रमहरूले ?

- अमर गिरी

**राजा** बेलायतबाट फर्केपछि नेपालको राजनीतिक परिदृश्यमा सकारात्मक परिवर्तन आउने र मुलुकमा विद्यमान संकट समाधानका निम्ति मार्ग प्रशस्त हुने आशा झण्डै झण्डै तुहिएको छ । युद्धविराम भंग भएपछिको मुलुकको विशिष्ट अवस्थामा 'वार कि पार'को आन्दोलन गर्ने भनी निर्णय गरेका र तदनुरूपको तयारी पनि गरेका राजनैतिक दलहरूले सकारात्मक परिवर्तनको सम्भावनालाई दृष्टिगत गरेर नै आन्दोलनको स्वरूपलाई परिवर्तन गरेका थिए । आन्दोलनको परिवर्तित स्वरूप, त्यसमाथि आन्दोलनकर्ताहरूको नियन्त्रण र स्थितिप्रतिको उनीहरूको गम्भीरता एवं सम्वेदनशीलताले नै मुलुकलाई सम्भावित गम्भीर मुठभेडबाट बचाएको थियो ।

आन्दोलनको स्वरूपलाई परिवर्तन गरेर दलहरूले समस्या समाधानको साँचो राज्यका हातमा थमाइदिएका थिए । यसलाई दलहरूको कमजोरी होइन, सकारात्मक संकेतका रूपमा संस्थापन पक्षले लिनुपर्थ्यो र तदनुरूपको भूमिका सम्पादनका निम्ति अगाडि बढ्नुपर्थ्यो, तर त्यसो गरिएन । बरू उल्टै वर्तमान सरकारका एकजना वरिष्ठ मन्त्री कमल थापाले 'सकारात्मक संकेतका आधारमा निर्णायक आन्दोलनलाई मत्थर पार्ने राजनैतिक दलहरू सत्तास्वार्थका निम्ति दौडिरहेको' भन्ने टिप्पणी गर्दै दल र उनीहरूले चलाइरहेको आन्दोलनलाई गिज्याउन पुगे । राजाको स्वदेश आगमनपछि सरकारका एक वरिष्ठ मन्त्रीबाट गरिएको यो टिप्पणी कुनै संयोग र अपरिपक्वताको परिणाम थिएन, वर्तमान सत्ताको चरित्र र दृष्टिकोण अनुरूपको अभिव्यक्ति थियो ।

राजासँगको लामो सम्वादपछि प्रधानमन्त्री थापा पुनः वर्तमान सरकारलाई सर्वदलीय स्वरूप प्रदान गर्न राजनैतिक दलका नेताहरूसँग संवादमा जुट्नुभएको छ । तर विगतमा जस्तै पुनः उहाँलाई असफलताभन्दा अरू केही हात लाग्ने देखिँदैन । यसले वर्तमान सत्ता र दलहरूबीचको दूरीलाई बढाउँदै लैजाने छ र अन्ततः गम्भीर द्वन्द्वलाई मात्र जन्म दिने छ । असोज १८ गतेपछिका घटनाक्रमहरूलाई विश्लेषण गर्ने हो भने दलहरूले पर्याप्त संयम अपनाएको पाइन्छ, तर सत्ताबाट यसलाई सधैं कमजोरीका रूपमा परिभाषित गर्ने र त्यसैअनुरूप व्यवहार प्रदर्शन गर्ने काम मात्र भएको छ । पटक पटक अपमानित हुँदै र धोका खाँदै आएका दलहरू सधैं संयमित बनिरहलान्, यस्तो कल्पना गर्न सकिन्न । दुई बन्दूकका बीचमा कमजोरजस्ता अनुभव हुने दलहरू नै अहिले पनि वास्तविक शक्तिका स्रोत हुन् । उनीहरूलाई लामो समयसम्म पाखा लगाइरहन वा अप्रासंगिक बनाइरहन सम्भव छैन ।

वर्तमान राजनैतिक परिस्थितिको स्पष्ट संकेत माओवादी विद्रोहलाई पनि सम्बोधन गर्ने गरी प्रतिगमनलाई सच्याउँदै अग्रगामी सुधार र परिवर्तनको दिशातिर बढ्नु हो । तर वर्तमान सत्ता राजनैतिक प्रपञ्चमै आफ्नो अस्तित्वको संरक्षण देखिरहेको अनुभव हुन्छ । वर्तमान घटनाक्रमहरूले यही सत्यलाई स्पष्ट गर्दछन् । मन्त्री कमल थापाको आन्दोलनरत दलहरूलाई अपमानित गर्ने तल्लो स्तरको अभिव्यक्ति र प्रम थापाको सर्वदलीय सरकार गठन गर्ने तथाकथित प्रयास वर्तमान अवस्थालाई अझ जटिल बनाउने श्रृंखलाका पछिल्ला कडीबाहेक केही होइनन् । वर्तमान अवस्थामा संस्थापन पक्षबाट अघि सारिएको सर्वदलीय सरकारको धारणाले समस्याको समाधान गर्दैन भन्ने स्पष्ट छ । दलहरूले पहिले नै अस्वीकार गरिसकेको बासी कुरालाई पुनः उठाएर सहमतिको कुरा गर्नु दल र उनीहरूले चलाइरहेको आन्दोलनलाई गिज्याउनुबाहेक अरू केही होइन ।



आन्दोलनका क्रममा गिरफ्तारी दिँदै एमालेका नेता भरतमोहन अधिकारी

यतिमात्र होइन, वर्तमान सत्ता प्रतिगमनलाई सुदृढीकरण गर्ने दृष्टिकोणसहित राज्य संरचनाका विभिन्न अंगहरूलाई आफूअनुकूल बनाउने अभियानमा जुटेको छ । विभिन्न नियुक्ति र फेरबदलहरूले यही सत्यलाई पुष्टि गर्दछन् । वर्तमान घटनाक्रमहरूलाई विश्लेषण गर्दा राज्यले साविककै अवस्थामा दलहरूलाई सरकारमा सहभागी हुन मनाउने र नभए माओवादी विद्रोह दमनको निहुँमा मुलुकको सैनिकीकरण गरेर अगाडि बढ्ने मनसाय राखेको देखिन्छ । प्रतिगमन सच्याउन नचाहनुको अर्थ योभन्दा अर्को हुनसक्छ जस्तो लाग्दैन । सोझो विश्लेषण गर्ने हो भने त माओवादी विद्रोहको सामना गरिरहेको राज्य संसदीय शक्तिहरूसँग पनि द्वन्द्व मोल्ने दिशामा नजानु पर्ने हो, तर राज्य यसो गर्न चाहिरहेको छैन । कमजोर जनाधार भएको वर्तमान सत्ताले कुन आधारमा यत्रो आँट गरिरहेछ ? यसको सिधा र स्पष्ट उत्तर फौजी शक्ति हो ।

दलहरूलाई वर्तमान सत्तामा सहभागी गराउने प्रयास विदेशी कुटनीतिक नियोगहरूबाट पनि भइरहेको छ । परिणामस्वरूप कुटनीतिकहरूको प्रयास केही समययता ह्वात्तै बढेको छ । उनीहरूको तर्क माओवादीलाई एक्ल्याउन यसो गर्नु अनिवार्य छ भन्ने रहँदै आएको छ । वर्तमान सत्ताका निम्ति विदेशीहरूको यस्तो प्रयासले बलियो सम्बलको काम गरिरहेछ । राज्यलाई सैनिकीकरण गर्ने स्पष्ट संकेतहरू जुन रूपमा प्राप्त भइरहेछन्, यसको एउटा बलियो आधार विदेशीहरू (खास गरेर अमेरिका)को यस प्रकारको भूमिका पनि हुन सक्दछ । माओवादी विद्रोह दमनका निम्ति वर्तमान संस्थापन पक्षलाई साथ दिएर जाने अभिव्यक्ति उनीहरूले पटक पटक दिइसकेका छन् ।

सके वर्तमान सरकार (वा यस्तै प्रकारको सरकार)मा सहभागी गराएर लैजाने, नसके राज्यको सैनिकीकरण गरेर अघि बढ्ने संस्थापन पक्षको सोच बनिरहेको बेला दलहरूले आफ्नो भूमिकालाई हस्तक्षेपकारी बनाउने गरी बदल्न आवश्यक छ । मुलुकको सैनिकीकरणको अर्थ सर्वनाशसिवाय अरू केही होइन ।

मुलुकलाई सर्वनाश हुनबाट जोगाउन र अग्रगामी दिशा प्रदान गर्न आन्दोलनमा रहेका कमजोरीहरूको सिंहावलोकन आवश्यक छ । आजसम्मको कमजोरी नै आन्दोलनलाई हस्तक्षेपकारी बनाएर अघि बढाउन नसक्नु हो । यसमा वर्तमान सत्ताबाट हुने गरेका प्रपञ्चहरूको ठूलो भूमिका रहेको देखिन्छ । जेहोस्, वर्तमान घटनाक्रमहरूले देशलाई संभावित विनाशबाट रोक्ने जिम्मेवारी दलहरूको काँधमा आएको स्पष्ट गरेका छन्, तर यो विनालप्पनछप्पन निर्वाह गरिने हस्तक्षेपकारी भूमिकाबाट मात्र सम्भव हुनेछ । ❑

# फासीवादको उदय

राजेन्द्र महर्जन ●

**अग्रगमन** र प्रतिगमनको दोसाँधमा देश उभिएको बेला राजनीतिक नेताहरूको कुबुद्धि र हतिहारापना कति खतरनाक हुन्छ ? गृहयुद्धको आगोमा राष्ट्र र समाज जल्न थाल्दा संसद्वादी पार्टीहरूको अकर्मण्यता र वैचारिक अस्पष्टता कति हदसम्म घातक हुन्छ ?- यस्ता जल्दाबल्दा राजनीतिक सवालहरूको एउटा भयानक जवाफ हो- इटालीमा जन्मिएको फासीवाद ।

अग्रगमन वा प्रतिगमनका लागि भएको गृहयुद्धमाथि राजनीतिक तत्परता र पहलकदमीद्वारा हस्तक्षेपकारी भूमिका खेल्न सकिएन भने त्यसको भयावह सजायँ फासीवादको रूपमा हुने तथ्य इटालीको प्रथम र द्वितीय युद्धबीचको इतिहासले देखाइसकेको छ । चाहे ती राजा हुन् या फासीवादी हुन्, जस्तोसुकै रूपरंगका प्रतिगामी शक्तिहरूसँग सम्झौता वा साझेदारी कति हदसम्म देश, जनता र लोकतन्त्रविरोधी हुनसक्छ भन्ने तथ्य बुझ्न इटालीको बीसौं शतब्दीको दोस्रो दशकदेखि चौथो दशकसम्मको राजनीतिका उतारचढावका पानाहरू पल्टाउनै पर्ने हुन्छ, विशेषगरी अत्यन्त ढुलमुल, द्विविधाग्रस्त र सत्तामुखी आन्दोलन गरिरहेका सुधारवादी शक्तिहरूले यो इतिहास पढ्नु जरूरी छ ।

इटालीमा सन् १९२० को सेप्टेम्बरमा महासंकट छाएको थियो, गरीखाने वर्गले बाँच्नै नसक्ने अवस्थाबाट मुक्तिका लागि विद्रोह गरेको थियो । र, यही विद्रोह सैनिक शक्तिद्वारा दबाउन नसकेपछि लुटीखाने वर्गले फासीवादी शक्तिलाई जन्माएर घुमाउरो खालको तथाकथित गृहयुद्ध थालेको थियो- विद्रोहीहरूविरूद्ध । तर विद्रोहीहरूको नेतृत्व गरिररहेका सोशलिष्ट पार्टी र त्यसको जनरल कन्फिडरेशन अफ लेबरका नेताहरूले गृहयुद्ध रोक्न फासीवादी आन्दोलनका नेता मुसोलिनीसँग अर्थहीन खालको सम्झौता गरे, राजाको निगाहमा संयुक्त सरकार गठन गर्ने प्रयास गरे । गरीखाने वर्गको विद्रोहको रक्षा गर्ने, फासीवादीहरूको आक्रमणको सशक्त प्रतिकार गर्ने र अग्रगमनलाई तीव्र पार्ने प्रयत्न भएको भए इटाली फासीवादीहरूको पोल्टामा पर्ने नै थिएन र त्यहाँ समाजवादीकरणको प्रबल संभावना देखिइसकेको थियो भन्ने तथ्यलाई कसैले पनि इन्कार गर्न गाह्रो छ ।

## फासीवादी उभारको पष्ठभूमि

प्रथम विश्वयुद्धको समाप्तिसँगै विश्वमा पूँजीवादको संकट जतिजति घनीभूत हुँदै गयो, त्यति त्यति पूँजीवादभित्रको एकाधिकारी र वित्तीय पूँजीले आन्तरिक संकट टार्नका लागि सबैभन्दा प्रतिक्रियावादी तत्वहरूलाई संगठित गर्न थाल्यो । एकाधिकारी पूँजीपति र तीभन्दा पनि ठूला पूँजीपतिहरूले आफ्नो अधिकतमभन्दा अधिकतम नाफाको गारेन्टीका लागि र पूँजीवादको गम्भीर संकट टार्नका लागि प्रतिक्रान्तिको साधनको रूपमा फासीवादलाई हतियारझैं उपयोग गरेका थिए । पिछडिएको इटाली मजबूत आर्थिक ढाँचा र राजनैतिक उपरी ढाँचा निर्माण गरी फासीवादको विजयका लागि बाटो साफ गरिएको थियो ।



अमेरिकी चिन्तक पाउल एम.स्वीजी के भन्छन् भने जब पूँजीवादको पुरानो ढाँचा मक्किन थाल्छ, त्यसको आर्थिक संगठन, राजनैतिक संस्था, प्रशासनिक ढाँचाले पूँजीवादमा छाएको संकट समाधान गर्न सक्दैन, जब ती सबै ढाँचाले संकटको कारणले पीडित, आक्रोशित र संघर्षशील भएका गरीखाने जनताको उभारलाई थेग्न सक्दैन, पूँजीपति वर्गको अधिकतम नाफाको स्वार्थ पूरा गर्न गाह्रो हुनथाल्छ, तब आफ्नो संकट टार्न र गरीखानेहरूको जनउभार रोक्न फासीवादको टेवा लिइन्छ । फासीवाद विशेष ऐतिहासिक परिस्थितिअनुसार निश्चित रूप-रंगको एउटा प्रतिक्रान्ति हो, जसमार्फत् पूँजीवादले केही अग्रिम चाल चालेर क्रान्तिलाई रोक्ने प्रयास गर्छ ।

यूरोपमा, विशेषतः इटालीमा फासीवादको उदय हुनुको पछाडि आधारभूत कारण दुईवटा थिए, जुन अन्तरसम्बन्धित थिए-

एक, विश्व पूँजीवादीतन्त्रको चौतर्फी आर्थिक संकट र अन्तरसाम्राज्यवादी प्रतिद्वन्द्विता उग्रभन्दा



*युनिफर्मको रुपमा कालो सर्ट लगाउने फासीवादीहरुको लडाकु जत्था*

उग्रतर हुँदै जानु ।

दुई, सोभियत समाजवादी क्रान्तिपछि बीसौं शताब्दीको तेश्रो दशकमा सिंगो विश्वमा मजदूर आन्दोलनमा क्रान्तिकारिता र जुझारूपना थपिएको कारणले क्रान्तिको संभावना चरमतिर पुग्नु । यसैको विरूद्ध सम्पूर्ण प्रतिक्रियावादी तत्वहरू नांगो रूपमा, घनीभूत र केन्द्रिकृत रूपमा जुझारू मजदूर आन्दोलनविरूद्ध उत्रंदा फासीवादको उदय हुनपुग्यो ।

## वर्गीय विद्रोह दबाउने हतियार

पहिलो विश्वयुद्धको लगत्तै इटालीमा आर्थिक संकटको कारणले पूँजीपतिहरूले कलकारखानाहरू बन्द गर्न थालेपछि सशस्त्र भएका क्रान्तिकारी मजदूरहरूले कलकारखानाहरू कब्जा गरी चलाउन थालेका थिए । मजदूरहरूको नेतृत्व गरिरहेको सोशल डेमोक्रेटिक पार्टी भने संसद्मा बहुमत हासिल गरी पूँजीवादी राज्ययन्त्र र उत्पादन व्यवस्थालाई फिटिक्क नचलाईकन 'शान्तिपूर्ण क्रान्ति' गर्न उद्यत थियो र मजदूरको क्रान्तिकारिता र जुझारूपनाबाट तर्सेर पूँजीपतिहरूसँगै साँठगाँठ गरिरहेको थियो । यसैबीच पूँजीवादी राजनीति र अर्थतन्त्र भत्किएर गिर्न लागेको बेला मजदूरहरूको क्रान्तिकारी संघर्ष रोक्न र पूँजीपतिहरूको नाफाको स्वार्थ रक्षा गर्न अवतारको रूपमा प्रकट भए- मुसोलिनी र उनको फासीवाद ।

मुसोलिनीले एकातिर मजदूरहरूद्वारा कारखानामाथि गरिएको कब्जाको समर्थन गर्दै 'काला बजारियाहरूलाई झुण्ड्याउने' आक्रामक नारा दिएर मजदूर र मध्यम वर्गलाई लोभ्याए । अर्कोतिर मजदूर र मालिकको मिलोमतोमा कारखाना चलाउने नीति अगाडि सार्दै पूँजीपतिहरूलाई खुसी तुल्याए ।

जब इटालीमा पूँजीवादी लोकतन्त्र भ्रष्ट र मक्किन थाल्यो, तब मनमोहक र लोकप्रिय समाजवादी नारा दिएर मुसोलिनीले राष्ट्रिय आकांक्षाहरू पूरा गर्नका लागि जनतामा आक्रामक आह्वान गरेर फासीवादी लहर ल्याए । फिउमेजस्तो आफ्नै देशको टुक्राको एकीकरण गर्न नसक्नु र प्रथम विश्वयुद्धमा जितेर पनि केही पनि नपाउनुको पीडाले ग्रस्त मुलुकमा उनले राष्ट्रिय सम्मानको पुनर्स्थापनाको चर्को नारा दिए । आर्थिक विपन्नता र बेरोजगारीको कारण आक्रोशित भइरहेका, बदनाम लोकतन्त्रको विध्वंश र गरीखाने वर्गको क्रान्तिको संभावनाले आक्रान्त मध्यम वर्गलाई उनले सामाजिक परिवर्तन र रोजगारीको प्रत्याभूति (ग्यारेन्टी) को प्रलोभन दिए । भोका जनतादेखि लिएर सामन्त र उद्योगपतिहरूसमेत विकल्प खोजिरहेको स्थितिमा उनले मध्यम वर्गीय अधिनायकत्वको सिद्धान्त



*फासीवादको शिकार भएका कम्युनिष्ट नेता तथा चिन्तक अन्तोनियो ग्राम्शी*

प्रस्तुत गरे । यो अधिनायकत्वलाई साम्यवादविरोधी एउटा शक्तिशाली हतियारको रूपमा प्रस्तुत गर्ने क्रममा उनी अभिजात वर्गदेखि पूँजीपतिवर्ग र मध्यमवर्गका लागि वरदान भएर निस्के ।

## फासीवादीहरूको सत्तारोहण

मध्यम वर्गको जनाधारमाथि टेकेर पूँजीपति वर्गको केही तप्का र कम्युनिष्टविरोधी राजनैतिक शक्तिहरूको बलमा मुसोलिनी १९२२ मा डर, धाक र बल प्रयोगद्वारा प्रधानमन्त्री भए । चार-चारवर्षसम्म उनले संसदीय प्रजातन्त्रको मुकुण्डो लगाई राखे । संसदीय अभ्यास, विपक्षी पार्टीहरूको अस्तित्व र ट्रेड यूनियनको कामकाज सबै यथावत् जारी राख्न दिए । सत्ता-शक्तिमाथि आफ्नो मजबूत पकड कायम गरिसकेपछि उनले संसद्, प्रतिपक्षी पार्टी, ट्रेड यूनियन र लोकतन्त्रको हत्या गर्न थाले । अधिकारहरू जम्मै केन्द्रीकरण गर्दै गर्दै इटालीका 'एकमात्र नेता' (इल दूचे) बनेका मुसोलिनीले पहिले सरकार र देशमा फासीवादीकरणको लहर चलाए ।

फासीवादी शासनको क्रममा अधिकार र स्वतन्त्रताको घाँटी निमोठ्ने सिलसिला अगाडि बढाइयो । यसै क्रममा सबै पार्टीहरूमाथि प्रतिबन्ध लगाइयो, समाजवादी र कम्युनिष्ट नेताहरूको हत्या गर्न लगाइयो । अन्तोनियो ग्राम्शीलगायत धेरैलाई जेलमा सडाएर मारियो । संसद्लाई रबर स्ट्याम्पमात्रै बनाइयो अनि राजालाई नाम मात्रका सल्लाहकार बनाइयो । त्यसपछि सम्पूर्ण देश र तन्त्रमाथि फासीवादी पार्टीको नियन्त्रण कायम गरियो । 'ओवरा' नामक गुप्तचर संस्थामार्फत् कुनै पनि व्यक्तिमाथि प्रताडना दिन सक्ने स्थिति बनाइयो ।

## छली र दमनकारी शासन

प्रो. लालबहादुर बर्माका अनुसार, ट्रेड यूनियनहरू भंग गरियो र वर्गसंघर्षको सट्टा वर्ग सहयोग र वर्गीय समन्वयको नारा दिएर मजदूरहरूलाई जबर्जस्ती शान्त पारियो । एकजना मन्त्रीको नियन्त्रणमा मजदूर र पूँजीपतिहरूको Syndicate (सिंडिकेट) खडा गरी मध्यम वर्गीय अधिनायकत्व लागू गर्ने क्रममा अन्ततः पूँजीपति वर्गकै हितमा काम गरियो । कृषि, उद्योग, बीमालगायत जीवनका सबैजसो क्षेत्रमा आयोग गठन गरेर मुसोलिनीले त्यसको अध्यक्षमा आफू बसे अनि प्रशासनमा फासीवादी पार्टीका नेता-कार्यकर्ता भर्ती गरे ।

आर्थिक जीवनमा 'सिंडिकेट' र निगम (करपोरेशन) को एउटा नयाँ प्रयोग शुरू गरे, त्यसैले इटालीको फासीवादले करपोरेट राज्य चलाएर केही समय तहल्का मच्चायो । यस्तो लाग्थ्यो : केही दिनका लागि इटालीमा चमत्कार हुन लाग्यो ।

जीवनका सबै अंगलाई फासीवादीकरण गर्ने क्रममा, हरेक उमेरका मानिसहरूलाई संगठनले बाँध्ने क्रममा युवाहरूलाई मात्रै पनि अनुशासन, मनोरंजन, स्वास्थ्य र सिद्धान्तको नाममा संगठित गरियो । नारीविरोधी मुसोलिनीले महिलाहरूलाई पत्नी र आमाको भूमिकामा सीमित गरे ।

इसाई धर्मका सर्वोच्च धार्मिक नेता पोपसँग सम्झौता गरिसकेपछि धर्म र राष्ट्रियताको जगमा मुसोलिनीले अन्धराष्ट्रवादी लहर ल्याउन खोजे ।



*फासीवादका प्रणेता मुसोलिनीका साथ नाजीवादी शासक हिटलर*

# सुधारवादीहरूको हुतिहारापना र फासीवादीहरूको आक्रमकता

आर्य र 'गौरवशाली परम्परा'सँग जोडेर लेखिएका कला र साहित्यलाई प्रोत्साहित गरेर फासीवादी संस्कृतिको निर्माण गर्न खोजियो । युद्धको महिमामण्डन गर्ने क्रममा फासीवादलाई 'युद्ध, आक्रमण, उत्कष्ट राष्ट्रवादिताको दर्शन' बनाइयो ।

### आन्तरिक र विदेश नीतिको समागमन

भूतपूर्व समाजवादी मुसोलिनीले त्यस्तो आन्तरिक नीति लिए, जसको लक्ष्य थियो- राष्ट्र र जीवनका सबै अंगहरूमाथि फासीवादी पार्टीको नियन्त्रण, एउटा पिरामिडजस्तो सोपानात्मक (हाइरार्कियल) व्यवस्थामाथि शिखरमा आफू- 'एल दूचे'बाट कठोर नियन्त्रण र निर्देशन । राष्ट्रिय अहंकार र गौरवका लागि, आर्य जातिको सम्मानका लागि सम्पूर्ण देशको लामबन्दी । त्यसका विपक्षीहरू- समाजवादी र कम्युनिष्टहरूमाथि निर्मम दमन र तात्कालिक रूपमा पूँजीपतिहरूका लागि नाफा र राष्ट्रको प्रगति ।

मुसोलिनीको विदेश नीति आन्तरिक नीतिद्वारा पूरै निर्देशित थियो । उनले भनेका थिए- 'हामी जमीनका भोका छौं, किनकि हाम्रो संख्या धेरै छ र यसलाई हामी यथावत नै राख्न चाहन्छौं ।'

यही भोक शान्त गर्न फासीवादीहरूले अटलान्टिक र हिन्द महासागरसम्म आफ्नो भूमि विस्तार गर्ने नीति लिए । यूनान (ग्रीस)माथि आक्रमण गर्ने र फ्रान्समाथि धाकधक्कू दिने कामपछि उनीहरूले इटालीयन राष्ट्रवादको आगो जलाए । अक्टोबर १९३५ मा अफ्रिकास्थित इथियोपियामाथि कब्जा जमाएपछि उनीहरूले हिटलरको नाजीवादी जर्मनी र सैन्यवादी जापानसँग मिलेर दोस्रो विश्वयुद्धको ताण्डव नाच देखाए । जर्मनीको तुलनामा अत्यन्त कमजोर अर्थतन्त्र भएको फासीवादी इटाली प्रारम्भिक सफलताका बावजूद युद्धकै बीच धर्मरायो । मित्र राष्ट्रहरूको आक्रमणपछि मुसोलिनीलाई पार्टी र सरकारबाट अपदस्थ गरियो र फासीवादको प्रतिरोध गरिरहेका क्रान्तिकारी इटालीबासीले समातेर उनलाई गोलीले उडाए ।

### फासीवादीहरू हारे, फासीवाद हारेको छैन

निश्चित रूपमा गरीखाने वर्ग र तिनको नेतृत्व गर्न कम्युनिष्ट पार्टी र अधिकांश लोकतान्त्रिक शक्तिहरू सशस्त्र संघर्षसँगै सोभियत संघको सैन्यबलको आधारमा दोस्रो विश्वयुद्धमा फासीवादीहरू परास्त भएका थिए । फासीवादीहरू परास्त हुनुको अर्थ फासीवाद पनि पराजित हुनु होइन, अग्रगामी शक्ति सदा सदाका लागि विजयी हुनु पनि कदापि होइन । फासीवाद अनेक रूपरंग र नाममा इटालीदेखि नेपालसम्म प्रकट भइरहेको छ । यसलाई परास्त गर्न वैचारिक स्पष्टतासहितको क्रान्तिकारी पहलकदमी, तत्परता, साहसको जरूरत छ । ❑


*हाम्रा समस्त नगरवासीहरू तथा देश-विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा*

**विजया दशमी २०६०**

*को उपलक्ष्यमा*

**हार्दिक मंगलमय शुभकामना**

*व्यक्त गर्दछौं ।*

**कार्यकारी प्रमुख तथा**

**हेटौंडा नगरपालिका**

**परिवार**






हल्लो स्टेशनमा रहेको रेष्टुरां मा स्वादिष्ट नेपाली, भारतीय, र कन्टिनेन्टल खानाहरूको मजा लिन सकिन्छ । मनकामना माईको दर्शन गरेर फर्कदा नदिको बहाव हेर्दै विश्राम गर्नको लागी यो अत्यन्तै रमाइलो र उपयुक्त छ ।

हल्लो स्टेशनमै रहेका खेलाइलले बालबालिकाहरूको मनोरञ्जन गर्दछन् भने यात्राको सम्झना सधैं ताजा राख्ने सोभिनीयरहरू पाईने पसल पनि छ ।

## मनकामना केबुलकार

मनकामना देवीले सम्पूर्ण मनोकांक्षा पूरा गर्छिन् भन्ने जनविश्वास शताब्दीयौं देखि रहेको पाइन्छ । यसै उच्च भावनाको कदर गर्दै सञ्चालन गरिएको नेपालको पहिलो र एकमात्र केबुलकार सेवाले मनकामना क्षेत्रको धार्मिक र पर्यटकीय महत्वलाई अझ विस्तारित र व्यापक बनाएको छ । विश्व प्रसिद्ध अष्ट्रियाली कपनी डोपलमायरद्वारा जडान गरिएको अत्याधुनिक प्रविधियुक्त हाम्रो केबुलकारको यात्रा आफैमा एक अविस्मरणीय अनुभव हुन पुगेको छ ।

**मनकामना दर्शन (प्रा) लि.**

**MANAKAMANA DARSHAN (P.) LTD.**

पो.ब.नं. ४४१६, नक्साल नागपोखरी, काठमाडौं, नेपाल । फोन: ४३४६९०, ४३४६४८ फ्याक्स: ९७७-१-४३४५१५

Email: mdpl@chitawoncoe.com, mc_lstn@chitawoncoe.com Website: www.chitawoncoe.com/manakamana

# ब्रेक लागेको विश्व व्यापार संगठनको रेलगाडी

अनिल भट्टराई

### "मृत्युरूपी रेल"मा लागेको ब्रेक

मेक्सिकोको आदिवासी क्षेत्रमा स्वायत्तताको लागि लडिरहेको जापातिस्ता समूहका नेता मार्कोसले विश्व व्यापार संगठनलाई "मृत्यूरूपी रेलगाडी"को रूपमा चित्रण गर्दै मेक्सिकोकै क्यानकुनमा सेप्टेम्बर १० देखि १४ तारिखसम्म भएको पाँचौं मन्त्रीस्तरीय सम्मेलनका बेला सम्मेलन स्थलबाहिर भेला भएका आन्दोलनकारीहरूलाई टेप गरेर पठाइएको एउटा सम्बोधनमा यो "मृत्युरूपी रेललाई लिकबाट पल्टाउन" आग्रह गरेका थिए । मार्कोसले आशा गरेझैं यो रेल लिकबाट पल्टिएको त भन्न सकिन्न, तर १ सय ४८ सदस्य राष्ट्रहरूको यो सम्मेलन विनाकुनै सहमति भंग भएपछि यस रेलगाडीमा दह्रो ब्रेक लागेको कुरामा भने शंका छैन ।

सन् २००१ मा कतारको दोहामा भएको चौथो मन्त्रीस्तरीय सम्मेलनमा विकसित देशहरू (अमेरिका, जापान तथा युरोपेली समुदायका देशहरू) ले दिँदै आएको कृषि अनुदानका विषयमा टुंगो लाग्न नसकेपछि यसलाई पाँचौं सम्मेलनपूर्व टुंगो लगाउने र त्यसपछि मात्रै सिंगापुरमा सन् १९९६ मा भएको दोश्रो मन्त्रीस्तरीय सम्मेलनमा उठेका चार सवालहरू- अन्तर्राष्ट्रिय लगानी, सहज बजार, सरकारी खरिद तथा प्रतिस्पर्धा नीतिबारे छलफल गर्न सकिने भन्ने निर्णय भएको थियो । हालैको पाँचौं सम्मेलनमा अमेरिका तथा युरोपेली समुदाय दुवैले कृषि क्षेत्रमा अनुदान कटौतीसम्बन्धी प्रस्ताव त ल्याए, तर त्यसमा अनुदान कटौतिको तिथिमिति तोकिएन । यतिमात्र होइन, दोहामा भएका सहमति विपरित सिंगापुर सम्मेलनमा उठेका सम्झौताका नयाँ विषय पनि यसमा उल्लेख गरियो ।




*यही सेप्टेम्बर १३ (भदौ २७) मा जापानको टोकियोमा WTO का विरुद्ध प्रदर्शन गर्दै प्रदर्शनकारीहरु*

यो कुनै पनि हालतमा विकासशील देशहरूलाई मान्य भएन । यस विषयमा विकासशील देशहरूले सोचेजस्तो प्रस्ताव नआएपछि सम्मेलनको अन्तिम दिन आफ्नो असहमति जाहेर गर्दै केन्याका सरकारी प्रतिनिधि सम्मेलन स्थलबाट बाहिरिए । उनी निस्किएपछि एक एक गरेर अरू अफ्रिकी देशहरूका प्रतिनिधिहरू पनि बाहिरिए । अफ्रिकी प्रतिनिधिहरूका लागि अझ मूल कुरा अमेरिकामा २५ हजार कपास उत्पादकहरूलाई दिइँदै आएको ४ अरब डलरको अनुदान थियो, जसले गर्दा अफ्रिकी उत्पादकहरूले विश्व बजारमा पाउनु पर्ने भाउ पाउन सकेका थिएनन् । यसले गर्दा विगत केही वर्षदेखि कपास उत्पादक किसानहरूमाथि आइपरेको संकट गहिरिँदै गएको थियो । कपास उत्पादक अफ्रिकी देशहरूले यसका लागि आफ्ना कपास उत्पादक दुईलाख कृषकहरूको हस्ताक्षर पनि संकलन गरेर सम्मेलनमा प्रस्तुत गरेका थिए ।

सम्मेलनको अन्तिम दिन जब यो भंग भयो, अमेरिकाले विकासशील देशहरूको एकतालाई दोष दिए भने युरोपेली समुदायका पास्कल लामीले विश्व व्यापार संगठनको "मध्ययुगीन निर्णय प्रकृया"लाई दोषी ठहऱ्याए । विकासशील देशहरूले चाहिं अमेरिका र युरोपेली समुदायको पेलेर लैजान खोज्ने तौरतरिका नै जिम्मेवार रहेको बताए । तर सम्मेलन विफल भएको ज-जसलाई दोष दिइएपनि यो सम्मेलन भंग भयो भन्ने कुरामा भने सबैको मतैक्यता थियो । सम्मेलनको अन्तमा यस संगठनकोलागि उपलब्धीको रूपमा नेपाल तथा कम्बोडियालाई नयाँ सदस्यको रूपमा आमन्त्रण गर्नु बाहेक केही रहेन ।

### विकासशील देशको एकता

विश्व व्यापार संगठनको यस सम्मेलनमा पहिलो पटक तेश्रो विश्वका देशहरूवीच अभूतपूर्व एकता देखियो । यसअघिका सम्मेलनमा विकसित देशहरूले विभिन्न डर तथा प्रलोभन देखाएर विकासशील सदस्य राष्ट्रहरूलाई आफ्नो पक्षमा ल्याउँदै आएका थिए भने यसपटक ब्राजिल, चीन, भारत, अर्जेन्टिना तथा दक्षिण अफ्रिकाको अगुवाइमा बाइस देशहरूको समूहले आफ्नो अडान सशक्त ढंगले राख्यो । अन्य ६१ गरीब देशहरूको समूहले पनि अमेरिकाले कपासमा दिँदै आएको अनुदान र त्यसले कपास उत्पादक साना किसानहरूमा ल्याएको जीविकाको संकटका बारेमा आफ्नो कुरा दह्रोसँग राख्यो । अमेरिका तथा युरोपेली समुदायहरूले यी समूहहरूलाई टुक्र्याउने प्रयास गरे । अमेरिकाले कपास उत्पादन गर्ने चार राष्ट्रहरूलाई छुट्टै बोलाएर फकाउने प्रयत्न गऱ्यो भने युरोपेली समुदायले २२ देशको समूहमध्येबाट ब्राजिल, भारत, चीन, दक्षिण अफ्रिका, अर्जेन्टिना जस्ता ठूला देशहरूलाई फकाउने प्रयत्न गऱ्यो । तर अफ्रिकी देशहरूको अडानको कारणले यी दुवै प्रयास सफल हुन सकेनन् । ब्राजिल, भारत तथा चीन जस्ता देशहरू केही सम्झौतामा पुग्न सकिन्छ कि भन्ने कुरामा अन्तिम समयसम्म पनि प्रयासरत थिए तर अफ्रिकी देशहरूले यसो हुन दिएनन् ।

तर यो भन्दा महत्वपूर्ण कुरा अमेरिकी नियत पनि थियो । चुनावको मुखमा आएर अमेरिकाको


क्यानकुनमा भएको विरोधको एक अंश

**विनाकुनै विकल्प अहिलेसम्मको अनुदान कटाउनु भनेको अमेरिकी शासकहरूको लागि चुनावी हिसाबले अलोकप्रिय कदम हुने थियो ।**

बुस प्रशासन कृषि अनुदान घटाउने र विकासशील देशहरूको कृषि उपजलाई आफ्नो बजारमा सजिलै प्रवेश दिने पक्षमा थिएन । अमेरिकी रिपब्लीकन प्रशासनमा ठूला ठूला कृषि उत्पादक कम्पनी तथा निर्यात व्यापारीहरूको बलियो समूहको बलियो पकड थियो । त्यसैले विनाकुनै विकल्प अहिलेसम्मको अनुदान कटाउनु भनेको अमेरिकी शासकहरूको लागि चुनावी हिसाबले अलोकप्रिय कदम हुने थियो । अमेरिकी प्रतिनिधिले बैकल्पिक प्रस्ताव त ल्याए तर यसको विषयबस्तु हेर्दा उनले यो सम्मेलनमा यो पारित हुनेछैन भन्ने जान्दाजान्दै ल्याएको प्रष्ट थियो । अमेरिका पनि यो सम्मेलन तेश्रो विश्वका देशहरूले चाहे जसरी सफल होओस् भन्ने चाहन्थेन । या आफ्नो हात माथि पार्ने या सम्मेलन फेल गराउने उसको रणनीति थियो ।

### कृषि अनुदान कि "कम्पनीहरूको कल्याण कोष" ?

विकसित देशमा कृषि उपजमा दिइने विभिन्न खाले अनुदान तथा यसको व्यापार, खासगरी अन्तर्राष्ट्रिय व्यापारमा लगाइने भन्सार महशूल दर नै क्यानकुन सम्मेलनमा विकसित र विकासशील देशहरूबीच कुरा नमिल्नाको मुख्य कारण थियो । अहिले विश्वभरि कृषि उत्पादन तथा निर्यातमा प्रतिबर्ष करीब ३०० अरब अमेरिकी डलर अनुदान दिइन्छ । यसको असी प्रतिशतभन्दा केही बढी युरोपेली समुदाय, अमेरिका तथा जापानले दिने गरेका छन् भने बाँकी २० प्रतिशतमध्ये अधिकांशचाहिँ चीन, दक्षिण अफ्रिका, ब्राजिल तथा भारत जस्ता ठूला विकासशील देशहरूले दिन्छन् । तर यो अनुदान वास्तवमा कसले पाउँछ त ?

एक जना आलोचकको शब्दमा कृषि अनुदान भनेको "कम्पनीहरूको कल्याण कोष" हो । विकसित देशहरूले आफ्नो देशका कृषि उत्पादकहरूलाई दिने उत्पादन तथा निर्यात अनुदान धेरैजसो ठूला ठूला बहुराष्ट्रिय कम्पनीहरूले कुम्ल्याउँछन् । अहिले विश्वमा उत्पादन हुने कृषि उपजमध्ये १० देखि १५ प्रतिशत मात्र निर्यात व्यापारमा जान्छ । कृषि उपजको कुल निर्यातमध्ये १९ प्रतिशत अमेरिकाको भागमा र १७.५ प्रतिशत युरोपेली समुदायको हातमा जान्छ भने अन्य १० जति देशरूले अरू हिस्सा ओगट्छन् । तर कृषि उपजको व्यापार सरकारहरूले गर्दैनन् । न त यो किसानहरू वा उनीहरूको संगठनहरूले नै गर्दछन् । यो त ठूला ठूला कम्पनीहरूले गर्छन् । त्यसैले निर्यात व्यापारका लागि दिइँदै आएको निर्यात अनुदान पनि उनीहरूले नै कुम्ल्याउँछन् । अमेरिकामा दिइने गरेको कृषि अनुदानको दुई तिहाइभन्दा बढी हिस्सा कार्गिल लगायतका केही ठूला कम्पनीहरूले प्राप्त गर्दछन् । यसको ज्यादै सानो हिस्सा मात्रै साना किसानहरूमा जान्छ । तर यसको मार खप्न उनीहरू पनि बाध्य छन् ।

यो अनुदानले गर्दा संसारभरि नै कृषि उपजको मूल्यलाई कम गराउने काम भएको छ । जहाँ जहाँ कृषि उत्पादन विश्व बजारसँग गाँसिदै गएको छ, त्यहाँ यसले उत्पादकहरूलाई ठूलो प्रभाव पारेको छ । सस्तोमा बजारमा सामान भित्रिएकाले स्थानीय उत्पादनहरूको मूल्यमा कमी आएको छ । तर यसबाट उपभोक्ताले सस्तोमा सामान पाएका पनि छैनन् । सन् १९९४ मा लागु भएको मेक्सिको, अमेरिका तथा क्यानडाबीचको खुला बजार सम्झौताको नौ बर्षको अनुभव संगालेका एकजना अमेरिकी साना किसानको विचारमा अमेरिकी साना किसानहरूले आफ्नो उन्नति निर्यात व्यापारबाट हुन सक्दैन भन्ने थाहा पाइसकेका छन् । खुला बजार भनेको, उनी भन्दछन्, अझ रसातलमा झर्ने उपाय मात्रै हो किसानको लागि । खुला बजारले गर्दा मेक्सिकोका मकै उत्पादकहरूको आम्दानी त घट्यो, तर उपभोक्ताले भने मकै सस्तो भएका कारणले सस्तो मकैको रोटी चाहिँ पाएनन् ।

नेपालमा बाहिरबाट आएको कृषि उपजले स्थानीय उत्पादनको मूल्यमा कस्तो प्रभाव पारेको छ भनेर बृहत्त अध्ययन त गरिएको छैन, तर फाट्टफुट्ट आउने समाचारहरूमा भारतीय राज्यहरू विहार, उत्तर प्रदेश तथा पश्चिम बंगालबाट सस्तोमा भित्रिने धानको कारणले नेपालमा उत्पादित धानको मूल्यमा आएको गिरावटका बारे चाहिँ थुप्रै पढ्न पाइन्छ । तर धानको मूल्यमा आएको गिरावटबाट उपभोक्ताले सस्तोमा चामल किन्न पाएको उदाहरण चाहिँ छैन ।

विश्व बजारसँग जोडिँदै जाँदा भारतबाट मात्रै होइन, अमेरिका लगायत अरू देशहरूबाट पनि धान, चामल भित्रिने छ । वास्तवमा यस्तो भैसकेको छ । संयुक्त राष्ट्र संघमार्फत संचालित कामको लागि खाद्यान्न कार्यक्रमअन्तर्गत आउने चामलले स्थानीय धानको मूल्यमा कमी ल्याएको कुरा विभिन्न समाचारपत्रहरूले केही समय पहिले उठाएका थिए । यस्तो चामल अमेरिका, युरोप तथा जापानबाट आउँछ । तर यो निःशर्त आउँदैन ।


**विजया दशमी २०६०** को उपलक्ष्यमा हाम्रा समस्त ग्राहक महानुभावहरू तथा देश-विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

HIMAL GAS

**हिमाल ग्याँस**

गौरीशंकर ग्याँस उद्योग प्रा.लि.

फ्याक्ट्री
साँगा, भैसेपाटी, काभ्रे, नेपाल

मानभवन, जाउलाखेल
फोन नं. ५५२५९००, ५५३५४१९ पो.ब.नं.-११००२, काठमाण्डौ

## डट्नेहरू

**तेश्रो विश्वका २२ देशहरुको समूह सदस्यहरु जसले क्यानकुनमा अमेरिका तथा युरोपेली समुदायको डटेर मुकाबिला गरे :**

अर्जेन्टिना, ब्राजिल, बोलिभिया, चिन, चिले, कोलम्बिया, कोस्टारिका, क्यूवा, इक्वेडोर, इजिप्ट, एलसाल्भाडोर, ग्वाटेमाला, भारत, मेक्सिको, पाकिस्तान, पारागुवे, पेरू, फिलिपिन्स, दक्षिण अफ्रिका, थाइल्याण्ड, टर्की, भेनेजुएला ।

अमेरिकाले दिने कामको लागि खाद्यान्न अन्तर्गतको एउटा मुख्य उद्देश्य अमेरिकी खाद्यान्नको बजार बढाउनु पनि हो, जसअन्तर्गत अमेरिकी सरकारले कम्पनीहरूसँग खाद्यान्न खरिद गर्दछ र त्यसलाई नै सहायताको रूपमा यता पठाउँछ । अमेरिकी कानून अनुसार अमेरिकी सरकारले दिने खाद्य सहायता अमेरिकाकै व्यापारीबाट किनेर मात्र दिन पाइन्छ, त्यसको सट्टामा पैसा दिएर सहायता पाउने देशले आफ्नै देशमा खाद्यान्न खरिद गर्न पाउँदैन । यसको मूल उद्देश्य अमेरीकी खाद्यान्नको विकासशील देशमा विस्तार गर्नु हो । नेपाली बजारमा अहिले विश्वभरिबाट फलफूलको रस, चिज, मख्खन, बिउ-बिजन, अन्नहरू, फलफूलहरू लगायतका कृषिजन्य वस्तु आयात हुने क्रम बढ्दो छ । काठमाण्डौका केही सुपर मार्केटहरूमा हेर्‍यो भने यो देख्न सकिन्छ । स्थानीय रूपमा उत्पादित तरकारीहरू बाहेक अहिले नेपालमा धेरै नै कृषिजन्य उत्पादनको आयात हुने गर्दछ ।

### किसानको हितको लागि के ?

व्यापारसम्बन्धी विवादमा अहिले वास्तवमा एउटा अनौठो नाटक मन्चन भएको छ । आफूलाई खुला व्यापारको पक्षधर भन्ने अमेरिकाले आफ्नो व्यापारलाई खुला गर्न चाहेको छैन भने केही समयसम्म खुला व्यापार र उदार अर्थतन्त्रको विरोध गर्ने र आर्थिक मामलामा राज्यको हस्तक्षेप जरूरी छ भन्ने देशहरू तथा संस्थाहरूचाहिं व्यापार अरू खुला हुनुपर्‍यो भनेर कराइरहेका छन् ।

बजार बढी खुला हुनु पर्दछ भन्ने कुरा गर्नेहरूको विरोधाभास यहीं देखिन्छ । अक्सफामले गरेको एउटा अध्ययनअनुसार विश्व व्यापार संगठनको कृषि सम्झौताको अमेरिका तथा युरोपेली समुदायले पूर्ण रूपमा पालना गरेर आफूले दिंदै आएको कृषि अनुदान हटाएमा करोडौं कृषकहरू गरीवीको रेखामुनिबाट माथि उठ्नेछन् । त्यसैको सिको गरेर विभिन्न गैर सरकारी संस्थाहरूले तथा **गार्डियन** जस्ता पत्रिकाहरूले पनि कृषि अनुदान हटाउनु पर्ने तर्क गरे । तर अन्तर्राष्टिय व्यापारमा केही सीमित उत्तरी क्षेत्रका देशमा अवस्थित बहुराष्ट्रिय कम्पनीहरूको नियन्त्रण कायम रहुन्जेल कसरी त्यो बढेको व्यापारको नाफा उत्पादक किसान सम्म पुर्‍याउन सकिन्छ भन्नेबारे भने कुनै विश्लेषण गर्ने गरेको पाइँदैन ।

कृषिमा दिइँदै आएको अनुदानले किसानको हित त गरेन गरेन, उल्टै उनीहरूलाई अरू बढी जोखिममा राखिदिएको छ, उनीहरूको उत्पादनको मूल्यलाई घटाएर । किसानको हितको लागि सरकारी अनुदान होइन, उचित मूल्य निर्धारण जस्तो कुरामा सहयोग आवश्यक हुन्छ । तर अहिलेकै विश्व व्यापार संगठनको नियमअनुसार सरकारले न्यूनतम मूल्य तोक्न पाइँदैन । वास्तवमा मूल्यको कुरामा मात्र होइन, कुनै पनि कुराले सरकारले किसानलाई सहयोग गर्न पाउने छैन । यति मात्र होइन, किसानहरूले संगठित भएर आफ्नो भाउ तोक्न पनि पाउँदैनन् । यसलाई गैरभन्सार महशुल अवरोध भनिन्छ ।

### नयाँ अर्थव्यवस्थाको खोजी : तलदेखि माथिसम्म

समस्याको जरो खालि उदारीकरणको नियमको पूर्ण पालना नहुनु मात्रै होइन । यो त वास्तवमा अहिलेको अन्धाधुन्द गरिने उदारीकरण नै हो । अहिलेको अर्थव्यवस्थामा छेउ परेका बहुसँख्यक तेश्रो विश्वका देशहरूका बहुसँख्यक मानिसहरूको आवश्यकता तथा समस्याहरूलाई सम्बोधन गर्ने हो भने विश्व व्यापार संगठनका अहिलेकै नियमहरूको पालना गरेर मात्रै सम्भव छैन । या त विश्व व्यापार संगठनलाई नै फ्याँक्नु पर्छ या यसका नियमहरूमा धेरै नै हेरफेर गर्नु पर्दछ । अर्थव्यवस्थाको कुरा गर्दा किसानको हित हुने अर्थव्यवस्था निर्माण गर्नु भनेको अहिलेको खुला बजारले निर्धारण गर्ने अर्थव्यवस्थाको निर्माण होइन । वास्तवमा अहिलेसम्मको अनुभवको आधारमा भन्ने हो भने बजार कहिले पनि खुला थिएन । यो त शक्तिशालीहरूका लागि खुला र कमजोरहरूका लागि बन्द थियो ।

सियाटलमा भएको तेश्रो र हालसालै क्यानकुनमा भएको पाचौं सम्मेलन विनाकुनै संझौता भंग हुनाले यो संस्था धराशायी त भएको छ । तर यो संस्था खत्तमै भए पनि उदारीकरणको गति रोकिहाल्ला भन्न सकिन्न ।

**या त विश्व व्यापार संगठनलाई नै फ्याँक्नु पर्छ या यसका नियमहरुमा धेरै नै हेरफेर गर्नु पर्दछ**


*क्यानकुनमा विरोध*


हाम्रा समस्त ग्राहक महानुभावहरू तथा देश-विदेशमा रहेका सम्पूर्ण नेपालीहरूमा **विजया दशमी २०६०** को उपलक्ष्यमा **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

नेपाल आयल निगम

**नेपाल आयल निगम लिमिटेड**


परिवार

अमेरिका तथा युरोपेली समुदाय दुवै विभिन्न देशहरूसँग, छुट्टाछुट्टै देशहरूसँग खुला व्यापार संझौता गर्न थालिसकेका छन् । हाम्रै छिमेकी देश भारतले पनि श्रीलंकासँग यस्तो सम्झौता गरेको छ भने अरू केही देशहरूसँग निकट भविष्यमा गर्ने योजना राखेको छ । यो अरू केही समय यस्तरी नै अघि बढ्ने छ, किनभने बहुसंख्यक देशहरू उदारीकरणको विरोधमा छैनन् । खाली यसको नियमको पालनाको कुरा मात्रै उठाइरहेका छन् । बहुसंख्यक देशहरूको राजनीतिमा ती मानिसहरू नै हावी छन्, जो बढ्दो खुला बजारबाट नाफा कमाउन सक्षम छन् वा छन् भन्ने सोच्दछन् वा त्यस्ता समूहहरूको हित प्रतिनिधित्व गर्दछन् ।

नागरिक स्तरको विरोधको कारणले सजिलै सम्झौता पालन होला भन्न गाह्रो छ । यो कुरा सियाटल र क्यानकुनले देखाएका छन् नै । तर विरोधले मात्रै पुग्नेवाला छैन अव ।

पहिलो काम, स्थानीय स्तरमा अहिलेको अर्थव्यवस्थामा छेउ लागेका मानिसहरूको संगठन निर्माण गर्नु आवश्यक छ । त्यसपछि स्थानीय आवश्यकता तथा प्रकृतिको दिगोपनलाई पहिलो प्राथमिकता दिने खालको अर्थव्यवस्थाको निर्माणको प्रकृयालाई अघि बढाउनु पर्छ । उत्पादक तथा श्रमिकहरूको आफ्नो जीवनमा बढीभन्दा बढी नियन्त्रणमा जोड दिने, स्थानीय आवश्यकता पूरा गर्ने र त्यसपछि मात्रै बाहिरी व्यापारमा लगेर आफूसँग नभएको चिजको आयात गर्ने श्रोत सृजना गर्ने लक्ष्यसहितको अर्थव्यवस्था निर्माण गर्ने प्रकृयालाई व्यापक नगरिकन खालि विरोध गरेर मात्रै पर्याप्त हुने छैन । यसको लागि उत्पादन प्रविधि, विउ-विजन, बजार व्यवस्थापन आदिमा बढी भन्दाबढी किसानहरू तथा अरू वास्तविक उत्पादकहरूको नियन्त्रण कायम गर्ने खाले उत्पादन तथा वितरण व्यवस्थाको आवश्यकता पर्दछ । त्यसको लागि स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनैतिक प्रकृयामा पनि वैकल्पिक अर्थव्यवस्थाको सवाललाई उठाउन राजनैतिक शक्तिको निर्माण पनि जरूरी हुन्छ । पेशेवर विश्लेषकहरू, बुद्धिजिवीहरू तथा अन्तर्राष्ट्रिय अभियानकर्ताहरूले यसमा सघाउन त सक्छन् ।

हालै क्यानकुनको सम्मेलनमा भेला भएका केही अभियानकारी संस्थाका प्रतिनिधिहरू, अनुसन्धानदाताहरू तथा किसान प्रतिनिधिहरूले साझा मन्चको रूपमा किसान अधिकार वकालत संजाल (Farmers' Rights Advocacy Network-FRANK) को स्थापना गरेका छन् । यस मन्चको लक्ष्य विश्वभरि किसानहरूको अधिकारको प्रवर्द्धन गर्नको लागि दवाव दिने रहेको छ । यो एउटा स्वागतयोग्य कदम हो । तर यस्ता प्रयासहरूको प्रभावकारिता त्यतिबेला मात्रै रहन्छ, ज्व तिनीहरूको जगमा उत्पादकहरूको वैकल्पिक प्रयास, उनीहरूको संगठन तथा उनीहरूको सहभागिता रहन्छ । नत्र यो खाली पेशेवरहरूको गफ गर्ने थलो मात्र हुने हुन्छ । ❑

## सोलार बिजुली प्रयोग गरौं, अँध्यारोमा नबसौं !

सूर्यको किरणलाई विद्युतीय शक्तिमा (बिजुलीमा) परिवर्तन गरी विद्युत उत्पादन गर्ने प्रक्रियालाई सौर्य विद्युत वा सोलार बिजुली भनिन्छ । एउटा घरमा एउटा सोलार प्यानेल र अन्य उपकरणहरू (जस्तै ब्याट्री, कन्ट्रोलर) राखी ३-४ वटा बत्ती बाल्न, रेडियो, क्यासेट बजाउन र टेलिभिजन हेर्न सकिन्छ । सम्पूर्ण जडान कार्य अलिकति प्राविधिक ज्ञान भएको व्यक्तिले एक दिनमै पूरा गर्न सक्दछ । एक चोटी जडान गरिसकेपछि ब्याट्रीमा समय समयमा डिष्टिल पानी थप्ने बाहेक अन्य मर्मत सम्भार गरिरहनु पर्दैन ।

सोलार प्यानेलहरू १० देखि २५ वर्ष ग्यारेन्टी गरिएका हुन्छन् र तिनीहरूले २५-३० वर्षसम्म राम्रोसँग काम गर्दछन् । ब्याट्रीको हकमा ४-६ वर्षपछि फेर्नु पर्ने हुनसक्छ । चीमहरू जलेमा मात्र फेर्नु पर्दछ । तसर्थ सौर्य विद्युतको संचालन खर्च न्यूनतम नै हुन आउँछ । शुरूको लगानी (करीव २०,०००/- देखि ३५,०००/- पर्छ) । यसमा सरकारबाट रू. ८,०००/- देखि १२,०००/- सम्म अनुदान पाइने हुनाले पूरै रकम ब्यहोर्नु पनि पर्दैन । बैंकबाट सस्तो ब्याजमा ऋणको व्यवस्था पनि छ । मट्टितेलको खर्चमा बचतका साथै टुकीको धुँवाबाट मुक्ति पनि पाइन्छ । बिजुलीले तपाईको घर सधैंलाई उज्यालो पार्नेछ ।

SEC सोलार इलेक्ट्रिसिटी कम्पनी (प्रा.) लि.

पोष्ट बक्स १२५१५, सोलार कम्प्लेक्स, बागबजार, काठमाण्डौ,
फोन : २२५२५३, २२७८७६, फ्याक्स : २२३८५१

मकालु यातायात बस सेवा — काठमाण्डौ, कलंकी, फोन नं. २७७५५२


### काठमाण्डौबाट बस जाने स्थान र बस छुट्ने समय

काठमाण्डौ - काकडभिट्टा- बिहान ५:०० बजे, भद्रपुर- ५:१० बजे, उर्लाबारी-मधुमल्ला- ५:२० बजे, विराटनगर- ५:४५ बजे, राजविराज- ६:०० बजे, सिरहा-माडर- ६:१५ बजे, मलंगवा- ६:३० बजे, विराटनगर दोस्रो- ६:४५ बजे, धरान- ७:०० बजे, जनकपुर- ७:२० बजे, गौर- ७:४० बजे, बिरगंज- ७:०५, ८:००, १०:००, १०:१५, ११:०० र १२:१५ बजे, कलैया- ८:०० र १०:१५ बजे, बरहथवा- ८:३० बजे, भरतपुर- ८:३०, ९:१५ र ११:४५ बजे, गितानगर- दिउँसो १:३० बजे, पर्साढाप-मेघौली- दिउँसो १:५५ बजे, नारायणगढ-विशालचोक - दिउँसो २:२० बजे, बिरगंज रात्री- बेलुका ८:१५ बजे

आरामदायी तथा भरपर्दो सेवाको लागि मकालु यातायातलाई सम्झनुहोस् !

# कलमविरुद्ध बन्दूकहरू

- विनोद ढुंगेल


फोटो सौजन्य : नेपाल समाचारपत्र

माओवादीले हात बाँधेर क्रूरतापूर्वक टाउको काटिएका पत्रकार ज्ञानेन्द्र खड्का

**सरकार-माओवादी** तेस्रो चरणको शान्तिवार्ता भंग भएपछिका दिनहरू नेपाली संचारकर्मीहरूका निम्ति अघिल्लो संकटकाललाई समेत बिर्साउने गरी उपस्थित भएका छन् । यसबीचमा माओवादी विद्रोही पक्षले एक पत्रकारको हत्या गरिसकेको छ भने राज्यपक्षले करिब तीन दर्जन संचारकर्मीहरूलाई गिरफ्तार गरिसकेको छ । विद्रोहीले संचारग्रामभित्रै बम विष्फोट गराएको छ भने राज्यपक्षले दुईजना पत्रकारहरूलाई बेपत्ता बनाएको छ ।

भदौ ११ गते नयाँ बानेश्वरबाट अज्ञात व्यक्तिहरूले अपहरण गरी बेपत्ता पारेका *साँघु साप्ताहिकका* सम्वाददाता रामहरि चौलागाईंको स्थिति अज्ञात छ । उनलाई शाही नेपाली सेनाले गिरफ्तार गरी बेपत्ता पारेकोसम्म जानकारी सार्वजनिक भएपनि राज्यपक्ष उनको स्थिति सार्वजनिक गर्नुपर्ने जिम्मेवारीप्रति मौन छ ।

त्यसको ठीक दश दिनपछि त राष्ट्रिय समाचार समितिका सिन्धुपाल्चोक-मेलम्ची प्रतिनिधि ज्ञानेन्द्र खड्काको हत्या नै भयो । ज्यामीरे गाविस-३ निवासी खड्कालाई उनले शिक्षण गर्ने गरेको स्थानीय विद्यालयको भलिबलको खम्बामा दुवै हात बाँधेर माओवादी कार्यकर्ताहरूले मार हानेका थिए । उनको हत्या गर्नुपर्ने औचित्य पुष्टि गर्न निक्कै प्रयास गरे पनि उनीहरूले सधैं रट लगाउँदै आएको जेनेभा महासन्धिको उल्लंघनको बचाऊ गर्न माओवादी सफल भएको छैन । सामान्य मानवीय संवेदनासमेत गुमाएर परिवारका सदस्य, विद्यालयका बालबालिका र जनसमुदायकै अगाडि दानवीय ढंगले छप्काइएका पत्रकार खड्काको हत्या नेपाली संचार जगतको निम्ति एक त्रासद दृश्य र गम्भीर चुनौती हो । उनको हत्याको औचित्य पुष्टि गरेर अपराध ढाक्न माओवादीको स्थानीयदेखि केन्द्रीय नेतृत्वले समेत निक्कै प्रयास गरे । स्थानीय नेतृत्वले १२ बुँदे अपराधपत्र सार्वजनिक गऱ्यो भने केन्द्रबाट स्थायी समितिका सदस्य डा. बाबुराम भट्टराईले पनि बचाउको प्रयास गरे । 'कतिपय पत्रकार... गरिमामय पेशाको कभरभित्र रहेर जघन्य आपराधिक क्रियाकलापमा संलग्न हुनेहरूलाई युद्धको क्रममा हदैसम्मको सजायँ दिनुपर्ने हुन्छ', खड्काको हत्याको दश दिनपछि दिनुभएको एक अन्तर्वार्तामा भट्टराईले दावी गर्नुभयो- 'तर त्यस्तो दण्डलाई सम्बन्धित पेशाविरूद्धको कारवाही भनेर बुझ्नु र उत्तेजनामा आउनु उचित हुँदैन ।'

कृष्ण सेनलाई राज्यले हत्या गरेकै महिना गत वर्षको जेठमा माओवादीद्वारा हत्या गरिएका कालिकोटका नवराज शर्मा 'वसन्त'को खबर मुलुकले दुई महिनापछि मात्र थाहा पाएको थियो । तर खड्काको हत्या-समाचार सोही दिन फैलियो । त्यसपछि सिर्जना हुनपुगेको माओवादीप्रतिको नकारात्मक प्रभावको क्षति डा. भट्टराईको शब्दमा 'जघन्य आपराधिक क्रियाकलाप'ले सिर्जना गरेको क्षतिभन्दा कैयौं गुणा बढी देखिएको छ । हत्या अपराधमा संलग्न हुने स्थानीय 'कमरेड'हरूलाई कारवाही गर्नुको साटो तिनको नृशंसताको पृष्ठपोषण गर्ने रवैयाका कारण माओवादीले प्रेसको महत्व र प्रभाव आंकलन गर्न नसकेको र दृष्टिकोणमा अनावश्यक हिंस्रक उग्रता रहेको स्पष्ट हुनपुगेको छ ।

सो घटनाको सर्वत्र विरोध गरियो । नेपाली संचारकर्मीहरूको छाता संगठन नेपाल पत्रकार महासंघले सो घटनाप्रति सार्वजनिक रूपमा क्षमा माग्न आह्वान गर्दै 'जनताको आवाज बन्द गराउन एउटा क्रियाशील संचारकर्मी र शिक्षकको घाँटी रेटेर हत्या गरिएबाट नेकपा (माओवादी) पूर्णतः आतंककारी क्रियाकलापतर्फ उन्मुख हुँदैगएको महासंघले ठानेको'सम्म टिप्पणी गऱ्यो । तर त्यसको तीन दिन नवित्दै भदौ २४ गते महासंघको केन्द्रीय कार्यालय रहेको संचारग्रामस्थित सूचना विभागको भवनमै माओवादी बम हमला भयो । विभागको महिला शौचालयमा गराइएको सो विष्फोटमा परी विभागकी एक महिला कर्मचारीसमेत घाइते हुन पुगिन् ।


उता माओवादीका निरन्तर आक्रमणहरूबाट अत्ताल्लिएको राज्यपक्ष पनि शत्रुवत् ढंगले उत्रिसकेको थियो । भदौ २२ गते राति कार्यालयबाट निवासतर्फ फर्किंदै गरेका *हिमालय टाइम्सका* पत्रकार प्रकाश सिलवाल र फोटो पत्रकार रोजन राईलाई सैनिकहरूले अभद्र व्यवहार गरे । उनीहरूले गाडीमा लात्ती हाने र पत्रकारद्वयलाई कठालो समातेर ओराल्दै अपशब्द प्रयोग गरे । उनीहरूले त्यो घटनाको समाचार प्रकाशित गरे 'ज्यान खतरामा पर्ने' धम्की समेत दिए ।

त्यसको भोलिपल्ट *जनधारणा साप्ताहिकका* कार्यकारी सम्पादक तथा *इमेज मेट्रो टेलिभिजनका* सह-सम्पादक शुभशंकर कँडेललाई अपरान्ह ७:३० बजे सादा पोसाकका १०-१२ जना सुरक्षाकर्मीहरूले वनस्थलीस्थित डेराबाट गिरफ्तार गरे । 'केही सोधपुछका लागि' भनेर उनलाई लग्दा लेनिन, माओ र पुष्पलालका कृतिहरूलगायत १८-२० वटा जति प्रगतिशील पुस्तक पनि लगियो । र, पत्रकार कँडेललाई राज्यले बेपत्ता पारेपछि अदालतको ढोका ढक्ढकाउनुपर्ने स्थिति उत्पन्न भयो ।

यसैगरी भदौ २५ गते पत्रकार महासंघ काठमाण्डौका साधारण सदस्य पुष्कल ढकाल र २७ गते *जनआस्था साप्ताहिकका* पत्रकार सीताराम बरालालाई गिरफ्तार गरेर केही दिन बेपत्ता बनाई रिहा गरियो । तर यसरी गिरफ्तार गर्दा उनीहरूलाई कुनै पक्राउ पुर्जी पनि दिइएन । गिरफ्तारीको कारण समेत नबताएर स्वेच्छाचारी चरित्र राज्यले प्रदर्शन गरिरह्यो ।

राज्य र विद्रोही दुवै पक्ष संचाकर्मीहरूका लागि अनेक ढंगले शत्रुवत् व्यवहार गर्न उद्यत छ । राज्यले प्रगतिशील साहित्यकार तथा प्रलेसंका केन्द्रीय सदस्य पूर्णविरामलाई बेपत्ता पारेर राखेको छ । यही असोज ४ गते राती युवा साहित्यकार नवीन विभासलाई सरकारले बेपत्ता पारेको छ । गत वर्ष चार महिना दश दिन हिरासतमा राखिएका धरानबाट प्रकाशित हुने *ब्लाष्ट टाइम्स दैनिकका* तत्कालीन सह-सम्पादक र हाल *विज्ञापन दैनिकका* कार्यकारी सम्पादक प्रेमबहादुर (पीबी) दियाली अहिले जिल्लामा बस्न सकेका छैनन् ।

काठमाण्डौबाहिर बसेर पत्रकारिता गर्नेहरूको स्थिति झनै नाजुक छ । हेटौंडाबाट प्रसारण भइरहेको *मनकामना एफ.एम.* असोजको तीन दिने नेपाल बन्दअघिका दिनहरूमा माओवादी र सुरक्षा अधिकारीहरूका कारण चपेटामा पऱ्यो । त्यहाँ काम गर्ने पत्रकार दीपक अधिकारीलाई दुवैथरीले विभिन्न ढंगले धम्की दिए । यहाँसम्म कि हरेक घण्टामा समाचार प्रसारण गर्न थालेको सो एफएमका प्रबन्ध निर्देशक समीर नेपाल दोहोरो चपेटाकै कारण रेडियो स्टेशन नै बन्द गर्नुपर्ने सम्मको निर्णयमा पुगे । माओवादी कार्यकर्ताहरूले म्याग्दीमा कार्यरत सम्पूर्ण पत्रकारहरूलाई माओवादीको हितमा हुनेगरी मात्र समाचार लेख्न दवाब दिंदै अन्यथा मृत्युदण्डसम्म हुनसक्ने चिट्ठी


*स्व. ज्ञानेन्द्र खड्का*

**उनको हत्या गर्नुपर्ने औचित्य पुष्टि गर्न निक्कै प्रयास गरे पनि जेनेभा महासन्धिको उल्लंघनको बचाऊ गर्न माओवादी सफल भएको छैन**

नै थमाएका छन् । नेपाल पत्रकार महासंघका पूर्व कोषाध्यक्ष शिवकुमार खड्काको सिराहास्थित घर र जग्गा-जमीन माओवादीकै कब्जामा छ भने रेडियो नेपालको मगर भाषाका समाचार वाचक धनबहादुर रोकाया मगर २०५९ साउन १६ गतेदेखि माओवादी कब्जामै छन् । बाँकेका पत्रकार रेशम विरहीलाई पनि माओवादीविरूद्ध नलेख्न धम्की दिइसकिएको छ ।

दोहोरो मारमा परेका यी सबै घटनाहरूबारे 'परिस्थितिको जटिलता'का कारण पीडित पत्रकारहरू नै सार्वजनिक गर्न अप्ठ्यारो मानिरहेका छन् । तापनि विरोधका स्वरहरू भने उठिरहेकै छन् । त्यसै क्रममा भदौ २५ गते राज्य र गैरराज्य दुवै पक्षद्वारा संचार जगतमाथि भएका हमलाहरूका विरूद्ध काठमाण्डौमा शान्तिपूर्ण विरोध प्रदर्शन भयो । मूलतः माओवादीले गरेको पत्रकार खड्काको हत्याविरूद्ध आयोजित सो प्रदर्शनमा समेत प्रहरीले हस्तक्षेप गरी ३१ जना पत्रकारहरूलाई गिरफ्तार गऱ्यो ।

स्पष्ट रूपमा पेशागत हक-हितको निम्ति सडकमा निस्केका पत्रकारहरूलाई गिरफ्तार गरेको भोलिपल्ट सरकारका प्रवक्ता सूचना तथा संचारमन्त्री कमल थापाले 'निषेधाज्ञा थाहा हुँदाहुँदै जुलूस प्रदर्शन गर्नुको अर्थ निषेधाज्ञा उल्लंघन गरेको देखाउनु हो' भनेर आरोप लगाए । जबकि उनकै पार्टीका अध्यक्ष पशुपति शमशेर जबराले भने असोज ४ गते आफ्नो एक अवधारणा सार्वजनिक गर्दै विचार र अभिव्यक्ति स्वतन्त्रता नेपाली संचार जगतले छोड्नै नसक्ने स्पष्ट पारिसकेका छन् ।

ओठे संवेदनशीलता देखाउनमा राज्य र विद्रोही दुवै पारंगत देखिएका छन् । ज्ञानेन्द्र खड्काको हत्या गर्नुलाई न्यायोचित ठान्ने माओवादीका नेता डा. भट्टराईले पनि पत्रकारहरूप्रति कम संवेदनहीनता देखाएका छैनन् । 'हाम्रोजस्तो सबैको मुक्ति र स्वतन्त्रताका निम्ति लड्ने पार्टी पत्रकारहरूको अभिव्यक्ति स्वतन्त्रता र जीवनरक्षाको प्रश्नमा झन् बढी संवेदनशील छ र सधैँ रहिरहने छ', डा. भट्टराईले भदौ ३१ गतेको एक अन्तर्वार्तामा भनेका छन् । तर व्यवहारमा भने सिंगो राज्यसत्ताका तमाम तह र तप्कामध्ये स्वतन्त्रतापूर्वक जनताको सुसूचनाको निम्ति कार्यरत संचारकर्मीलाई जासूस र सुराकीको नजरले हेर्ने मनोरोग राज्यकै अनुपातमा माओवादीभित्र संक्रमण भएको देखिन्छ ।

यो सन्दर्भमा मानवअधिकारको विश्वव्यापी घोषणापत्रको धारा १९ मा रहेको विचार र मतको स्वतन्त्रता, अन्य मानवअधिकारसम्बन्धी व्यवस्थाहरू र मृत घोषणा गरी नसकिएको वर्तमान संविधानद्वारा प्रदत्त हकहरू निकम्मा देखिएका छन् । जेनेभा महासन्धिको रट लगाउने माओवादी स्वर आवरणमात्र पुष्टि भएको छ । यसबाट व्यावसायिक मर्यादा र वैयक्तिक स्वतन्त्रता दोहोरो चपेटामा नराम्ररी चेप्टिएका छन् । तर यो नितान्त अस्वाभाविक भने हैन । पत्रकार महासंघका सभापति तारानाथ दाहालको शब्दमा 'हिंसामा विश्वास गर्नेहरूले जनताका स्वतन्त्र आवाजहरूलाई प्रतिनिधित्व गर्ने संचार जगतमाथि आक्रमण गर्नु स्वभाविक हो' तर यो आक्रमणविरूद्धको आवाजको कार्यमूलक निरन्तरता भने उत्तिकै अपरिहार्य भइरहन्छ । ❑

*(ढुंगेल नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य हुनुहुन्छ- सं.)*

यस कम्पनीको जिल्लास्थित विभिन्न कार्यालयहरुबाट विक्री-वितरण भइरहेको यूरिया, डि.ए.पि. र पोटासजस्ता रासायनिक मलको सन्तुलित प्रयोग गरी कृषि उत्पादनमा बृद्धि गर्न अनुरोध साथै **'विजया दशमी २०६०'**को सुखद् उपलक्ष्यमा समस्त नेपाली दाजुभाइ तथा दिदी-बहिनीहरुमा सुख, समृद्धि र उन्नतिको

**मंगलमय शुभकामना**

व्यक्त गर्दछौं ।

**कृषि सामग्री कम्पनी लिमिटेड**

परिवार

## मोहनबिक्रम र संग्रौलाबारे

विविध सामग्रीयुक्त 'मूल्यांकन' मासिकको भदौ-असोज अंकलाई एउटा स्तरीय संयोजन भन्न सकिन्छ । राजनीतिदेखि चलचित्रसम्मका विषयहरु यसमा विश्लेषित छन् । तर पनि 'मूल्यांकन'को मूलपक्ष भने राजनीतिक अग्रगमनको पक्षमा यसले गर्ने गरेको बौद्धिक कसरत नै हो । यस्तो कसरतअन्तर्गत प्रस्तुत अंकमा श्याम श्रेष्ठको आवरण कथा, डा. प्रकाशचन्द्र लोहनी र कमरेड प्रचण्डका दुई पृथक विचार संवाहन गर्ने अन्तर्वार्ताहरु, पाँच दलको आन्दोलनबारे समीर थापाको सूचनामूलक टिप्पणी र अमर गिरीको दृष्टिकोण उल्लेखनीय छन् । तर अहिले चाहिँ म यहाँ दुई मझौला विषयहरुमा आफ्नो प्रतिक्रिया लेख्दैछु ।

सामान्यतः सधैँजसो नरम शब्दावलीमार्फत् मलुवा प्रकारको आलोचना गर्ने लेखक हरिगोविन्द लुइँटेलको टिप्पणी यस अंकको उल्लेखनीय सामग्री हो । कुनै न कुनै प्रकारले सधैँ आफ्नो कुरा माथि पार्ने र आफूमा रहेको वैचारिक त्रुटिलाई कहिल्यै देख्न नसक्ने मोहनविक्रम सिंहरुपी भविष्यद्रष्टालाई उहाँले यसपटक दह्रो झापट हान्नु भएको छ । संविधानसभाको विपक्षमा कुदिरहेका मोहनविक्रम सिंहलाई हरिगोविन्दजीको टिप्पणीले थोरै भए पनि झकझक्याउने छ भन्ने आशा गर्न सकिन्छ । आफ्नो डम्फुको तालमा आफैं सम्मोहित भएर आफूबाहिरका यावत् घटनाहरुलाई बेवास्ता गर्ने लठ्ठकमा रुपान्तरित हुनबाट मोहनविक्रमलाई जोगाउने हो भने हरिगोविन्दजीजस्ता नरमपन्थीले पनि गरमपन्थी हुनुपर्दो रहेछ भन्ने कुरा 'फुटवादी भविष्यद्रष्टाहरु सफलतातिर ?' पढेपछि स्पष्ट हुन्छ । वामपन्थी आन्दोलनको लामो इतिहासले निर्माण गरेको मोहनविक्रम सिंह भन्ने नामलाई धूलिसात् हुन नदिन अब स्वयं मोहनविक्रमले सोच्नुपर्ने बेला आइसकेको छ ।

अर्थहीन वार्ताको अर्थहीन अन्त्य भन्ने खगेन्द्र संग्रौलाको विचारचाहिँ यस अंकमा प्रष्टसँग खट्किएको विचार हो । सबै सचेत नेपाली नागरिकले सरकार-माओवादी वार्तालाई अर्थहीन होइन, अर्थपूर्ण वार्ताका रुपमा हेरेका हुन् । संविधानसभाजस्तो विषयलाई आमजनतादेखि ब्यापारीवर्गसम्म फैलाएर त्यस विषयप्रति समर्थनको दायरा वृद्धि गर्नुका साथै शान्तिप्रतिको जनताको विशाल चाहनालाई उजागर गर्नेजस्ता थुप्रै अर्थमा त्यो वार्ता अर्थपूर्ण नै थियो । असफलता र अर्थहीनता एउटै विषय होइनन् भन्ने कुरो संग्रौलाजस्ता लेखकलाई सम्झाइरहनु नपर्ने हो, तर पनि सम्झाउनु परेकोमा विस्मात लागेको छ ।

यस अंकमा टिप्पणीयोग्य विषयहरु अरु पनि छन्, आगामी दिनहरुका निम्ति तिनलाई सुरक्षित राख्दै यो टिप्पणी यहीं अन्त्य गर्दछु ।

-निमेष उपाध्याय
*गीतानगर, चितवन ।*

## वार्ता र आन्दोलनमाथि टिप्पणी

नेपालका लागि कस्तो नराम्रो समय आएको हो कुन्नी । वार्ता पनि गतिलोसँग भएन, युद्धविराम भंग भयो, वार्ता पनि टुट्यो । आन्दोलन पनि सफल भइरहेको छैन । सडक नाटकभन्दा चुत्थो भयो, संसद्वादी पार्टीहरुको आन्दोलन ।

वार्ता पनि भाँडिने, आन्दोलन पनि सफल नहुने अनि प्रतिगामी र देशी-विदेशी शक्तिहरु चाहिँ झन् झन् बलियो हुने ! यस्तो स्थिति किन आयो, कसले ल्यायो ? यो विषयमा 'मूल्यांकन'ले देशी-विदेशी अनुभवहरुको रिपोर्ट र सारसंग्रह प्रकाशित गर्नुपर्छ ।

-रमेश थापा 'विवश'
*बागबजार, काठमाण्डौं*

## के यो संकटकाल हो ?

संकटकालमा मात्रै हामी आमनागरिकहरुलाई कहीं हिंडडुल गर्न निकै गाह्रो थियो । तर अहिले संकटकाल घोषणा नहुँदा नहुँदै पनि बाटोमा हिंडन साह्रै नै अप्ठ्यारो भइरहेको कुरा सबैले दिनरात महसुस गरिरहेकै छन्, मैलेजस्तै । यसरी हेर्दा के लाग्छ भने यहाँ सदा सदाका लागि संकटकाल लागू गरिएको छ ।

बाटोमा हिंडनु भनेको खानतलासी, अपमान, घोचपेच र लामो समयको निरर्थक पर्खाइको अर्को नाम हुनथालेको छ । के यो संकटकालको निरन्तरता होइन ? के यस्तो निरर्थक खानतलासीको बारेमा राजनीतिक पार्टी र नागरिक समाजले केही बोल्नु र विरोध गर्नुपर्ने जनताको समस्या होइन ।

बाटोमा हिंड्दाको स्थिति यस्तो छ भने घरमा पनि बसिनसक्नुको डरलाग्दो अवस्था आइसकेको छ । कुन बेला घरमा खानतलासी लिइने हो, मार्क्सवादसम्बन्धी किताबहरु पनि माओवादीका दस्तावेजका रुपमा दर्ज गरी गिरफ्तार गरिने हो र वाम विचार राखेकै कारणले राज्यको कोपभाजनमा पर्ने हो, केही भन्न नसकिने अवस्था आइसकेको छ । के यो समस्यामाथि वामपन्थी पार्टीहरुले सरकारलाई चेतावनी दिनुपर्ने होइन र ? मलाई विश्वास छ हाम्रा वामनेताहरु 'मूल्यांकन'का पाठक हुनुहुन्छ भने उहाँहरुले मेरो गुनासो पक्कै पढ्नुहुनेछ ।

-अशोक बमजन
*विर्तामोड, झापा*


DAEWOO
नयाँ वर्ष मोडेल मूल्य
उच्च प्रविधि, उत्कृष्ट टिभी
30 MONTHS WARRANTY
FREE VOLTAGE 90-240v
100 CHANNELS
4 SPEAKERS WITH LINE STEREO
DIGITAL TECHNOLOGY
FULL FUNCTION REMOTE CONTROL
CHILD LOCK
2 A/V In/Out
ON TIMER SLEEP TIMER
Digital Cubic Sensor
DVD Ready
21D4 (Rs. 17,000/-)
20D4 (Rs. 15,800/-)
14D4 (Rs. 11,600/-)
21D9 (Rs. 19,500/-)
20D9 (Rs. 18,000/-)
21U8 (Rs. 27,500/-)
25G5 (Rs. 30,500/-)
29G4 (Rs. 39,000/-)
CURVES/04578/03
Authorized Daewoo Dealers:
Kathmandu: International Sound Service, Star Plus Electronics, Shrestha Radio Concern, Voice & Vision, Surya Trade Concern, Monami Video, Electronics Home, V & V Audio Video, Music Hut; New Baneshwor: TV World, Kalika Electronics; Chabahil: Kuldeep Home Appliances Center; Dilli Bazaar: Hans TV Center; Bhaktapur: S & S Electronics, Suryabinayak; Shyam Electronics, Kamalbinayak; Kalanki: Electronic TV House; Balaju: National Electronics; Lalitpur: Silu Electronics, Patan Electronic Centre; Lagankhel: Patan TV Center; Kumaripati: Paramount Himalayan Trade Links; Trishuli: Samundra Radio Service; Dhading: Bhairabi TV Center; Illam: Govinda Electronics; Birtamode: Bansal TV Center; Damak: Acharya Electronics; Urlabari: Naveen Kota; Dharan: Light House; Itahari: New Pathivara Electronics; Biratnagar: Arun Electronics/Abhisek; Rajbiraj: New Gajananda Traders; Gaighat: GC Suppliers & Traders; Katari: Prashant Electronics; Lahan: Music & Vision House; Bayelbas: Jagadamba Enterprises; Sindhuli: Kshitiz Electronics; Janakpur: Preeti Enterprises; Malangwa: Malang Baba Traders; Birgunj: R.K. Emporium; Hetauda: Shrestha Electricals and General Suppliers, Om Sai Electronics; Narayanghat: Trimurti Radio & Watch Pasal; Gorkha: Sakriya Radio Pasal; Lamjung: Lamjung TV World; Damauli: National Radio Service; Pokhara: Gautam Electric & Electronics Center; Kushma: Kaligandaki Cable Networks; Baglung: Baglung Electronics; Waling Bazaar: Gandaki Electronics & Gift Center; Galyang Bazaar: Nishu Gift House; Palpa: Sri Nagar Suppliers; Bhairhawa: Shangrila International, Butwal: Kumari Audio Video & Home Appliances; Argakhachi: Lumbini Suppliers & TV Bikri Kendra; Lamahi: Bhusal Electronics; Ghorahi: Vijaya Electronics; Vishwo Jyoti Electricals & GeneralOrder Suppliers, Tulsipur: Shree Ram TV Center; Nepalgunj: Delta Electronics; Surkhet: Maa Durga Emporium; Dhangadi: Dinesh Electronics; Mahendranagar: Chataut Trading, Munal Electronics; Banepa: MS Electronics; Charikot: Rainbow Electronics; Ramechap: Srijana Electronics.
Gokarna Organisation
Assembled in Nepal By: NIM ELECTRONICS PRIVATE LIMITED
नेपालको सर्वाधिक बिक्री हुने टिभी
DAEWOO
नेपालको नं १ COLOR TELEVISION
* Some features are only on select models.

ल.प.जि.प्र.का. द.नं. ९९/०४९/५०    म.क्षे.हु.द.नं. १२ ०५० ५१

